
# विद्यालय शिक्षा क्षेत्रको योजना - २०८१-२०९१

२०८१

सिरीजङ्गा गाउँपालिका, ताप्लेजुङ




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**स्थानीय सरकार**

**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ**

**कोशी प्रदेश, नेपाल**

**२०८१**

**संरक्षक**

- श्री लाल कृष्ण चौहान, गाउँपालिका अध्यक्ष
- श्री डा. चित्र कुमार लिम्बू, गाउँपालिका उपाध्यक्ष
- श्री मधुर नेपाली, प्रमुख प्रशासकीय अधिकृत

**गाउँ शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरू :**

- श्री लाल कृष्ण चौहान, गाउँपालिका अध्यक्ष
- श्री बम प्रसाद गौतम: सदस्य
- श्री सिता भट्टराई: सदस्य
- श्री रुपदास भट्टराई: सदस्य
- श्री रुकमान थेबे: सदस्य
- श्री मधुर नेपाली: सदस्य
- श्री संजिव सिंह: सदस्य सचिव

**शिक्षा योजना लेखन समूहका पदाधिकारीहरू**

- संयोजक : श्री रुकमान थेबे
- सदस्य: श्री विजय कुमार माबो
- सदस्य: श्री राम कुमार माबो
- सदस्य : श्री चन्द्रकला पालुङ्वा
- सदस्य : श्री अन्जान थेबे
- सदस्य: श्री मनोज उप्रेती
- सदस्य: श्री संजिव सिंह

**प्रकाशक**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ**

**प्रमाणित मिति**

२०८२।०३।२६
**प्रकाशन मिति**
२०८२।०३।२७

## दुई शब्द

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभूत आवश्यकताका साथै मौलिक हकको रूपमा स्थापित हुन आउँछ । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका हुन आउँछ । व्यक्तिको आनीबानीमा परिवर्तन गरी सामाजिकीकरण गर्दै राष्ट्र निर्माणमा यसले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सबैका लागि शिक्षा सहज एवम् पहुँच र निरन्तरताको सुनिश्चितता गर्दै शिक्षालाई सर्वसुलभ, सर्वव्यापी, जिवनोपयोगी प्रतिस्पर्धी र गुणस्तरीय बनाउन आवश्यक हुन आउछ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई व्यक्तिको मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा पाउने व्यवस्था गरेको छ । माध्यमिक तहसम्मको शिक्षाको संचालन व्यवस्थापन रेखदेख एवम् नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको र जनताका सबैभन्दा नजिकको सरकार स्थानीय तह भएकोले जनतालाई परिवर्तन गराउनु र सर्वसुलभ गुणस्तरीय जीवन उपयोगी शिक्षा उपलब्ध गराउन आफ्नो कर्तव्य हुन आउँछ । सिरीजङ्घा गाउँपालिकामा जननिर्वाचित सरकार आइसकेपछि पहिलो प्राथमिकतामा शिक्षालाई राखेपछि पहुँच, भर्ना टिकाउ, सिकाइ सुनिश्चितता, गुणस्तर, सुशासन र व्यवस्थापनमा विशेष ध्यान दिएको छ । यिनै कुराहरूलाई ध्यान दिई शिक्षामा प्रत्येक आ.व. मा स्थानीय तहबाट लगानी वृद्धि गर्दै अनौपचारिक शिक्षा एवम् विद्यालय शिक्षाविशेष जोड दिइएको छ । विशेषत  सामुदायिक विद्यालयको शैक्षिक सुधार गरी गुणस्तरको सुनिश्चितता गर्दै विद्यालयमा समुदायको सहभागिता बढाउनु आवश्यक हुन आउँछ भने अल्पसङ्ख्यक विशेष आवश्यकता भएका बालबालिकाहरूलाई भित्र्याउने र टिकाउने समस्या एकातिर छ भने पोषण, जीवनपर्यन्त सिकाइ प्रविधिसँग अभिभावक विद्यार्थी र शिक्षकलाई जोड्नु, समाजमा देखिने विकृति एवम् विसङ्गतिलाई शिक्षाको माध्यमबाट विद्यालय व्यवस्थापनका पक्षमा सुधार गर्नु पर्ने चुनौतीपूर्ण पक्ष रहेको छ । गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्यनजर गरी आगामी १० वर्षभित्र विद्यालय शिक्षामा व्यापक सुधार गरी शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्नुपर्ने अवस्था रहेको छ । यसै कुरालाई मध्यनजर गरी यस गाउँपालिकाले आधुनिक समाजको निर्माण साथै विद्यालय विकास र गुणस्तरीय शिक्षा प्रदान गर्न १० वर्षे शैक्षिक योजनाको निर्माण गरेको छ । यस योजनाले शिक्षाका मुद्दाहरूलाई सम्बोधन गर्ने आशा लिएको छु ।

श्री लालकृष्ण चौहान

गाउँपालिका अध्यक्ष

शुभकामना

नेपाली जनताको त्याग, तपस्या र बलिदानीले मलुकमा गणतान्त्रिक राज्य व्यवस्थाको प्राप्ति भएसँगै संविधान सभाबाट बनेको नेपालको संविधान, २०७२ ले शिक्षालाई नागरिकको नैसर्गिक अधिकारको रूपमा स्थापित गरेको छ। त्यति मात्रै हैन नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको एकल अधिकार स्थान तहमा प्रत्यायोजन गरेसँगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने दायित्व र जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भई आएको छ। संवैधानिक रूपमा अधिकार प्रत्यायोजन भएता पनि स्पष्ट योजना, नीति नियम तथा कानुनको अभावले गर्दा अहिले शिक्षा क्षेत्रमा अस्तव्यस्तता एवम् अन्यौलता देखिएको छ। तिनै शिक्षा क्षेत्रमा देखिएका शैक्षिक अन्योलता र बेथितिहरूलाई व्यवस्थापन एवम् समाधान गर्नका लागि एउटा उपयुक्त योजनाको आवश्यकता पर्ने महसुस यस गाउँपालिकाले यो दशवर्षीय शिक्षा योजना (२०८१/०८२-२०९१/०९२) तयार पारेको छ।

शिक्षाको बहुआयामिक महत्त्वलाई आत्मसात गर्दै हाम्रो संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधारको आधारशिलाका रूपमा लिइने शिक्षालाई विश्वभर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने महत्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिएको छ। शिक्षालाई आम जनताको पहुँचमा पुर्याउन एकातिर सामुदायिक शिक्षा प्रणाली प्रभावकारी तवरले अगाडि बढाउनुपर्ने छ भने अर्कोतिर गुणस्तरीय, जीवनोपयोगी, व्यवसायिक र प्राविधिक शिक्षाको प्रबन्ध गर्दै समग्र विकासका लागि आवश्यक जनशक्ति गाउँपालिकाभित्रै उत्पादन गर्न जोड दिनुपर्ने स्थिति छ। युवा विद्यार्थी, अभिभावकहरूलाई पालिकामै गुणस्तरीय शिक्षा र रोजगारीको सुनिश्चितता गरी विश्वास जगाउनु आजको आवश्यकता रहेको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, न्यून शिक्षक भएका विद्यालयहरूमा गाउँ अनुदानका शिक्षक दरबन्दीको व्यवस्थापन, बालविकास केन्द्रहरूको स्थापना तथा बालविकास सहजकर्ताहरूको व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन तथा सुधार, शिक्षक तालिम कार्यक्रम, शैक्षिक सामग्री व्यवस्थापन तथा नियमित विद्यालय अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन लगायतका विविध शैक्षिक कार्यक्रमहरूलाई यस गाउँपालिकाले उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएको कुरा अवगत गराउन चाहन्छु। त्यसैगरी यस योजनाले पनि विगतका कार्यहरूको समीक्षा गर्दै विद्यमान राम्रा कार्यक्रमहरूलाई नछुटाउने गरी शिक्षाका विभिन्न उपक्षेत्रगत रूपमा शैक्षिक क्रियाकलापहरू समावेश गरी यस योजना तयार पारिएकाले आगामी दिनहरूमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरू थप योजनाबद्ध, सुव्यवस्थित लाभदायी एवम् प्रभावकारी हुने कुरामा कुनै दुईमत छैन। साथै यस योजनाको कार्यान्वयनका लागि विभिन्न साझेदार निकायहरूसँग पनि समन्वय, सहकार्य र साझेदारी गरिने भएकाले योजनामा समावेश भएका शैक्षिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनमा सहजता हुने अपेक्षा राखेको छु।

अन्त्यमा यस सिरीजङ्घा गाउँपालिकाको दशवर्षीय शिक्षा योजना निर्माणमा खटिने यस गाउँपालिकाका शिक्षा शाखा प्रमुखज्यू, गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू, प्राविधिक सहयोग गर्नु हुने योजना निर्माण कार्यदलका सदस्यहरू लगायत सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छु। साथै यस योजनाको प्रभावकारी कार्यान्वयनमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै यसको सफल र फलदायी कार्यान्वनयमा आआफ्नो तह र तप्काबाट सहयोग गर्नुहुन सम्बन्धित सरोकारवाला सबैलाई आग्रह समेत गर्दछु।

धन्यवाद !

डा. चित्र कुमार मावो

उपाध्यक्ष

शुभकामना

शिक्षा मानव सभ्यताको जननी हो । शिक्षाले व्यक्ति, परिवार र समाजका हरेक पक्षको गुणात्मक सुधारसहित समग्र राष्ट्रको विकासमा महत्वपूर्ण योगदान गरिरहेको हुन्छ । त्यसैले यसलाई देश विकासको बलियो आधार पनि भनिन्छ । देशको विकासका लागि पहिलो पूर्वाधारका रूपमा रहेको शिक्षालाई गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधान २०७२ ले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनी मौलिक हकको व्यवस्था गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । संवैधानिक रूपमा यति व्यवस्था हुदाँ हुँदै पनि शिक्षा क्षेत्रमा सङ्घीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संशोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनुले शिक्षा क्षेत्रको विकासमा थुप्रै अन्यौलताहरू देखिएका छन् । तथापि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अनुसूची ८ ले दिएको शिक्षासम्बन्धी २२ वटा अधिकारहरूको कार्यान्वयनका लागि यस गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न नयाँ अभ्यास तथा कार्यक्रमहरू सञ्चालन गर्दै आउनुका साथै शैक्षिक व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक स्थानीय शिक्षा ऐन, शिक्षा नियमावली, कानुन, नीति तथा कार्यविधि तर्जुमादेखि तिनको कार्यान्वयनमा सिरीजङ्घा गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भइरहेका छन् । विगतका वर्षदेखि शिक्षाको क्षेत्रमा गाउँपालिकाले उल्लेखनीय प्रगति गरेको छ । प्राथमिक विद्यालयहरूमा विद्यार्थीहरूको भर्नादर बढेको छ । शिक्षामा न्यून गुणस्तर र असमान पहुँच, भौगोलिक विकटता, लिङ्ग, र आर्थिक-सामाजिक तथा जातीय भिन्नताहरू आदि समस्याहरू शिक्षामा व्याप्त छन् । गरिबी, सामाजिक बहिष्करण, अपाङ्गता, बसाइँसराइ, बाल श्रम, सामाजिक मूल्य मान्यताहरू तथा लैङ्गिक भेदभाव आदिका कारण सबै बालबालिका विद्यालयमा भर्ना हुन र नियमित उपस्थित हुन सक्दैनन् । त्यसैले शैक्षिक विकासको गतिलाई निरन्तरता दिदै आगामी दिनहरूमा थप व्यवस्थित, योजनाबद्ध र प्रभावकारी शैक्षिक विकासका लागि यस क्षेत्रमा देखिएका विद्यमान चुनौती तथा समस्याहरूलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि यस शिक्षा योजना निर्माण गरिएको छ ।

सिरीजङ्घा गाउँपालिकालाई शैक्षिक विकासको नमुना पालिकाको रूपमा विकास गर्ने उद्देश्यका साथ तयार पारिएको यस गाउँ शिक्षा योजनामा पहुँचयोग्य र समावेशी तथा प्रविधिमैत्री अनिवार्य तथा निशुल्क विद्यालय शिक्षाको सुनिश्चितता, गुणस्तरीय भौतिक पूर्वाधारहरूको विकास, पेशाप्रति प्रतिबद्ध दक्ष जनशक्तिको व्यवस्थापन, उपयुक्त तथा युग सुहाउँदो निरन्तर शिक्षा, गुणस्तरीय उच्च शिक्षा तथा सिपयुक्त र व्यवहारिक प्राविधिक शिक्षा जस्ता शिक्षाका उपक्षेत्रगत कार्यक्रमहरू अनुमानित बजेटसहित समावेश गरिएकाले यस योजनाको प्रभावकारी कार्यान्वयनबाट यस गाउँपालिकाको गुणस्तरीय शैक्षिक विकास हुने अपेक्षा लिएको छु । अन्त्यमा सिरीजङ्घा गाउँपालिकाको सुधार र विकासको रोडम्यापको रूपमा रहेको यस दशवर्षीय शिक्षा योजना निर्माणमा खटिने यस गाउँपालिकाका शिक्षा शाखाका राष्ट्रसेवकहरू, गाउँपालिकाका जनप्रतिनिधिज्यूहरू, गाउँ शिक्षा समितिका पदाधिकारीज्यूहरू, योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्यज्यूहरू लगायत सम्बद्ध सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनमा सदा तत्पर रहने प्रतिबद्धतासहित सहयोगका लागि सरोकारवालाहरू सबैमा हार्दिक अपिल गर्न चाहन्छु ।

डम्बर बहादुर आङ्देम्बे

प्रमुख प्रशासकीय अधिकृत

## हार्दिक आभार

शिक्षा प्रणाली सिङ्गो सामाजिक प्रणालीको एक उप-प्रणाली हो । व्यक्तिको सर्वाङ्गीण विकास गरी समाज रूपान्तरणमा शिक्षाको अहम् भूमिका हुन्छ । रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक एवम् जीवनोपयोगी शिक्षाको माध्यमबाट सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुऱ्याइएको हुन्छ । अतः शिक्षा प्रणाली स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको एक शैक्षिक पद्धति हो । उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँपालिकाको शैक्षिक उन्ययनको लागि गाउँ शिक्षा योजनाको आवश्यकता महसुस भएको हो ।

सिरीजङ्घा गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति, आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषतासहितको प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम स्थल हो । गाउँपालिकाको भूगोल, हावापानी, प्रकृतिक स्रोत र सम्पदा, सामाजिक, साँस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय पक्षको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र पूर्ण उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ । शिक्षालाई सिपसँग, सिपलाई उद्यमसँग, उद्यमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक उन्नतिसँग जोडी सुन्दर, सभ्य र समृद्ध सिरीजङ्घा निर्माणका लागि टेवा पुऱ्याउने उद्देश्यसहित दश वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको छ ।

योजनाको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता/ उद्देश्यहरू हासिल हुन सक्दछ। तसर्थ यो योजनाको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ। यसका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका क्रममा नवीनतम शैलीहरूको अवलम्बन गरी विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी सिकाइ सहजीकरण गर्नु पर्दछ । बालमैत्री सिकाइ वातावरण निर्माणको लागि आवश्यक वित्तिय व्यवस्थापन, विपद् उत्थानशील भौतिक संरचना निर्माण सिकाइ अनुकूल वातावरण निर्माणसँगै मानव पुँजिको निर्माण गर्न यो योजना उपयोगी हुनेछ भन्ने कुरामा गाउँपालिका पूर्ण विश्वस्त छ ।

योजना निर्माण समिति र उपसमिति गठन, विज्ञहरूसँगको परामर्श, स्थानीय सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् समिति, उपसमिति, प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र सङ्घ/संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी लगायत गाउँ शिक्षा योजना निर्माणका निर्धारित चरणहरू पूरा गरी यो दश वर्षे योजना निर्माण गरिएको हो । यस प्रक्रियामा सक्रिय सहभागी भई योगदान पुऱ्याउनु हुने योजना निर्माण समितिका सदस्यहरू, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरूप्रति गाउँपालिका हार्दिक आभारसहित विशेष धन्यवाद ज्ञापन गर्दछ । यो योजनालाई पुनरावलोकन गरी प्राविधिक तथा व्यावहारिक दृष्टिकोणबाट अमूल्य सल्लाह सुझाव प्रदान गरी यस स्वरूपमा ल्याउन महत्त्वपूर्ण योगदान दिनु हुने युएसएआइडी प्रारम्भिक कक्षा सिकाइका जितेन लिम्बूप्रति विशेष धन्यवाद प्रकट गर्दछौँ।

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
सिरीजङ्घा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय तेल्लोक, ताप्लेजुङ

**विषयसूची**

दुई शब्द ....................

प्राक्कथन ....................

योजनाको सारांश ....................

क) विषय प्रवेश ....................

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ....................

ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ....................

घ) शिक्षा योजना निर्माणका आधार ....................

ङ) शिक्षा योजना निर्माण प्रक्रिया ....................

च) योजनाको लेखाजोखा ....................

छ) योजनाको दस्तावेजको स्वरूप ....................

परिच्छेद १ : परिचय .................... १

१.१ वर्तमान अवस्था .................... १

क. भौगोलिक अवस्थितिको विश्लेषण .................... २

ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषण .................... २

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण .................... ३

घ. आर्थिक अवस्थाको विश्लेषण .................... ५

ङ. शैक्षिक अवस्थाको विश्लेषण .................... ५

१. २ मुख्य समस्या तथा चुनौतिको विश्लेषण .................... ११

क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण .................... ११

ख) शिक्षा क्षेत्रको चुनौतीका SWOT विश्लेषण .................... १२

परिच्छेद २ : दूर दृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य .................... १३

२.१ स्थानीय शिक्षा योजना विकासको आधार .................... १३

२.२ दूर दृष्टि .................... १४

२.३ लक्ष्य .................... १४

२.४ उद्देश्य .................... १४

२.५ रणनीति .................... १४

२.६ कार्यनीति .................... १५

परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू .................... १७

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ........ १७
३.१.१ वर्तमान अवस्था ........ १७
३.१.२ उद्देश्य ........ १८
३.१.३ रणनीति........ १८
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १९
३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ १९
३.२ आधारभूत शिक्षा ........ २०
३.२.१ वर्तमान अवस्था ........ २१
३.२.२ उद्देश्य ........ २२
३.२.३ रणनीति........ २२
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ २४
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ २४
३.३ माध्यमिक शिक्षा........ २६
३.३ .१ वर्तमान अवस्था ........ २६
३.३.२ उद्देश्य ........ २७
३.३.३ रणनीति........ २८
३.३.४. प्रमुख उपलब्धि तथा नतिजा ........ २९
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ३०
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ........ ३२
३.४.१ वर्तमान अवस्था-........ ३२
३.४.२ उद्देश्य ........ ३३
३.४.३ रणनीति- ........ ३३
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ३४
३.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य........ ३४
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ३५
३.५.१ वर्तमान अवस्था-........ ३६
३.५.२ उदेश्य ........ ३६
३.५.३ रणनीति- ........ ३६
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ३७

३.५.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य........................................३८
परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र........................................३९
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामाग्री तथा मुल्याङ्कन........................................३९
४.१.१ वर्तमान अवस्था........................................३९
४.१.२ उद्देश्य........................................४०
४.१.३ रणनीति........................................४०
४.१.४. प्रमुख उपलब्धि तथा नतिजा........................................४१
४.१.५. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................४१
४.२ शिक्षक व्यवस्थापन तथा विकास........................................४२
४.२.१ वर्तमान अवस्था........................................४३
४.२.२ उद्देश्य........................................४४
४.२.३ रणनीति........................................४४
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा........................................४४
४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................४५
४.३ शैक्षिक समता र समावेशीकरण........................................४७
४.३.१ वर्तमान अवस्था........................................४७
४.३.२ उद्देश्य........................................४८
४.३.३ रणनीति........................................४८
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा........................................४९
४.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................५०
४. ४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम........................................५१
४.४.१ वर्तमान अवस्था........................................५१
४.४.२ उद्देश्यहरू........................................५२
४.४.३ रणनीति........................................५२
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा........................................५३
४.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........................................५४
४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता........................................५५
४.५.१ वर्तमान अवस्था........................................५५
४.५.२ उद्देश्य........................................५६

४.५.३ रणनीति....................................................................................................५६

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................५६

४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .....................................................................५७

४.६  विद्यालयको भौतिक पूर्वाधार विकास ........................................................................५८

४.६.१   वर्तमान  अवस्थाः ...............................................................................................५८

४.६.२ उद्देश्य..........................................................................................................५९

४.६.३ रणनीति....................................................................................................५९

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................५९

४.६.५  प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ...................................................................६०

४.७  शिक्षामा सूचना तथा सञ्चार प्रविधि .........................................................................६१

४.७.१ वर्तमान अवस्था ...............................................................................................६१

४.७ .२ वर्तमान   उद्देश्य ...............................................................................................६२

४.७.३ रणनीति....................................................................................................६२

४.७.४   प्रमुख उपलब्धि तथा नतिजा....................................................................................६२

४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .....................................................................६३

परिच्छेद ५:  सुशासन तथा व्यवस्थापन ................................................................................६५

५.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.......................................................................६५

५.१.१ वर्तमान अवस्था ...............................................................................................६५

५.१.२ उद्देश्य..........................................................................................................६६

५.१.३ रणनीति....................................................................................................६६

५.१.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................६६

५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .....................................................................६७

५.२. स्थानीय शिक्षा योजना कार्यन्वयनको प्रबन्ध ..........................................................................६८

५.२.१ वर्तमान अवस्था ...............................................................................................६८

५.२.२ उद्देश्य..........................................................................................................६९

५.२.३ रणनीति....................................................................................................६९

५.२.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................६९

५.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य.....................................................................७०

परिच्छेद ६  लगानी र स्रोत व्यवस्थापन ................................................................................७१

६.१ वर्तमान अवस्था ....................................................................................................................७१
६.२ उद्देश्य ....................................................................................................................७५
६.३ रणनीति....................................................................................................................७५
६.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................................७६
६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....................................................................................................................७६
६.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ....................................................................................................................७६
६.७ योजना कार्यन्वयनका लागि वार्षिक योजना ....................................................................................................................७९
परिच्छेद ७ अनुगमन र मूल्याङ्कन ....................................................................................................................८१
७.१ वर्तमान अवस्था ....................................................................................................................८२
७.२ उद्देश्य ....................................................................................................................८२
७.३ रणनीति....................................................................................................................८३
७.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................................८३
७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य....................................................................................................................८४
अनुसूचीहरू
....................................................................................................................
सन्दर्भ सामग्रीहरू ....................................................................................................................

# योजनाको सारांश

## क. विषय प्रवेश

मानिसले आफ्नो इन्द्रियद्वारा अनुभूत गरेका भौतिक र अभौतिक वस्तुको संरचना र गतिको ज्ञान तथा मष्तिष्क मन्थनद्वारा प्राप्त अन्तरदृष्ट्रीय ज्ञान अनि पुस्तान्तरणमार्फत मानव ज्ञानको दायरा गर्ने आधार नै शिक्षा हो । शिक्षाले मानव जीवनयापन सहज र सुखी बनाउनुका साथै नवीतम् सोच र चिन्तन विकासमा सहयोग गर्दछ । मानिसले विभिन्न तरिकाले प्राप्त गरेका ज्ञान, सिप र अनुभव एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै जाने क्रममा औपचारिक तथा अनौपचारिक शिक्षाको प्रार्दुभाव भएको हो । आजको युगमा शिक्षा एक योजनाबद्ध प्रक्रियाको रूपमा प्रतिस्पर्धात्मक रूपबाट अगाडि बढिरहेको छ । युग सापेक्ष, मानवीय आवश्यकता सापेक्ष, वैज्ञानिक तथा व्यवहारिक शिक्षा प्राप्त गर्नु हरेक नागरिकको नैसर्गिक अधिकार हो भने यस्तो शिक्षाको सुनिश्चितता प्रदान गर्नु सरकारको दायित्व हो । आफ्नो क्षेत्राधिकारभित्र प्राप्त साधन स्रोतको आधारमा प्राथमिकताहरू निर्धारण गरी विविध कार्यक्रमहरूद्वारा आवश्यकता पूरा गर्न गराउन वस्तुनिष्ठ योजनाको आवश्यकता पर्दछ । शिक्षा क्षेत्रमा गरिने लगानीलाई योजना बमोजिम कार्यक्रमहरू सञ्चालन गरी साझा उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूबिच हातेमालो गर्दै एकिकृत प्रणालीबाट शिक्षालाई प्रभावकारी बनाउन वस्तुनिष्ठ योजना अनुरूप हुन जरुर पर्दछ । यसै बमोजिम सिरीजङ्घा गाउँपालिकाले आगामी १० वर्षको लागि लक्षित गर्दै यो शिक्षा योजना तयार गर्न र सो अनुरूप कार्यन्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्ने लक्ष्य लिइएको छ ।

देश सङ्घीयतामा गएर राज्य पुन:संरचनासँगै माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिइएको सन्दर्भमा सिरीजङ्घा गाउँपालिकामा सञ्चालित माध्यमिक तहसम्मको विद्यालयहरूको स्तर वृद्धि, भौतिक व्यवस्थापन, आर्थिक सुशासन मार्फत् अनुशासित र गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दायित्व सिरीजङ्घा गाउँपालिकाको रहेको छ । उच्च शिक्षालाई सुदृढीकरण गर्दै प्राविधिक, व्यवसायिक र प्राज्ञिक जनशक्ति उत्पादन गर्न अनुसन्धानमा आधारित शिक्षा प्रदान गर्न आवश्यक आधार तयार पार्न यो शिक्षा योजना केन्द्रित रहेको छ । शैक्षिक हिसाबले विभिन्नतामा रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई समतामूलक सिकाइ वातावरण सिर्जना गरी माध्यमिक तहसम्मको गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने उच्च शिक्षाको आधार निर्माण गर्न स्थानीय साधन स्रोतको अधितम उपयोग गरी शैक्षिक भौतिक, व्यवस्थापकीय र आर्थिक मानकमा सकरात्मक सुधार गर्दै गाउँको विकासमार्फत सुखी नेपाली समृद्ध नेपालको लक्ष्य हासिल गर्ने गराउने उद्देश्यका साथ यो गाउँ शिक्षा योजनाको तर्जुमा गरिएको हो ।

## ख.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका विभिन्न नियम र कानुनहरूको अधिनमा रही स्थानीय सरकारले आफ्ना योजनाहरू तयार पारी कार्यन्वयन गर्न पाउने व्यवस्था रहेको छ । यसै आधारमा स्थानीय तहबाट विद्यालय शिक्षामा गरिने योजनाबद्ध प्रयासबाट मात्र शिक्षामा सुधार आउने वातावरण बन्नेछ । किनभने स्थानीय चाहना, आवश्यकता र समस्याहरू पहिचान गरी सोको सम्बोधन हुने गरी स्थानीय सहभागितामा बनाइने शैक्षिक योजनाप्रति स्थानीयको अपनत्व बढ्ने हुँदा यो बढी कार्यान्वयन योग्य हुन्छ र अपेक्षित उपलब्धि सजिलै हासिल गर्न सकिन्छ र शिक्षामा सुधार हुन्छ । यस खालको योजनाबद्ध कार्यबाट स्थानीय तहमा विद्यालय सञ्चालन तथा व्यवस्थापन, समता वा समावेशीकरण, शिक्षक व्यवस्थापन, विद्यालय स्वास्थ्य तथा पोषण, विपत् जोखिम न्यूनीकरण, स्रोत व्यवस्थापन, विद्यालय अनुगमन तथा निरीक्षण जस्ता विविध पक्षहरूले प्राथमिकता साथ योजनामा स्थान पाई कार्यन्वयनमा आउँछन् र त्यसबाट शिक्षाको समग्र पक्षमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

यस सिरीजङ्घा गाउँपालिका क्षेत्रमा मात्र नभएर समग्र देशभरि नै शिक्षाको गुणस्तर वृद्धिका लागि हाम्रा असिमित आवश्यकताहरू छन् तर सिमित स्रोत साधनको अधितम प्रयोग गरी प्राथमिकता प्राप्त क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न शिक्षा योजनाको आवश्यकता पर्नुका साथै महत्त्वपूर्ण समेत हुन जान्छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई भएकाले स्थानीय तहले उपलब्ध सिमित स्रोत साधनको अधितम उपयोग गरी शिक्षा विकासमा जनताको चाहना पूरा गर्न निर्धारित शैक्षिक लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न शिक्षा योजना तर्जुमा र कार्यान्वयन आवश्यक छ । जसबाट यस गाउँपालिका क्षेत्रको समग्र शैक्षिक उन्नतिमा महत्वपूर्ण उपलब्धि हासिल हुनेछ ।

## ख. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

अहिलेको परिवेशमा शिक्षालाई जीवन उपयोगी, प्रतिस्पर्धी एवम् संस्थागत बनाउँदै गुणस्तरीय शिक्षा सबै वर्गको समातामूलक पहुँचका लागि नीति तथा कार्य योजनाको आवश्यकता पर्दछ । यसका लागि नेपालको संविधानले दिएको तीन तहको शासकीय स्वरूप अनुसार आ-आफ्ना अधिकारभित्र रहेर शिक्षा लगायत सबै प्रकारका क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ । जस अनुसार तीनै तहबिच समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्त अनुरूप कार्य गर्न संविधानले नै मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षासम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण जिम्मेवारी हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालशिक्षादेखि माध्यमिक तहसम्मको शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा, वैकल्पिक सिकाइका तरिकाहरू लगायत सामुदायिक शिक्षासम्बन्धी नीति निर्माण, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन आदि कामहरू स्थानीय तहको क्षेत्राधिकारभित्र रहेको कुरा उल्लेख गरेको छ । सामुदायिक, संस्थागत, निजी, गुठी, सहकारी विद्यालय स्थापना, सञ्चालन, अनुगमन, अनुमति, अनुगमन तथा मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, कार्यान्वयन, नियमन लगायतका कार्यहरू पनि स्थानीय तहको अधिकारभित्र पर्दछ । यसलाई योजनाबद्ध ढङ्गबाट सञ्चालन गर्न स्थानीय सरकारको अहम् भूमिका रहेको हुन्छ ।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्य पुन:संरचना र अधिकार बाँडफाँड, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेन्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौँ योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । यसै आधारमा शिक्षा प्राप्त गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समातामूलक बनाउन यो शिक्षा योजनाको आवश्यक परेको हो । नेपाल सरकाद्वारा जारी विभिन्न नीति नियमहरूले शिक्षा क्षेत्रमा स्थानीय सरकारको जिम्मेवारीलाई उल्लेख गरेको पाइन्छ ।

## घ. शिक्षा योजना निर्माणका आधार

यस सिरीजङ्घा गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका लागि निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान २०७२
ख) सोहौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) सिरीजङ्घा गाउँ शिक्षा ऐन तथा शिक्षा नियमावली
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यस गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । यसका लागि यस गाउँपालिका अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गरिएको छ । यस शिक्षा योजना निर्माणका क्रममा गर्दा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्ने योजना बनाइएको छ ।

### ङ. शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको आमूल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यकता पर्दछ । यस योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको सहभागिता, सुझाव संकलन तथा Review को लागि गाँउ शिक्षा योजना निर्माणका लागि तपसिल बमोजिमको प्रक्रिया अबलम्बन गरिएको छ ।

- शिक्षा शाखा प्रमुख तथा योजना शाखा पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि आ.व.२०८०।८१ मा युएसएआइडी प्रारम्भिक कक्षाको सिकाइ मार्फतबाट २ दिने क्षमता विकास तालिम प्रदान गरिएको थियो ।
- मिति २०८१।०४।२३ को बैठकले लालकृष्ण चौहान संयोजकत्वमा गाँउ शिक्षा योजना निर्माणका लागि ७ सदस्य भएको एक योजना निर्माण समिति र रुकमान थेवेको संयोजकत्वमा गाँउ शिक्षा योजना निर्माणका लागि ७ सदस्य भएको एक योजना लेखन कार्यदल बनेको
- मिति २०८१।०४ ।२३ र २४ योजना निर्माणको लागि युएसएआइडी प्रारम्भिक कक्षाको सिकाइको प्राविधिक सहयोगमा शिक्षा योजना लेखन कार्यदलको समीक्षा बैठक सञ्चालन, अभिमुखीकरण कार्यक्रम र लेखन कार्यशाला सञ्चालन भएको
- मिति २०८१।०६। १५ मा लेखन कार्यदलको दोस्रो बैठक तथा लेखन कार्यशाला सञ्चालन गरी थप लेखनको लागि जिम्मेवारी बाँडफाँड गरिएको
- मिति २०८१।०७।१०–१४ सम्म लेखन कार्यदलको नेतृत्वमा अन्तिम मस्यौदा तयारको लागि लेखन कार्यशाला सञ्चालन गरिएको

- शिक्षा शाखाको नेतृत्वमा तथा लेखन कार्यदलबाट नियमिति रूपमा शैक्षिक तथ्याङ्कहरू संकलन विश्लेषण भएको ।
- पहिलो मस्यौदा माथी सबै सरोकारवालाहरूको सहभागितामा सुझाव संकलन कार्यशाला मिति २०८१।१०।२५गते सञ्चालन गरिएको ।
- गाउँपालिकाको कार्यपालिकाले यस योजनालाई अनुमोदन गरेको थियो र मिति २०८२।०३ ।२६ गते  कार्यपालिकाबाट स्वीकृति भएको ।

## ङ. योजनाको लेखाजोखा

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तरसम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय,प्रदेश, स्थानीय दुरदृष्टि, उद्देश्य र लक्ष्य अनुरुप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरूको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ? |

| | | |
|---|---|---|
| | | • योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

### च. योजनाको दस्तावेजको स्वरूप

शिक्षा क्षेत्र योजना (२०८१/८२ देखि २०९०/९१सम्म) कुनै तहको मात्रै योजना नभई यो शिक्षा क्षेत्रको समग्र योजना हो । यसमा पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षेत्रसँग सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समावेश गरिएको छ । यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई क्रमबद्ध रूपमा समावेश गरिएको छ । पाँचौँ परिच्छेदमा समावेश गरिएको संस्थागत संरचनाको विकासमा तीनै तहको सरकारको संरचना तथा क्षमता विकास, योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समावेश गरिएको छ। यसैगरी, छैठौँ परिच्छेदमा लगानी तथा स्रोत व्यवस्थापन तथा अन्तिममा योजनामा समावेश भएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र स्रोत पहिचान तथा योजनाको नतिजा खाकालाई समावेश गरिएको छ । यस योजनाले आगामी १० वर्षभित्र यस गाउँपालिकाको शिक्षामा उल्लेख्य विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीति तय गरेको छ। पञ्चवर्षीय योजना

निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशिता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् सङ्कटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, विद्यालयमा स्वच्छ पिउने पानी, छात्र र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानीसहितका शौचालय, आधारभूत विद्यालयका मातहतका कक्षा र माविहरूमा विज्ञान, गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री सिकाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित सिकाइ व्यवस्थापन र नमूना बालविकास बनाउन सिकाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समावेश गरिएको छ। यसैगरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेलाको आयोजना, पालिकाबाटै नमुना माध्यमिक विद्यालय सञ्चालन, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामग्री प्रदान, परीक्षालाई पालिका स्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ । यसैगरी दरबन्दी मिलान र कक्षा समायोजनमार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजना1हरू समावेश गरिएको छ ।

यस योजनाको कार्यान्वयनका लागि तीनै तहका सरकारको लगानी सहित शिक्षामा सिरीजङ्घा गाउँपालिकामा पाँच वर्षका योजनाका लागि कुल २ अर्ब उनन्चास करोड एक्कासी लाख ५५ हजार बजेट अनुमान गरिएको छ । यसरी योजनाको प्रभावकारी कार्यान्वयन पश्चात हासिल हुने अपेक्षित उपलब्धिमा चारवर्ष उमेर पूरा भएका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममार्फत कक्षा १ का लागि तयारी, पाँचदेखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पूरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरूलाई समावेश गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था

प्रत्येक व्यक्तिले मर्यादित एवम् सम्मानजनक जीवन जिउन पाउनु पर्छ । यसका लागि शिक्षा अत्यावश्यक हुन्छ । शिक्षालाई व्यक्ति, राष्ट्र विकास, समृद्धि र सुशासनको मूल आधारका रूपमा लिइन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गर्छ । व्यक्तिमा उचित ज्ञान सिप तथा दक्षता विकास गर्छ । विकसित ज्ञान सिपका आधारमा श्रम बजारमा उपलब्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ । शिक्षाले प्रत्येक व्यक्तिलाई मर्यादित एवम् सम्मानजनक जीवन जिउन अत्यावश्यक दक्षता विकास गर्छ । समाजमा विभिन्न प्रकारका विभेद तथा असमानताको अवस्था रहन्छ । शिक्षाले समाजमा हुने आर्थिक एवम् सामाजिक असमानताको अवस्थामा सुधार गर्छ । समतामूलक समाज विकासमा शिक्षाले महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । शिक्षाको यही मान्यतालाई आधार बनाई नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने संवैधानिक हक रहेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले शिक्षालाई उच्च प्राथमिकता प्रदान गरेका छन् । यी व्यवस्थाहरूको सही कार्यान्वयनमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न हक समेत संविधानले प्रत्याभूत गरेको हुँदा शिक्षा देशको प्रमुख प्राथमिकता क्षेत्रभित्र रहँदै आएको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको साथै सङ्घीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, १५औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारलेआफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ । प्रचलित नियम र कानुन तथा अधिकार र कर्तव्यलाई आत्मासात गर्दै शिक्षालाई प्रभावकारी बनाउन सिरीजङ्घा गाउँपालिकाको शिक्षा ऐन, २०७९ (संशोधनसहित) जारी गरिएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा सङ्घ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपत् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

हरेक आ.व.मा स्थानीय सरकारले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगामी दिनमा एकमुष्ट सङ्घीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आफैले वार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ । हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरूको सम्बोधनका लागि पनि व्यवहारिक रूपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ । यही सन्दर्भमा राज्यको शिक्षासम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पूरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरू पूरा गर्न गाउँपालिकाको आफ्नो परिवेशअनुसारको शिक्षा क्षेत्रको योजना तयार गर्नु आजको आवश्यकता रहेको छ ।

विद्यालय शैक्षिक सुशासन कायम गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न साथै स्पष्ट शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न विद्यालय स्तरमै पुगी विद्यालयको विविध पक्षको अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई अभियानकै रूपमा सञ्चालन गरिएको छ । बढ्दो बसाइँसराइ दर घट्दो जन्मदर र अभिभावकहरूको निजी विद्यालयप्रतिको आकर्षणले सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या न्यून भएका कारण धैरै विद्यालयहरू बन्द हुने अवस्थामा रहेका छन् । यो अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रका विद्यालयहरूको गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाको सामाजिक विकास शाखा, शिक्षा समितिबाट त्रैमासिक रूपमा अनुगमन गरी प्रतिवेदनको कार्यपालिका बैठकमा समीक्षा गर्ने व्यवस्था मिलाएको छ । साथै आगामी आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र सम्पूर्ण विद्यालयहरूको अनुगमन/मूल्याङ्कन गरी विद्यालयहरूको मर्जर तथा स्तर घटुवा गर्ने कार्यलाई अगाडि बढाउने नीति लिएको छ । बढ्दो बसाइँसराइ दर घट्दो जन्मदर र अभिभावकहरूको निजी विद्यालयप्रतिको आकर्षणले सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या न्यून भर्ना दर हुने कार्यलाई कम गर्न ऐन तथा नियमावलीमार्फत नवजात शिशुहरूको उज्जल भविष्यको लागि बिउ पुँजिको रूपमा कम्तिमा १५ वर्षसम्म कोष खडा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । साथै यस

गाउँपालिमा बसाइँसराइ गरी आउने र सामुदायिक विद्यालयमा छोरा छोरीलाई भर्ना गराई पठनपाठन गराउने परिवारलाई निःशुल्क घटना दर्ता तथा उचित पुरस्कारको व्यवस्था मिलाएको छ। यसैको परिधिमा रहेर यस गाउँपालिकाले आफ्नो शिक्षा योजना क्षेत्रको सुधार तथा विकासको लागि यो योजना तयार गरेको छ।

## क) भौगोलिक अवस्थितिको विश्लेषण

कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ जिल्लाको ९ वटा स्थानीय तहमध्ये एक स्थानीय तह हो, यस सिरीजङ्घा गाउँपालिका। ताप्लेजुङको १ नगरपालिका र ८ वटा गाउँपालिकामध्ये सबैभन्दा पुर्वी सिमानामा रहेको यस सिरीजङ्गा गाउँपालिकाको नाम यस गाउँपालिकाको वडा नं. ४, साविकको गा.वि.स. तेल्लोक वडामा (१७ शताब्दीतिर हालको सिनाम, आम्बेगुदिन, तेल्लोक र पेदाङका सम्पूर्ण भागलाई सिनाम भनिन्थ्यो) जन्मिनु भएका लिम्बू भाषा तथा लिपिको सर्जक तथा संरक्षक त्येअङ्सी सिरीजङ्घा सिङ थेवे (१७०४-१७४१ ई.सा. पूर्व) को योगदानलाई कदर गर्दै यस गाउँपालिकाको नाम सिरीजङ्घा गाउँपालिका रहन गएको हो। यो गाउँपालिका २७°२१'५०" उत्तरी अक्षांश र ८७°५०'५६" पूर्वी देशान्तरमा फैलिएको छ भने समुन्द्री सतहबाट ७५० मिटरदेखि ८५८६(कञ्चनजङ्घा हिमाल) मिटरको उचाइसम्ममा रहेको छ। यो गाउँपालिकाको कुल क्षेत्रफल ४८१.०९ वर्ग कि.मी. रहेको छ भने २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १४११४ रहेको छ। प्रशासनिक तथा भौगोलिक रूपमा यस गाउँपालिका जम्मा ८ वटा वडामा साविकका गा.वि.स. (सिनाम, आम्बेगुदिन, सिकैँचा, तेल्लोक, पेदाङ, मामाङ्खे, खेवाङ र याम्फुदिन) हरूमा विभाजन गरिएको छ भने यस गाउँपालिकाको गाउँ कार्यपालिका रहेको केन्द्र साविकको गा.वि.स. तेल्लोक, हाल ४ नं. वडामा अवस्थित रहेको छ। यो गाउँपालिकाको पूर्वमा सिदिङ्वा गा.पा. र भारत, पश्चिममा याङ्वरक गा.पा. र फुङलिङ न.पा., उत्तरमा फक्ताङलुङ गा.पा. र दक्षिणमा पाँचथर जिल्ला पर्दछ। विश्वको तेस्रो र नेपालको दोस्रो अग्लो हिमाल कञ्चनजङ्घा (८५८६ मिटर) हिमाल यसै गाउँपालिकाको वडा नं. ८, याम्फुदिनमा अवस्थित रहेको छ, जसलाई वर्षेनी विदेशी तथा स्वदेशी पर्यटकहरू दक्षिण मोहोडा हुँदै पैदल बाटो सुकेटार-लालीखर्क-खेसेवा-मामाङ्खे-याम्फुदिन-चैराम-ओक्टाङ हुँदै कञ्चनजङ्घा आधार शिविर पुग्ने गर्दछन। अधिकांश लिम्बू जातिको बसोबास भएता पनि अन्य जात, जाति, भाषा, संस्कृती आदिको सम्मान गर्ने परिपाटि तथा जैविक विविधता, प्राकृतिक सुन्दरता, धार्मिक तथा ऐतिहासिक, जलस्रोतमा धनी गाउँपालिकाको रूपमा यस सिरीजङ्घा गाँउपालिकालाई लिन सकिन्छ। कञ्चनजङ्घा संरक्षण क्षेत्र ,कञ्चनजङ्घा हिमाल र पदमार्ग, पर्वतारोहण तथा साहसिक यात्रा, पाथीभरा पैदल मार्ग, सिरीजङ्घा मन्दिर र गुफा, डाँडा गाँउ शिवालय मन्दिर, किराँतेश्वर मन्दिर (राष्ट्रिय विभूति श्री फाल्गुनन्दद्वारा होम होमादी गरेको स्थान), प्रभु थुम्का, काबेली नदीमा सम्भावित –ऱ्याफ्टिङ तथा कायोकिङ, बारुले पोखरी, लिम्बू सङ्ग्रहालय मामाङ्खे, तातोपानी ( सिरीजङ्घाद्वारा स्नान गरिएको), साना पाथीभराहरू, राँके औखलढुङ्गा तावाटार, खुर्पे ढङ्गा आदि प्राकृतिक आश्चार्य तथा आकर्षक गन्तव्य पर्यटकीय क्षेत्रको रूपमा रहेको छ।

## ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १४,११४ रहेको छ। जसमध्ये पुरुष ५०.८ प्रतिशत र महिला ४९.२ प्रतिशत रहेका छन्। सोही अनुसार लैंगिक अनुपात प्रति १०३.४० रहेको छ। जनघनत्व २९ जना प्रति वर्ग किलोमिटर रहेको छ भने ३२५५ घरधुरी रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको विवरण तलको तालिकामा रहेको छ। त्यसैगरी यस गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्या विवरण तलको ग्राफमा राखिएको छ।

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ८७६ | ९०० | १७७६ |
| २ | १३९५ | १३३० | २७२५ |
| ३ | ९२५ | ८९१ | १८१६ |
| ४ | १२०३ | १११५ | २३१८ |
| ५ | ८०० | ७६६ | १५६६ |
| ६ | ५१३ | ५०९ | १०२२ |
| ७ | ११०० | १०८१ | २१८१ |
| ८ | ३६३ | ३४७ | ७१० |
| जम्मा | ६८१२ | ६५९२ | १४११४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

दिइएको तथ्याङ्कलाई हेर्दा सिरीजङ्घा गाउँपालिकाको वडागत जनसङ्ख्या, वडा २ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ, जहाँ पुरुष १३९५ र महिला १३३० गरी जम्मा २७२५ जनसङ्ख्या छ। वडा ४ मा १२०३ पुरुष र १११५ महिला गरी जम्मा २३१८ जनसङ्ख्या छ। वडा ७ मा ११०० पुरुष र १०८१ महिला गरी जम्मा २१८१ जनसङ्ख्या छ। वडा १ मा ८७६ पुरुष र ९०० महिला गरी जम्मा १७७६ जनसङ्ख्या छ। वडा ३ मा ९२५ पुरुष र ८९१ महिला गरी जम्मा १८१६ जनसङ्ख्या छ। वडा ५ मा ८०० पुरुष र ७६६ महिला गरी जम्मा १५६६ जनसङ्ख्या छ। वडा ६ मा ५१३ पुरुष र ५०९ महिला गरी जम्मा १०२२ जनसङ्ख्या छ। सबैभन्दा कम जनसङ्ख्या वडा ८ मा रहेको छ, जहाँ ३६३ पुरुष र ३४७ महिला गरी जम्मा ७१० जनसङ्ख्या छ। कुल जनसङ्ख्या १४११४ रहेको छ, जसमा ६८१२ पुरुष र ६५९२ महिला छन्।

### ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस सिरीजङ्घा गाउँपालिकाका अधिकांश जनसङ्ख्या लिम्बू जातिको भए तापनि अन्य जात, जातिको समेत उल्लेख्य रूपमा उपस्थिति रहेको छ। समान सह-अस्तित्वको भाव अनुरूप हिमाली भेग याम्फुदिनमा राई, गुरुङ, शेर्पा लगायतका जातजाति बस्ने गर्दछन् जसको आफ्नै भाषा, लिपि, धर्म, पेसा, संस्कार, भेषभुषा, गरगहना, खानपिन, लोकनाच र लोकपरम्पराहरू रहेका छन्। यसै गरी यस गाउँपालिकाको केन्द्र तथा आसपास वडाहरूमा लिम्बू तथा खस-आर्य जात जातिको उत्तिकै सङ्ख्यामा उपस्थिति रहेकोमा लिम्बू जातिहरूको धान नाच, च्याब्रुङ नाच, चासोक तङनाम, कक्फेक्वा तङनाम, पालाम, हाक्पारे जस्ता लोक मौलिक परम्परा रहेको छन भने अन्य खस आर्य जात, जातिहरूको मौलिक लोक परम्पराको रूपमा देवाली पूजा, श्री कृष्ण प्रणामी, हरि धर्म, दशैं-तिहार, धामी बसाउने, विभिन्न देव देवी पूजा आदि रहेको छ। यस्तै गरी मगर, तामाङ, सुनुवार, भुजेल, कामी, दमाई, सार्की आदि जातिहरू पनि यस गाउँपालिकामा प्रशस्तै रहेका छन्।

| प्रकार | कुल | पुरुष | महिला |
|---|---|---|---|
| **क्षेत्री** | ३९१४ | १९९३ | १९२१ |
| **ब्राह्मण – पहाड** | ८८१ | ४४५ | ४३६ |
| **मगर** | २१ | ११ | १० |
| **तामाङ** | ५७ | २२ | ३५ |
| **नेवा: (नेवार)** | ३७ | २६ | ११ |
| **विश्वकर्मा** | ६९६ | ३५६ | ३४० |
| **राई** | ४४७ | २२६ | २२१ |
| **गुरुङ** | ४५४ | ३३ | २२१ |
| **परियार** | १६८ | ८२ | ८६ |
| **याक्थुङ/लिम्बू** | ६२७१ | ३१८६ | ३०८५ |
| **मिजार** | ४०४ | १९० | २१४ |
| **सन्यासी/दशनामी** | ३१ | १५ | १६ |
| **घर्ती/भुजेल** | ८३ | ४१ | ४२ |
| **शेर्पा** | ४७ | २२ | २५ |
| **सुनुवार** | ४९ | २२ | २७ |
| **खवास** | ८८ | ४५ | ४३ |
| **भोटे** | २२५ | १२८ | ९७ |
| **बान्तावा** | १६६ | ७८ | ८८ |
| **साम्पाङ** | १२ | ७ | ५ |
| **अन्य** | ४१ | २८ | १३ |
| **विदेशी** | २२ | १९ | ३ |
| **जम्मा** | १४११४ | ७१७५ | ६९३९ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

यस गाउँपालिकाको विभिन्न समुदायहरूको जनसङ्ख्या विवरण अनुसार, क्षेत्री समुदायमा कुल ३९१४ जनसङ्ख्या छ, जसमा १९९३ पुरुष र १९२१ महिला छन्। ब्राह्मण – पहाड समुदायमा ८८१ जनसङ्ख्या छ, जसमा ४४५ पुरुष र ४३६ महिला छन्। मगर समुदायमा २१ जनसङ्ख्या छ, जसमा ११ पुरुष र १० महिला छन्। तामाङ समुदायमा ५७ जनसङ्ख्या छ, जसमा २२ पुरुष र ३५ महिला छन्। नेवा: (नेवार) समुदायमा ३७ जनसङ्ख्या छ, जसमा २६ पुरुष र ११ महिला छन्। विश्वकर्मा समुदायमा ६९६

जनसङ्ख्या छ, जसमा ३५६ पुरुष र ३४० महिला छन् । राई समुदायमा ४४७ जनसङ्ख्या छ, जसमा २२६ पुरुष र २२१ महिला छन् । गुरुङ समुदायमा ४५४ जनसङ्ख्या छ, जसमा २३३ पुरुष र २२१ महिला छन् । परियार समुदायमा १६८ जनसङ्ख्या छ, जसमा ८२ पुरुष र ८६ महिला छन् । याक्थुङ/लिम्बू समुदायमा ६२७१ जनसङ्ख्या छ, जसमा ३१८६ पुरुष र ३०८५ महिला छन् । मिजार समुदायमा ४०४ जनसङ्ख्या छ, जसमा १९० पुरुष र २१४ महिला छन् । सन्यासी/दशनामी समुदायमा ३१ जनसङ्ख्या छ, जसमा १५ पुरुष र १६ महिला छन् । घर्ती/भुजेल समुदायमा ८३ जनसङ्ख्या छ, जसमा ४१ पुरुष र ४२ महिला छन् । शेर्पा समुदायमा ४७ जनसङ्ख्या छ, जसमा २२ पुरुष र २५ महिला छन् । सुनुवार समुदायमा ४९ जनसङ्ख्या छ, जसमा २२ पुरुष र २७ महिला छन् । खवास समुदायमा ८८ जनसङ्ख्या छ, जसमा ४५ पुरुष र ४३ महिला छन् । भोटे समुदायमा २२५ जनसङ्ख्या छ, जसमा १२८ पुरुष र ९७ महिला छन् । बान्तावा समुदायमा १६६ जनसङ्ख्या छ, जसमा ७८ पुरुष र ८८ महिला छन् । साम्पाङ समुदायमा १२ जनसङ्ख्या छ, जसमा ७ पुरुष र ५ महिला छन् । अन्य समुदायमा ४१ जनसङ्ख्या छ, जसमा २८ पुरुष र १३ महिला छन् । विदेशी समुदायमा २२ जनसङ्ख्या छ, जसमा १९ पुरुष र ३ महिला छन् । कुल जनसङ्ख्या १४११४ रहेको छ, जसमा ७१७५ पुरुष र ६९३९ महिला छन् ।

### घ) आर्थिक अवस्थाको विश्लेषण

सिरीजङ्घा गाउँपालिकाभित्रको आर्थिक गतिविधिहरू जीविकोपार्जनमुखी छन् । यहाँ कृषि, पर्यटन, पशुपालन, व्यापार, नोकरी, वैदेशिक रोजगारी तथा ज्याला मजदुरीमार्फत आर्थिक गतिविधिहरू सञ्चालित छन् । प्राविधिक तथा व्यावसायिक शिक्षामा स्थानीयको पहुँच पुग्न नसक्दा शिक्षाले रोजगारीका अवसरहरू सिर्जना हुन सकेको छैन । तथापि कृषि, जडिबुटी खेतीपाती, पशुपालन, फलफूल खेती, पर्यटन क्षेत्रलाई व्यावसायीकरण गरी अन्य आय आर्जनमा जोड्न सकिने प्रचुर सम्भावना देखिन्छ । यसका लागि स्थानीय ज्ञान, सिप, अभ्यास र प्रविधिलाई आधुनिक उन्नत प्रविधिसँग आवद्ध गराई विद्यालय तहबाटै व्यावहारिक र जीवनोपयोगी शिक्षाको विकास र बिस्तार गरी योग्य, दक्ष, सक्षम, र स्वावलम्बी नागरिक तयार गर्नका लागि शैक्षिक संस्थाहरूलाई आर्थिक उपार्जनको केन्द्रको रूपमा समेत विकास गर्न जरुरी देखिन्छ । कृषि अन्तर्गत अन्नबाली, तरकारी बाली, नगदेबाली, पशुपालन आदि पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नबाली हुन् । यस गाउँपालिकाको कुल आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी देखिन्छ । महामारीको रूपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको थियो । जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको प्रतिशत ८०.१ रहेको छ भने त्यसैगरी कुनै न कुनै पेसामा सक्रियसहितको जनसङ्ख्या रहेको आधारमा ९१.६ प्रतिशत रोजगारी रहेका छन् ।

### ङ) शैक्षिक अवस्थाको विश्लेषण

२०७८ सालमा जनगणना अनुसार सिरीजङ्घा गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये ५ वर्षभन्दा माथिको साक्षरता दर ८३.५ प्रतिशत रहेको छ । पुरुषको साक्षरता दर ९०.१ प्रतिशत र महिलाको साक्षरता दर ७६.७ प्रतिशत रहेको छ । पुरुष र महिलाबिचको साक्षरता दरमा भने धेरै अन्तर देखिन्छ । गाउँपालिकाको भौतिक पूर्वाधार जस्तै शैक्षिक अवस्था सन्तोषजनक नभए पनि भौतिक पूर्वाधारका साथै शैक्षिक गतिविधिहरूमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरू भने देखिन थालेका छन् । हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा बिस्तार गरिँदै आएको छ । यस गाउँपालिकाकमा जम्मा ४० वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा कुनै संस्थागत विद्यालय रहेका छैनन् । विद्यालय र समुदायमा आधारित गरी जम्मा २८ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । उच्च शिक्षा अन्तर्गत एउटा मात्र सिनाम बहुमुखी क्याम्पस रहेको छ जहाँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको कार्यक्रम अन्तर्गत कृषि तथा बाली विज्ञान, भेटनरी, डिप्लोमा इन इन्जिनियरिङ र प्रि- डिप्लोमा इन इन्जिनियरिङ अध्यापन हुँदै आएको छ । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ २ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । शैक्षिक संस्थाको विवरण निम्नअनुसार रहेको छ :

| विद्यालयको प्रकार | सामुदायिक | संस्थागत | अन्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | २८ | २८ | ० | २८ | |
| आधारभूत तह (कक्षा १–५) | २२ | ० | ० | २२ | |
| माध्यमिक तह ( कक्षा १–८) | ९ | ० | ० | ९ | |
| माध्यमिक तह ( कक्षा १–१०) | ४ | ० | ० | ४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक तह ( कक्षा १–१२) | ५ | ० | ० | ५ | १ प्राविधिक धार |
| क्याम्पस | १ | ० | ० | १ | |
| सामुदायिक सिकाइ केन्द्र | २ | ० | ० | २ | |

शिक्षा शाखा, सिरीजङ्घा गाउँपालिका–२०८१

यस सिरीजङ्घा गाउँपालिकाका सामुदायिक विद्यालयहरूको प्रारम्भिक बालविकास तहमा २८ कक्षाहरू रहेका छन् । आधारभूत तह (कक्षा १–५) मा २२ विद्यालयहरू छन् । माध्यमिक तहमा, कक्षा १–८ सम्म ९ विद्यालयहरू छन् भने कक्षा १–१० सम्म ४ विद्यालयहरू छन् । कक्षा १–१२ सम्मको माध्यमिक तहमा ५ विद्यालयहरू छन्, जसमा १ प्राविधिक धार पनि समावेश छ । त्यसैगरी, सामुदायिक क्याम्पसको सङ्ख्या १ छ भने सामुदायिक सिकाइ केन्द्रहरूको सङ्ख्या २ छ । यस गाउँपालिकामा संस्थागत र अन्य प्रकारका विद्यालय छैनन् ।

सिरीजङ्घा गाउँपालिकामा विद्यार्थीको सङ्ख्या पनि अन्य पालिकाको तुलनामा उल्लेख्य रहेको छ । भौगोलिक र जनसङ्ख्याको हिसाबले पनि यस गाउँपालिका दोस्रो ठुलो पालिका हो । यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा भएका विद्यार्थीहरूको विवरण तपसिल बमोजिम रहेको छ :

| **कक्षा** | **छात्रा** | **छात्र** | **जम्मा** |
|---|---|---|---|
| इसिडी | १६८ | १५८ | ३२४ |
| कक्षा १ | १५३ | १६० | ३१३ |
| कक्षा २ | १४८ | १२६ | २७४ |
| कक्षा ३ | १५८ | १४३ | ३०१ |
| कक्षा ४ | १४२ | १५२ | २९४ |
| कक्षा ५ | १४२ | १४० | २८२ |
| आधारभूत तह-१ देखि ५ (+इसिडी) | ९११ | ८७७ | १७८८ |
| कक्षा ६ | १३४ | १४४ | २७८ |
| कक्षा ७ | १२५ | १३२ | २५७ |
| कक्षा ८ | १७५ | १३३ | ३०८ |
| आधारभूत तह-६ देखि ८ | ४३४ | ४०९ | ८४३ |
| कक्षा ९ | १४४ | १७४ | ३१८ |
| कक्षा १० | ८८ | ८४ | १७२ |
| माध्यमिक तह-९ देखि १० | २३२ | २५८ | ४९० |
| कक्षा ११ | ३१ | १३ | ४४ |
| कक्षा १२ | ३३ | १५ | ४८ |
| माध्यमिक तह-११ देखि १२ | ६४ | २८ | ९२ |
| जम्मा | १६४१ | १५७२ | ३२१३ |

स्रोत: सिरीजङ्घा गाउँपालिकाको EIMIS, २०८१

सिरीजङ्घा गाउँपालिकामा प्रारम्भिक बालविकास (इसिडी) तहमा १६८ छात्रा र १५८ छात्र गरी जम्मा ३२४ विद्यार्थी छन् । कक्षा १ मा १५३ छात्रा र १६० छात्र गरी जम्मा ३१३ विद्यार्थी छन् । कक्षा २ मा १४८ छात्रा र १२६ छात्र गरी जम्मा २७४ विद्यार्थी छन् । कक्षा ३ मा १५८ छात्रा र १४३ छात्र गरी जम्मा ३०१ विद्यार्थी छन् । कक्षा ४ मा १४२ छात्रा र १५२ छात्र गरी जम्मा २९४ विद्यार्थी छन् । कक्षा ५ मा १४२ छात्रा र १४० छात्र गरी जम्मा २८२ विद्यार्थी छन् । यसरी, आधारभूत तह (कक्षा १ देखि ५ सम्म) र इसिडीको कुल सङ्ख्या ९११ छात्रा र ८७७ छात्र गरी जम्मा १७८८ विद्यार्थी छन् । कक्षा ६ मा १३४ छात्रा र १४४ छात्र गरी जम्मा २७८ विद्यार्थी छन् । कक्षा ७ मा १२५ छात्रा र १३२ छात्र गरी जम्मा २५७ विद्यार्थी छन् । कक्षा ८ मा १७५ छात्रा र १३३ छात्र गरी जम्मा ३०८ विद्यार्थी छन् । यसरी, आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) को कुल सङ्ख्या ४३४ छात्रा र ४०९ छात्र गरी जम्मा ८४३ विद्यार्थी छन् ।

कक्षा ९ मा १४४ छात्रा र १७४ छात्र गरी जम्मा ३१८ विद्यार्थी छन् । कक्षा १० मा ८८ छात्रा र ८४ छात्र गरी जम्मा १७२ विद्यार्थी छन् । यसरी, माध्यमिक तह (कक्षा ९ देखि १० सम्म) को कुल सङ्ख्या २३२ छात्रा र २५८ छात्र गरी जम्मा ४९० विद्यार्थी छन् । कक्षा ११ मा ३१ छात्रा र १३ छात्र गरी जम्मा ४४ विद्यार्थी छन् । कक्षा १२ मा ३३ छात्रा र १५ छात्र गरी जम्मा ४८ विद्यार्थी छन् । यसरी, माध्यमिक तह (कक्षा ११ देखि १२ सम्म) को कुल सङ्ख्या ६४ छात्रा र २८ छात्र गरी जम्मा ९२ विद्यार्थी छन् । समग्रमा, सिरीजङ्घा गाउँपालिकामा कुल १६४१ छात्रा र १५७२ छात्र गरी जम्मा ३२१३ विद्यार्थीहरू छन् ।

जातजाति र तहअनुसार विद्यालय गइरहेका बालबालिकाहरूको सङ्ख्या २०८१

| | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| जनजाति | ९४७ | ९४४ | १,८९१ |
| ब्राहमण/ क्षेत्री | ४९८ | ४७६ | ९७४ |
| दलित | १७८ | १७० | ३४८ |
| अन्य | | | |
| जम्मा | १,६२३ | १,५९० | ३२१३ |

तहगत शिक्षक तथा कर्मचारीको दरबन्दी विवरण २०८१

| दरबन्दी | | | | | राहत अनुदान | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | तह | स्थायी | अस्थायी | जम्मा | | | |
| १ | बालविकास तथा शिक्षा | | ३५ | ३५ | | | ३५ |
| २ | आधारभूत तह ( कक्षा १–५) | ११५ | १० | १२५ | १७ | | १४२ |
| ३ | आधारभूत तह (कक्षा ६–८) | २९ | ४ | ३३ | १५ | ३ | ५१ |
| ४ | माध्यमिक तह (कक्षा ९–१०) | १८ | ७ | २५ | ६ | ४ | ३५ |
| ५ | माध्यमिक तह (कक्षा ११–१२) | | ९ | ९ | | | ९ |
| ६ | सङ्घीय अनुदान (६-८) | | | | | ३ | ३ |
| ७ | सङ्घीय अनुदान (९-१०) | | | | | १ | १ |
| ८ | प्रदेश अनुदान (९-१०) | | | | | १ | १ |
| ९ | विद्यालय कर्मचारी | | ९ | ९ | | | ९ |
| १० | स्थानीय भाषा शिक्षक | | २६ | २६ | | १ | २७ |
| ११ | कार्यालय सहयोगी | | ४२ | ४२ | | | ४२ |
| | जम्मा | | | | | | ३५५ |

यस गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरू बालविकासमा ३५जना, विद्यालय कर्मचारी  जना ९, प्राथमिक तहमा १४२ जना र निमावि तहमा  ५४ गरी जम्मा १९६ जना शिक्षक आधारभूत तहमा कार्यरत रहेका छन् । त्यसै गरी माध्यमिक तहमा ३७ र माध्यमिक कक्षा ११ र १२ मा ९ जना शिक्षक रहेका छन् ।

**साक्षरताका अवस्था**

विद्यालय शिक्षालाई गहन रूपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय बिस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतीको विषय रहेको छ । CEHRD Flash Report २०८० को आधारमा केही शैक्षिक तथ्याङ्कहरूलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

| क्र.सं. | सूचक | आधार वर्ष २०८० |
|---|---|---|
| १ | **प्रारम्भिक बालविकास** | |
| १.१ | बालविकासको कुल भर्नादर | ६२.६ |

| | | |
|---|---|---|
| १.२ | बालविकासको खुद भर्नादर | ५७.० |
| १.३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ भर्ना हुने बालबालिका प्रतिशत | ८४.४ |
| २ | **आधारभूत तह** | |
| २.१ | कक्षा १ को नयाँ भर्ना दर | २.५ |
| २.२ | कक्षा १ को कुल भर्नादर | १०२.५ |
| २.३ | कक्षा १को कक्षा दोहोऱ्याउने दर | १८.५ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | २.० |
| २.५ | कक्ष १ को खुद भर्नादर (Net Intake Rate/NIR) | ९६.१ |
| २.६ | कक्षा १-५मा खुद भर्ना दर | ९७.८ |
| २.७ | कक्षा १-५ मा कुल भर्ना दर | १२५.० |
| २.८ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | ११.१ |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | २.५ |
| २.१० | कक्षा १-५ को नयाँ भर्ना दर | २.४ |
| २.११ | कक्षा १-५ कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९१ |
| २.१२ | कक्षा ६-८ मा खुद भर्ना दर | ९१.६ |
| २.१३ | कक्षा ६-८ मा कुल भर्ना दर | १३७.३ |
| २.१४ | कक्षा ६-८को कक्षा दोहोऱ्याउने दर | १५.७ |
| २.१५ | कक्षा ६ - ८ कक्षा छाड्ने दर | १.७ |
| २.१६ | कक्षा ६-८ को नयाँ भर्ना दर | २.० |
| २.१७ | कक्षा ६-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१० |
| २.१८ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.६ |
| २.१९ | कक्षा १-८ मा कुल भर्ना दर | १२९.४ |
| २.२० | कक्षा ८ सम्मको टिकाउ दर | ८४.६ |
| २.२२ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०० |
| २.२३ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ४५.५ |
| ३ | **माध्यमिक तह** | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्ना दर | ८७.१ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ७९.२ |
| ३.३ | कक्षा ९- १०को कक्षा छाड्ने दर | २.१ |
| ३.४ | कक्षा ९-१०को कक्षा दोहोऱ्याउने दर | ३.९ |
| ३.५ | कक्षा ९-१० को नयाँ भर्ना दर | १.८ |

| | | |
|---|---|---|
| ३.६ | कक्षा ९-१० मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.९५ |
| ३.७ | कक्षा ११-१२ मा कुल भर्ना दर | ८४.४ |
| ३.८ | कक्षा ११-१२ मा खुद भर्ना दर | ४६.७ |
| ३.९ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | ०.० |
| ३.१० | कक्षा ११-१२ को कक्षा दोहोऱ्याउने दर | ०.० |
| ३.११ | कक्षा ११-१२ को नयाँ भर्ना दर | ५.५ |
| ३.१२ | कक्षा ११-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.१२ |
| ३.१३ | कक्षा ९-१२ को कुल भर्नादर | ८५.६ |
| ३.१४ | कक्षा ९-१२ मा खुद भर्ना दर | ६०.८ |
| 3.१५ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | ०.२ |
| ३.१७ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | १२.५ |
| **४** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | |
| ४.१ | कुल साक्षरता दर (प्रतिशत) | ८३.५ |
| ४.२ | ५ वर्षभन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ९०.१ |
| ४.३ | ५ वर्षभन्दा माथिको महिलाको साक्षरता प्रतिशत | ७६.७ |
| **५** | **प्राविधिक शिक्षा** | |
| ५.१ | प्राविधिक धार तर्फको विद्यालय सङ्ख्या | १ |
| ५.२ | प्राविधिक धारको अध्ययन हुने विषयहरू तथा क्षेत्र सङ्ख्या | ५ |
| ५.३ | प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको प्रतिशत | २ |
| ५.४ | उत्पादित जनशक्तिले गाउँ पालिकामा नै रोजगारी पाउने वा स्वरोजगारी सङ्ख्या | १५ |
| **६** | **अनुपात** | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ७.०४ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १७.१५ |
| ५.३ | कक्षा १-८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | ९.२० |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | १९.५४ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीः शिक्षक अनुपात | २८.६९ |
| **६.** | **शिक्षामा लगानी** | |
| ६.१ | कुल बजेटमध्ये शिक्षा क्षेत्रका लागि विनियोजित बजेटको प्रतिशत | ३८.४८ |
| ६.२ | सङ्घीय तहबाट विनियोजित बजेट | ३०.५१ |
| ६.३ | प्रदेशबाट विनियोजित बजेट | २.८९ |
| ६.४ | स्थानीय तहबाट विनियोजित बजेट | ५.०८ |

प्रारम्भिक बालविकास तथा शिक्षातर्फ बालवालिकासको खुद भर्नादर ५७.० प्रतिशत रहेको छ । प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८४.४ प्रतिशत रहेको छ । देशको कुल भर्नादरमा ९९.९ रहदा पालिकाको ८४.४ रहेको छ भने नेपालको खुद भर्नादर ७०.६ रहँदा पालिकाको ६६.४ रहेको छ । त्यसैगरी कक्षा १ को देशको कुल भर्नादर ११५.९ हुँदा पालिकाको १०२.५ रहेको छ । पालिकाको कक्षा १-५ मा खुद भर्ना दर ९७.८ रहँदा नेपालको ९५.६ रहेको छ । कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क राष्ट्रिय स्तरमा ०.९१ रहेको छ । कक्षा ६-८ को खुद भर्ना दर ९१.६ रहेको छ । कक्षा ८ सम्म टिकाउ दर यस गाउँपालिकामा ८४.६ प्रतिशत रहेको छ । कक्षा १-८ को खुद भर्नामा लैंगिक समता सूचाङ्क १.०० रहेको छ । त्यसैगरी माध्यमिक तहको शिक्षाको विश्लेषण गर्दा कक्षा ९-१० मा अध्ययन गर्ने बालबालिकाहरूको कुल भर्नादर ८७.१ रहेको छ भने खुद भर्ना दर ७९.२ प्रतिशत रहेको छ । कक्षा ११-१२ मा खुद भर्नादर ४६.७ रहेको छ भने कुल भर्ना दर ८४.४ रहेको छ । माध्यमिक तह ९-१२ को कुल भर्नादर ८५.६ र खुद भर्नादर ६०.८ रहेको छ । यस पालिकाको समग्र सिकाइ उपलब्धि ५५.२ प्रतिशत मात्र रहेको देखिन्छ भने कक्षा ८ मा ३.२ माथि को ग्रेड ल्याउन विद्यार्थी प्रतिशत ६.० प्रतिशत मात्र रहेको छ भने एसइइमा ३.२ माथिको ग्रेड ल्याउने विद्यार्थी प्रतिशत १.० मात्र रहेको छ । यस्ता कुरालाई यस शिक्षा योजनाले जोड दिने छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण

यस सिरीजङ्घा गाउँपालिकामा शिक्षा क्षेत्रका विभिन्न चुनौतीहरू छन् जसले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पुर्‍याउँछन् । विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून हुनु, प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको निर्माणमा कमी हुनु, र प्रस्तावित माध्यमिक विद्यालयमा शिक्षक दरबन्दीको कमी जस्ता समस्याहरूले शिक्षण गुणस्तरमा प्रतिकूल प्रभाव पार्छन् । विषयगत शिक्षकहरूको अभाव, विद्यालयहरूमा इन्टरनेट तथा सूचना प्रविधिका साधनहरूको अभाव, र विद्यार्थीहरूको नियमिततामा कमी हुनुले सिकाइ प्रक्रियामा अवरोध पुर्‍याउँछ । स्थानीय पाठ्यक्रमको निर्माण नहुनु, भौगोलिक विकटताको कारण विद्यार्थीहरूको नियमित उपस्थिति हुन नसक्नु, र शिक्षाप्रति अभिभावकहरूको चासो र सहभागितामा कमी हुनुले शिक्षा प्रणालीमा सुधार ल्याउन कठिनाइ हुन्छ । विद्यार्थीहरूको कक्षा दोहोर्‍याउने र कक्षा छाड्ने प्रवृत्ति कायमै रहनुले शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पुर्‍याउँछ । विशेष आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु, सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु, र शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्ट रूपमा परिभाषित गर्न नसकिनुले शिक्षा प्रणालीमा असमानता ल्याउँछ । विद्यालयस्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु, निरक्षर जनसङ्ख्यालाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सिप प्रदान गर्न नसकिनु, र दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको क्षमता अभिवृद्धि गर्न नसकिनुले शिक्षा प्रणालीमा सुधार ल्याउन कठिनाइ हुन्छ । शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी, तथा सिपहरू कक्षाकोठामा न्यून मात्रामा प्रयोग हुनुले शिक्षण गुणस्तरमा प्रत्यक्ष असर पुर्‍याउँछ । शिक्षा दीर्घकालीन रूपमा प्रतिफल दिने क्षेत्र भए पनि सरोकारवालाहरूबाट तत्काल नतिजा खोज्ने प्रवृत्ति कायम रहनुले शिक्षा प्रणालीमा सुधार ल्याउन कठिनाइ हुन्छ । स्पष्ट जिम्मेवारी तोकी ऐन नियम नआउँदा तिनै तहका सरकारहरूबिच कार्य सम्पादनको क्रममा अन्योलता कायमै रहनुले शिक्षा प्रणालीमा सुधार ल्याउन कठिनाइ हुन्छ । बालमैत्री, अपाङ्तामैत्री, सिकाइ वातावरणको निर्माणमा कमी, तहगत, क्षेत्रगत तथा विषयगत रूपमा सम्पूर्ण विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी, वार्षिक कार्यपात्रो निर्माण र कार्यान्वयन नहुनु, र शैक्षिक सुशासन पद्धति कमजोर हुनुले शिक्षा प्रणालीमा सुधार ल्याउन कठिनाइ हुन्छ । यी चुनौतीहरूको समाधानका लागि समन्वय, योजना, र स्रोतको प्रभावकारी व्यवस्थापन आवश्यक छ ।

### ख) शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण

यस सिरीजङ्घा गाउँपालिकामा रहेका विद्यालयहरूमा उपयुक्त पूर्वाधारको विकास गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन उत्तरदायित्व अभिवृद्धि गर्नु गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेसागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु सम्पूर्ण

सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्य पुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

**Strengths (सबल पक्षहरू):**

१. स्थानीय समुदायको शिक्षा प्रति चासो र समर्थन
२. शिक्षकहरूको उच्च प्रतिबद्धता र शिक्षणमा रुचि
३. विभिन्न शैक्षिक कार्यक्रमहरूको आयोजना, जस्तै अतिरिक्त क्रियाकलापहरू
४. शिक्षा सुधारका लागि स्थानीय सरकारको सक्रियता
५. विभिन्न गैरसरकारी सङ्घसंस्थाको चासो, सहभागिता र सक्रियता

**Weaknesses (कमजोर पक्षहरू):**

१. विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून हुनु
२. विषयगत शिक्षकहरूको अभाव
३. विद्यालयहरूमा इन्टरनेट तथा सूचना प्रविधिका साधनहरूको अभाव
४. विद्यार्थीहरूको नियमिततामा कमी
५. स्थानीय पाठ्यक्रमको निर्माण नहुनु
६. भौगोलिक विकटताको कारण विद्यार्थीहरूको नियमित उपस्थिति हुन नसक्नु
७. शिक्षाप्रति अभिभावकहरूको चासो र सहभागितामा कमी
८. विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्ति कायमै रहनु
९. सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु
१०. दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको क्षमता अभिवृद्धि गर्न नसकिनु
११. शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी, तथा सिपहरू कक्षाकोठामा न्यून मात्रामा प्रयोग हुनु
१२. शिक्षा दीर्घकालीन रूपमा प्रतिफल दिने क्षेत्र भए पनि सरोकारवालाहरूबाट तत्काल नतिजा खोज्ने प्रवृत्ति कायम रहनु
१३. स्पष्ट जिम्मेवारी तोकी ऐन नियम नआउँदा तीनै तहका सरकारहरूबिच कार्य सम्पादनको क्रममा अन्योलता कायमै रहनु
१४. बालमैत्री, अपाङ्गतामैत्री, सिकाइ वातावरणको निर्माणमा कमी
१५. तहगत, क्षेत्रगत तथा विषयगत रूपमा सम्पूर्ण विद्यालयहरूमा शिक्षक व्यवस्थापन गर्न नसकिनु
१६. विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी

**Opportunities (अवसरहरू):**

१. शिक्षा सुधारका लागि सरकारी सहयोगको सम्भावना
२. तिन तहको सरकारबिचमा सहकार्य तथा समन्वय गरी तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था हुने
३. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन हुने
४. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था रहने
५. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन
६. प्रविधिको उपयोग गरेर शिक्षण विधिमा सुधार ल्याउने अवसर
७. समुदायको सक्रिय सहभागिता र समर्थन
८. अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहयोग प्राप्त गर्ने अवसर
९. शिक्षकहरूको पेशागत विकासका लागि विभिन्न प्रशिक्षण कार्यक्रमहरू

**Threats (चुनौतीहरू)**

१. शिक्षा सुधारका लागि आवश्यक वित्तीय स्रोतको अभाव,
२. प्राकृतिक विपत् जस्तै भूकम्प, बाढी आदिले शिक्षा प्रणालीमा अवरोध पुऱ्याउने सम्भावना,
३. राजनीतिक अस्थिरताले शिक्षा प्रणालीमा नकारात्मक प्रभाव पार्न सक्छ,
४. सामाजिक असमानताका कारण शिक्षा प्रणालीमा असमानता बढ्न सक्छ,
५. प्रविधिको दुरुपयोगले विद्यार्थीहरूको सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव पार्न सक्छ।

## परिच्छेद २ : दूर दृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य

### २.१ स्थानीय शिक्षा योजना विकासको आधार

### १.१ संवैधानिक प्रावधान

नेपालको संविधान २०७२ ले शिक्षालाई प्राथमिकतामा राखेको छ र धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ । यसमा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा विशेष अवसर प्राप्त गर्ने हक रहेको छ। बालबालिकाको हक अन्तर्गत शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, तथा व्यक्तित्व विकासको हक रहेको छ । दलितको हक अन्तर्गत छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ ।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, रोजगारमूलक, जनमुखी बनाउँदै राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ। १५औं आवधिक योजनामा गुणस्तरीय शिक्षामार्फत दक्ष, प्रतिस्पर्धी, उत्पादनशील, र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखिएको छ। विद्यालय क्षेत्र विकास योजना २०७३-२०७९ ले सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न आवश्यक सिपको विकासको अवसर प्रदान गर्ने लक्ष्य राखेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक, र उत्पादनशील बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ। उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ को प्रतिवेदनमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ ।

### २.२ दूर दृष्टि

“शिक्षित, सभ्य, स्वस्थ, सक्षम र स्वावलम्बी जनशक्ति: सामाजिक न्याय रुपान्तरण र समृद्धि"

### २.३ लक्ष्य

गुणस्तरयुक्त शिक्षामा हरेक बालबालिकाको समतामूलक र सहज पहुँचको सुनिश्चित गर्ने ।

### २.४ उद्देश्य

१. शिक्षाका सबै तहमा हरेक बालबालिकाहरूको समतामूलक र सहज पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
२. प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चित गर्नु,
३. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्नु,
४. हरेक शैक्षिक संस्थामा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु,
५. सबै तहमा नेतृत्व विकास तथा सुशासन निर्माण गरी बालबालिकाको सिकाइप्रति उत्तरदायित्व प्रणाली विकास गर्नु,
६. शिक्षक पेशागत सहयोगका लागि गाउँपालिका तथा विद्यालयस्तरमा प्रणालीको विकास गर्नु,
७. विद्यालयको गुणस्तर सुधार गर्न नियमित अनुगमन प्रणालीको विकास गरी लागु गर्नु,
८. विद्यालयलाई आवश्यक पर्ने न्यूनतम सिकाइ वातावरणमा सुधार ल्याउनु ।

### २.५ रणनीति

उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि निम्न लिखित रणनीतिहरू तय गरिएको छ ।

१. सबै बालविकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने । (उद्देश्य १)
२. विद्यालय शिक्षाको अवसरबाट वञ्चित विद्यालय उमेरका सीमान्तकृत, अतिसीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य१)
३. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा भर्ना गराई अध्ययनको निरन्तरताका लागि प्रोत्साहित गर्ने, (उद्देश्य १)
४. अति विपन्न, सीमान्तकृत, दलित, समुदाय लक्षित प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको अवसर बिस्तार गर्ने, (उद्देश्य १ )

५. अभिभावकहरूको आय आर्जनमा टेवा पुऱ्याउन तालिम प्रदायक सङ्घ/संस्था, सार्वजनिक तथा निजी रोजगार प्रदाय सङ्घ/संस्थाहरूसँग सहकार्य, साझेदारी तथा सञ्जालीकरणमा जोड दिने, (उद्देश्य १)

६. गाउँ, टोल र बस्तीहरूको अवस्थिति र जनघनत्वलाई मध्यनजर राखी विद्यालय नक्साङ्कनका आधारमा विद्यालय समायोजन र पुनर्वितरण गर्ने, (उद्देश्य १)

७. हरेक तहको शिक्षामा न्यूनतम गुणस्तर मापदण्ड (Minimum Quality Benchmark) को निर्माण र प्रयोगलाई अनिवार्य गर्ने, (उद्देश्य २)

८. हरेक तहको पाठ्यक्रम र पाठ्यसामग्रीको पुनरावलोकन गरी समय सापेक्ष सुधार, अद्यावधिक तथा परिमार्जन गर्ने, (उद्देश्य २)

९. हरेक तहका शिक्षकको कार्यसम्पादन आवश्यकताको पहिचान गरी शिक्षकको निरन्तर पेसागत क्षमता विकासमा जोड दिने, (उद्देश्य २)

१०. निरन्तर एवम् निर्माणात्मक मूल्याङ्न पद्धतिको अवलम्बनमार्फत विद्यार्थी सिकाइ उपलब्धिको वस्तुनिष्ठ तथा विश्वसनीय मापन तथा मूल्याङ्कन प्रणालीको विकासलाई प्राथमिकतामा राख्ने, (उद्देश्य २)

११. प्रारम्भिक कक्षाहरू (आधारभूत तह कक्षा १-५ सम्म) मा बहुकक्षा बहुस्तरको अवधारणा अनुरूप कक्षा सञ्चालन गर्ने, (उद्देश्य २)

१२. प्रारम्भिक कक्षाहरू (आधारभूत तह कक्षा १-३ सम्म) प्रारम्भिक कक्षा सिकाइ पद्धतिको अवलम्बन गर्ने, (उद्देश्य २)

१३. सूचना तथा सञ्चार प्रविधिलाई हरेक तहको कक्षा शिक्षणको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने, (उद्देश्य २)

१४. हरेक तह र कक्षामा अध्ययनरत विद्यार्थीहरूको सिकाइ कठिनाइ स्तरको पहिचान गरी सुधारात्मक शिक्षण गर्ने, (उद्देश्य २)

१५. विद्यार्थीहरूले हासिल गरेका सैद्धान्तिक ज्ञान, सिप र अभिवृत्तिलाई दैनिक व्यावहारिक जीवनमा प्रयोग गरी सिकाइलाई दिगो र जीवन्त बनाउन प्रोत्सहित गर्ने, (उद्देश्य २)

१६. बालमैत्री सिकाइ वातावरण र उत्थानशील शैक्षिक व्यवस्थापन गर्ने, (उद्देश्य ४)

१७. विद्यालयको व्यवस्थापन प्रणालीलाई चुस्त र व्यवस्थित बनाउने, (उद्देश्य ५)

१८. शैक्षिक गतिविधिहरूलाई नियमित रूपमा सरोकारवालाहरूलाई जानकारी गराई शैक्षिक सेवाप्रवाहलाई पारदर्शी बनाउने। (उद्देश्य ६ )

## २.६ कार्यनीति

१.घरधुरी सर्वेक्षणका आधारमा विद्यालय जाने उमेरका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरिने छ। (रणनीति १)

२.विद्यालय बाहिर रहेका बालबालिका (विद्यालय भर्ना नभएका तथा बिचमा विद्यालय छाडेका) हरूको तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गरिने छ। (रणनीति १)

३. वैकल्पिक शिक्षा प्रणाली सहजीकरण गर्न सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिने छ। (रणनीति १ )

४. विद्यालय छाड्ने विद्यार्थीको कारण पहिचान गरी उपचारात्मक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १ )

५. विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालयमा भर्ना र नियमित उपस्थितिका लागि घर दैलो अभियान सञ्चालन गरिने छ। (रणनीति २)

६.गरिब, जेहेन्दार, अपाङ्गता भएका बालबालिका, दलित तथा अतिसीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्तिको प्रबन्ध गरिने छ। (रणनीति २)

७.विद्यालय पोषण तथा दिवा खाजाको प्रबन्धलाई माध्यमिक तहसम्म क्रमशः बिस्तार गरिने छ। (रणनीति २)

८. पालिकामा आवश्यकताअनुसार आवासीय विद्यालय सञ्चालन गरिने छ। (रणनीति २)

९. विद्यालय भर्ना भएका हरेक विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक शैक्षिक सत्र सुरु भएको २ हप्ताभित्र उपलब्ध गराइने छ। (रणनीति २)

१०. विद्यालय समायोजनसँग आबद्ध गरी एक वडामा बढीमा एक ओटा माध्यमिक तहको विद्यालय सञ्चालन गर्ने र दूरीको आधारमा यातायात सेवाको व्यवस्थाद्वारा माध्यमिक तहमा दिवा आवासीय विद्यालय सञ्चालन गरिने छ। (रणनीति २)

११. अग्रज अभिभावकहरूको परिचालनद्वारा अन्य अभिभावकहरूलाई मेन्टरिङ तथा अभिभावक शिक्षा प्रदान गरी सचेतना अभिवृद्धिमा जोड दिइने छ। (रणनीति २)

१२. अपाङ्गता भएका बालबालिको शिक्षामा सहज पहुँचका लागि गाउँपालिका क्षेत्रभित्र कम्तीमा एक ओटा स्रोत कक्षा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गरिने छ। (रणनीति २)

१३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालन गरिने छ। (रणनीति ३)

१४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापन र विकास गरिने छ। (रणनीति ३)

१५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको प्रभावकारिता, दक्षता बढाउन र कार्यक्रम सञ्चालनमा दोहोरोपन हटाउन सम्बन्धित निकाय, सङ्घ/संस्थाहरूसँग समन्वयन र सहकार्य गरिने छ। (रणनीति ३)

१६. सम्भावित सङ्घ/संस्थाहरूको पहिचानपश्चात ती सङ्घ/संस्थाहरूसँग नियमित सम्पर्क र सञ्चार स्थापित गरिने छ। (रणनीति ४ )

१७. लक्षित वर्गका लागि सिप विकास तालिम तथा रोजगारीको अवसर सिर्जनाका लागि लागत साझेदारी गरिने छ। (रणनीति ४)

१८. शिक्षामा सहज पहुँच स्थापना गर्न अभिभावकहरूको आय आर्जन तथा अनौपचारिक र आजीवन शिक्षाको उपलब्धता गरी दिगो सामुदायिक विकासको प्रवर्द्धन गरिने छ। (रणनीति ४)

१९. वैज्ञानिक र व्यावहारिक मापदण्डका आधारमा विद्यालय सेवा क्षेत्रको नक्साङ्कन गरिने छ। (रणनीति ५)

२०. अद्यावधिक नक्साङ्कनका आधारमा गा.पा. ले आवश्यकता अनुसार विद्यालय स्थापना, पुनर्वितरण, तह थप- घट तथा समायोजन गरिने छ। (रणनीति ५)

२१. विद्यालय शिक्षाको न्यूनतम मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ। (रणनीति ६)

२२. न्यूनतम गुणस्तर मापदण्डका आधारमा पाठ्यसामग्रीको विकास विकास र प्रयोग गरिने छ। (रणनीति ६)

२३. गुणस्तर मापदण्डका नवनिर्मित वा परिमार्जित राष्ट्रिय एवम् स्थानीय पाठ्यक्रमको प्रबोधीकरण तथा आवधिक रूपमा शिक्षकहरूलाई पुनर्ताजगी तालिम उपलब्ध गराइने छ। (रणनीति ७)

२४. पाठ्यक्रमका आधारमा पाठ्यसामग्री तथा सन्दर्भ स्रोत सामग्रीहरूको निर्माण र प्रयोग गरिने छ। (रणनीति ७)

२५. हरेक शिक्षकको तालिम आवश्यकता पहिचान (Training Need Idendification / TNA), आवधिक रूपमा गरिनेछ र सोको आधारमा शिक्षकहरूलाई उनीहरूको पेसागत विकास, उन्नयन तथा पेसागत सहयोगका लागि वर्गीकरण तथा प्राथमिकीकरण गरिने छ। (रणनीति ८)

२६. हरेक शिक्षकका लागि आवश्यकतामा आधारित शिक्षण सिप विकास तथा पुनर्ताजगी तालिममा सहभागी हुनका लागि प्रोत्साहित गरिने छ। (रणनीति ८)

२७. विषयगत र तहगत विज्ञ शिक्षकहरूको रोस्टर निर्माण गरी शिक्षकलाई कार्यस्थलमा आधारित पेसागत सहयोग प्रणाली (Teacher Professional Support ) को विकास र परिचालन गरिने छ। (रणनीति ८)

२८. हरेक शिक्षकका लागि शिक्षण सिकाइ क्रियाकलापमा आधारित कार्यमूलक अनुसन्धानलाई उसको पेसागत विकासको अभिन्न अङ्गको रूपमा विकास गरिने छ। (रणनीति ८)

२९. गाँउपालिका र प्रधानाध्यपकबिच, प्रधानाध्यापक र शिक्षकबिच विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि कार्यसम्पादन सम्झौता अनिवार्य गरिने छ। (रणनीति ८)

३०. शिक्षकले अध्यापन गर्ने विषयमा विद्यार्थीले हासिल गर्ने औसत सिकाइ उपलब्धिलाई निजको कार्यसम्पादन मूल्याङ्कन पद्धतिसँग आवद्ध गरिने छ। (रणनीति ८)

३१. शिक्षक कार्यसम्पादनको स्तरका आधारमा शिक्षकहरूलाई प्रोत्साहित गरिने पद्धतिको अवलम्बन गरिने छ। (रणनीति ८)

३२. निरन्तर मूल्याङ्कनमार्फत विद्यार्थीको सिकाइस्तरमा सुधार ल्याउनको लागि नियमित पृष्ठपोषण प्रदान गरिने छ। (रणनीति ९)

३३. बहुकक्षा बहुस्तर शिक्षण विधिका असल अभ्यासहरू अन्य विद्यालयहरूमा कार्यान्वयन गर्न असल अभ्यास आदानप्रदान कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १० )

३४. उमेर र स्तर अनुसार क्षमता कमजोर रहेका बालबालिकाको लागि उपचारात्मक शिक्षणको व्यवस्था गरिने छ। (रणनीति ११)

३५. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको उपयोगको लागि आवश्यक पूर्वाधार (ऊर्जा व्यवस्थापन, उपकरण, इन्टरनेट, फर्निचर आदि) को विकास क्रमशः गरिने छ। (रणनीति १२)

३६. शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिप विकास गराइने छ। (रणनीति १२)

३७. स्तरीकृत प्रश्नहरूको माध्यमबाट विद्यार्थीहरूको सिकाइ कठिनाइस्तर पहिचान गरिने छ। (रणनीति १३ )

३८. विद्यार्थीले हासिल गरेका सैद्धान्तिक ज्ञान, सिप र अभिवृत्तिलाई दैनिक व्यावहारिक जीवनमा प्रयोग गर्नका लागि प्रोत्साहित गरिने छ। (रणनीति १४)

३९. विद्यार्थीहरूमा श्रमप्रति सम्मान गर्ने भावनाको विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १४)

४०. परियोजना कार्यलाई अनिवार्य गरी विद्यार्थीहरूमा प्रयोगात्मक विधिबाट पेसा, व्यवसाय र प्रविधिको जानकारी र उपयोगको वातावरण निर्माण गरिने छ। (रणनीति १४ )

४१. माध्यमिक तहमा एक विद्यालय एक उद्यम कार्यक्रमलाई बिस्तार गरिने छ। (रणनीति १४)

४२. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरिने छ। (रणनीति १५)

४३. विद्यालय भौतिक पूर्वाधार विकासलाई विपत् उत्थानशील बनाइने छ। (रणनीति १५ )

४४. समतामूलक र समावेशी पद्धतिमा आधारित कक्षाकोठा व्यवस्थापन गरिने छ। (रणनीति १५ )

४५. पानीको प्रबन्धसहित छात्रा, छात्र अपाङ्गता भएका विद्यार्थीहरूका लागि छुट्टाछुट्टै शौचालयको प्रबन्ध गरिने छ। (रणनीति १५)

४६. भय एवम्, दण्ड र हिंसारहित विद्यालय वातावरण निर्माण गरिने छ। (रणनीति १५ )

४७. प्रदेश र संघीय सरकारसँग शैक्षिक गुणस्तर सुधारमा समन्वय सहकार्य गरी लागत साझेदारीका कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १५)

४८. शिक्षकको कक्षाकोठामा बिताउने समयको अभिलेखीकरण गरी आवश्यक कार्ययोजना निर्माण गरिने छ। (रणनीति १५)

४९. सामाजिक परीक्षण, लेखापरीक्षण, नागरिक वडापत्र आदि सामाजिक उत्तरदायित्वका औजारहरूको प्रयोग गरी विद्यालयहरूका आर्थिक गतिविधिहरूमा पारदर्शीता कायम गरिने छ। (रणनीति १५)

५०. विपत् जोखिमको मूल्याङ्कन गरी सोको न्यूनीकरणका लागि योजना र नक्साङ्कन तयार गरी कार्यान्वयन गरिने छ। (रणनीति १६)

५१. आपतकालीन तथा सङ्कटसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १६)

५२. हरेक विद्यालयमा विपद् व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १६)

५३. योग, ध्यान, प्राणायम, चिकित्सक र मनोपरामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति १६)

५४. Real Plan बमोजिम आपतकालीन अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरिने छ। (रणनीति १६)

५५. हरित विद्यालयको अवधारणा अनुरूप हरेक विद्यालयमा एक विद्यालय एक उद्यान निर्माण र संरक्षणमा जोड दिइने छ। (रणनीति १६)

५६. अनुगमन, निरीक्षण र सुपरिवेक्षणलाई सूचकमा आधारित नतिजामूलक र सहभागितामूलक बनाइने छ। (रणनीति १७)

५७. शैक्षिक व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिने छ। (रणनीति १७)

५८. शिक्षा युवा तथा खेलकुद शाखा र प्र.अ. बिच, प्र.अ. र शिक्षक बिच कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति जिम्मेवार बनाइने छ। (रणनीति १७)

५९. आवधिक समीक्षामार्फत नतिजा विश्लेषण गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त पारिने छ। (रणनीति १८ )

## २.७ अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. ४ वर्ष उमेरका बालबालिकाहरूमध्ये प्रारम्भिक बालविकास र शिक्षामा भर्ना हुने दर १०० प्रतिशत पुगेको हुनेछ।

२. बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी १०० प्रतिशत पुगेको हुने छ।

३. आधारभूत तहको ५ देखि १२ बर्ष उमेर समूहका बालबालिकहरूको खुद भर्नादर ९९ प्रतिशत पुगेको हुनेछ।

४. माध्यमिक तहमा १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूको खुद भर्नादर ९० प्रतिशत पुगेको हुनेछ।

५. उच्च शिक्षा सञ्चालित हालको क्याम्पसको व्यवस्थापनलाई व्यवस्थित बनाई सबैको पहुँच बिस्तार भएको हुनेछ।
६. माध्यमिक तहको प्राविधिक धारको शिक्षामा विशेष गरी अतिसीमान्तकृत, दलित, विपन्न समुदायका विद्यार्थीहरूका लागि पहुँच बिस्तार भएको हुनेछ।
७. सबै तहको शिक्षाको गुणस्तर मापदण्ड निर्माण भएको हुने छ।
८. सबै तहको शिक्षाका लागि न्यूनतम मापदण्ड सहितको बालमैत्री र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण भएको हुनेछ।
९. हरेक तहको शिक्षामा विद्यार्थीहरूको न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुनेछ।
१०. शिक्षाको अवसरबाट बञ्चित रहेका बालबालिकाहरूका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक तथा आजीवन सिकाइको अवसर बिस्तार भएको हुनेछ।
११. राष्ट्रिय योग्यता प्रारुप अनुसार अतिरिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्ड विकास भई कार्यान्वयन भएको हुने छ।
१२. स्थानीय पाठ्यक्रम र स्रोतसामग्रीहरूको समयसापेक्ष निर्माण, कार्यन्वयन, पुनरावलोकन एवम् परिमार्जन भएको हुनेछ।
१३. विद्यालयमा विपत् उत्थानशील भौतिक संरचना निर्माण भएको हुनेछ।
१४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना हुनेछ।
१५. सङ्कटपूर्ण तथा महामारीको अवस्थामा पनि बालवालबालिकाको शिक्षा प्राप्त गर्ने अवसरको सिर्जना हुनेछ।
१६. सबै तहमा नेतृत्व विकास तथा सुशासन निर्माण गरी बालबालिकाको सिकाइप्रति उत्तरदायित्व प्रणाली विकास हुनेछ।
१७. शिक्षक पेसागत सहयोगका लागि गाउँपालिका तथा विद्यालयस्तरमा प्रणालीको विकास भएको हुनेछ ।

### २.८ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण

| क्र. सं. | सूचक आधार | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | **बालविकास** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ भर्ना हुने बालबालिका प्रतिशत | ८४.४ | ९४.८ | ९५.२ | ९५.९ | ९६.५ | ९७ | १०० |
| १.२ | बालविकासको खुद भर्ना दर | ५७.० | ६० | ६३ | ६५ | ६८ | ७० | ८५ |
| २ | **आधारभूत तह** | | | | | | | |
| २.१ | कक्षा १ को खुद भर्ना दर | ९६.१ | ९६.७ | ९६.९ | ९७.३ | ९७.७ | ९८.३ | १०० |
| २.२ | कक्षा १ को कुल भर्ना दर | १०२.५ | १०२ | १०१.५ | १०१ | १००.५ | १०० | १०० |
| २.३ | कक्षा १ को कक्षा दोहोऱ्याउने दर | १८.५ | १५ | १२ | १० | ८ | ६ | १ |
| २.४ | कक्षा १ को कक्षा छाड्ने दर | २.० | १.५ | १.२ | १.० | ०.७ | ०.५ | ० |
| २.५ | कक्षा १को नयाँ भर्ना दर | २.५ | २.८ | ३.३ | ३.७ | ४.० | ४.३ | ८ |
| २.६ | कक्षा १-५मा खुद भर्ना दर | ९७.८ | ९८ | ९८.२५ | ९८.५० | ९८.७५ | ९९ | १०० |
| २.७ | कक्षा १-५ मा कुल भर्ना दर | १२५.० | १२० | ११५ | ११० | १०५ | १०३ | १०० |
| २.८ | कक्षा १-५को कक्षा दोहोऱ्याउने दर | ११.१ | १० | ९.५ | ९ | ८.५ | ८ | १ |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | २.५ | २.२ | २.० | १.७ | १.४ | १.० | ० |
| २.१० | कक्षा १-५को नयाँ भर्ना दर | २.४ | २.७ | २.९ | ३.१ | ३.५ | ३.९ | ५ |
| २.११ | कक्षा ६-८ मा खुद भर्ना दर | ९१.६ | ९२ | ९३ | ९४ | ९५ | ९६ | १०० |
| २.१२ | कक्षा ६-८ मा कुल भर्ना दर | १३७.३ | १३० | १२५ | १२० | ११५ | ११० | १०२ |
| २.१३ | कक्षा ६-८को कक्षा दोहोऱ्याउने दर | १५.७ | १२ | १० | ९ | ८ | ७ | २ |
| २.१४ | कक्षा ६-८ कक्षा छाड्ने दर | १.७ | १.४ | १.२ | १.० | ०.७५ | ०.५० | ० |
| २.१५ | कक्षा ६-८ को नयाँ भर्ना दर | २.० | २.५ | २.७५ | ३ | ३.५ | ४ | ८ |
| २.१६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.७५ | ९६ | ९६.५ | ९७ | |
| २.१९ | कक्षा १-८ मा कुल भर्ना दर | १२९.४ | १२५ | १२२ | ११८ | ११५ | ११२ | १०५ |
| २.२० | कक्षा ८ सम्म को टिकाउ दर | ८४.६ | ८५ | ८६ | ८७ | ८८ | ९९ | १०० |
| २.२३ | आधारभूत तहमा महिला शिक्षकको प्रतिश त | ४५.५ | ४६ | ४७ | ४८ | ४९ | ५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | **माध्यमिक तह** | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्ना दर | ८७.१ | ८७.५ | ८८ | ८९ | ९० | ९२ | ९८ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्ना दर | ७९.२ | ८० | ८२ | ८४ | ८६ | ८८ | १०० |
| ३.३ | कक्षा ९-१० को कक्षा छाड्ने दर | २.१ | २.० | १.७५ | १.५० | १.२५ | १ | ०.२ |
| ३.४ | कक्षा ९-१० को कक्षा दोहोऱ्याउने दर | ३.९ | ३.५ | ३ | २.५ | २ | १.५ | ०.५ |
| ३.५ | कक्षा ९-१० को नयाँ भर्ना दर | १.८ | २ | २.५ | ३ | ३.२५ | ३.५ | ७ |
| ३.६ | कक्षा ११-१२ मा कुल भर्ना दर | ८४.४ | ८५ | ८७ | ८८ | ८९ | ९० | ९९ |
| ३.७ | कक्षा ११-१२ मा खुद भर्ना दर | ४६.७ | ४८ | ५० | ५३ | ५७ | ६० | ७५ |
| ३.८ | कक्षा ११-१२ को नयाँ भर्ना दर | ५.५ | ६.६ | ६.७ | ६.८ | ६.९ | ७ | |
| ३.९ | कक्षा ९-१२ को कुल भर्ना दर | ८५.६ | ८७ | ८९ | ९० | ९२ | ९४ | ९९ |
| ३.१० | कक्षा ९-१२ मा खुद भर्ना दर | ६०.८ | ६३ | ६५ | ६७ | ६९ | ७० | ८५ |
| ४ | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | कुल साक्षरता दर (प्रतिशत) | ८३.५ | ८४ | ८५ | ८६ | ८७ | ८८ | ९५ |
| ४.२ | ५ वर्षभन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ९०.१ | ९०.५ | ९१ | ९१.५ | ९२ | ९२.५ | ९८ |
| ४.३ | ५ वर्षभन्दा माथिको महिलाको साक्षरता प्रतिशत | ७६.७ | ७८ | ८० | ८२ | ८५ | ८८ | ८५ |
| ४,४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ८ |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक धार तर्फको विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ | २ | ४ |
| ५.२ | प्राविधिक धारको अध्ययन हुने विषयहरू तथा क्षेत्र सङ्ख्या | ५ | ५ | ७ | ७ | १० | १० | १५ |
| ५.३ | प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको प्रतिशत | २ | ४ | ७ | ८ | १० | १२ | २० |
| ५.४ | उत्पादित जनशक्तिले गाउँ पालिकामा नै रोजगारी पाउने वा स्वरोजगारी सङ्ख्या | १५ | २० | ३० | ३५ | ४० | ५० | १०० |
| ६ | **शिक्षामा लगानी** | | | | | | | |
| | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | | | | | | | |
| | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | | | | |
| | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | | | | | |
| ७ | साक्षरता दर | | | | | | | |

## परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एकवर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ। नेपालको पन्ध्रौँ योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा सिरीजङ्घा गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समावेश गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ।

#### ३.१.१ वर्तमान अवस्था

सिरीजङ्घा गाउँपालिका अन्तर्गत कुल २८ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। गाउँपालिकाको बालविकास केन्द्रहरूमा १६८ छात्रा र १५६ छात्र गरी कुल ३२४ जना बालबालिकाहरू रहेका छन्। विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिन्छ। तर समुदायमा आधारित बालविकास केन्द्रहरूको व्यवस्थापन कमजोर रहेको पाइन्छ। बालविकास केन्द्रका बाल शिक्षकहरूको सेवा, सुविधासमेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ। सबै बालविकास केन्द्रमा २८ जना महिला सहयोगी कार्यकर्ताहरू कार्यरत छन्। बालविकास सहजकर्ताका लागि गाउँपालिकाले वार्षिक बजेटमार्फत सङ्घीय सरकारले उपलब्ध गराएको सेवा सुविधामा थप गरी उनीहरूलाई प्रोत्साहन गरिएको छ। स्थानीय समुदायको बसोबासको आधारमा कतिपय स्थानमा अलग्गै बालविकास केन्द्रको स्थापना गरिएको छ। सिरीजङ्घा गाउँपालिकामा बालविकास केन्द्रको गुणात्मक शैक्षिक सुधारका लागि विभिन्न समस्याहरू पहिचान गरिएका छन्। बालविकास केन्द्रको नक्साङ्कन हुन नसक्नु, प्रारम्भिक उमेरका बालबालिकाहरूको उमेर र स्तर अनुकूल प्रविधिमैत्री र बालमैत्री सिकाइ वातावरणको निर्माणमा नहुनु, सिकाइ मापदण्डहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु, बालबालिकाहरूको चौतर्फी विकासमा टेवा पुर्याउन सिकाइ सामग्रीको अपर्याप्तता, प्रारम्भिक बाल शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी, प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापनप्रति सरोकारवालहरूको चासो र न्यून सहभागिता, बालबालिकाहरूको विकास र सिकाइप्रति अभिभावकहरूको सचेतनाको कमी, आवश्यक वित्तीय स्रोतको अभाव, विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कठिनाइ, सहजकर्ताहरूको न्यून पारिश्रमिकको कारण कार्यदक्षतामा कमी, भौतिक पूर्वाधारको समस्याले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा समस्या, र सहजकर्ताका लागि तालिम र पाठ्यक्रमको कार्यान्वयन तथा प्रवोधीकरण नहुनु जस्ता समस्याहरू छन्। चुनौतीहरूमा सहजकर्ताका लागि तालिम र पाठ्यक्रमको कार्यान्वयन तथा प्रवोधीकरण, विद्यार्थी सङ्ख्याको अनुपातमा बालशिक्षकको दरबन्दी मिलान, प्रारम्भिक बालकक्षाको भौतिक पूर्वाधार विकास, भौगोलिक विकटता एवम् छरिएर रहेको बस्ति हुँदा साना बालबालिकाहरूका लागि घर र विद्यालयसम्मको दूरी टाढा हुने, अभिभावकको कमजोर आर्थिक अवस्था, चार वर्ष उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, घट्दो विद्यार्थी भर्ना प्रवृत्ति, र प्रारम्भिक बालबालिकाको विकास र सिकाइ व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउन आवश्यक छ।

### ३.१.२ उद्देश्य

बालवालिकाको मानसिक,संवेगात्मक,सामाजिक विकास उनीहरूलाई पढाइका लागि तयार गर्नु बालविकास केन्द्रको उद्देश्य रहेको छ।

- प्रारम्भिक बालविकास तथा शिक्षाका गुणस्तर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास कक्षा / केन्द्रमा सुरक्षित, भयरहित, बालमैत्री, प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण गर्नु ,
- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु,
- बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.३ रणनीति

यस सिरीजङ्घा गाउँपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ

- चार वर्ष उमेरका सबै बालबालिका विशेष गरी अवसरबाट वञ्चित अति सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य १ )
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना तथा निरन्तरताका लागि प्रोत्साहित गर्ने, (उद्देश्य १ )
- बालबालिकाको उचित संरक्षण, स्याहार, पोषण तथा विकासका लागि अभिभावक शिक्षालाई अभियानको रूपमा सञ्चालन गर्ने, (उद्देश्य १,२ )
- प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा क्रियाशील सङ्घ/संस्थाहरूसँग सहकार्य, साझेदारी तथा सञ्चालीकरणमा जोड दिने, (उद्देश्य १)
- गाउँ, टोल र बस्तीहरूको अवस्थिति र जनघनत्वलाई मध्यनजर राखी नक्साङ्कनका आधारमा कक्षा / केन्द्र समायोजन र पुनः वितरण गर्ने, (उद्देश्य १ )
- प्रारम्भिक बालसिकाइ मापदण्डको निर्माण र कार्यान्वयन गर्ने, (उद्देश्य २)
- बाल सिकाइ क्षेत्रअनुसारको आवश्यक सामग्रीसहित सिकाइ कुनाको व्यवस्थापन गर्ने, (उद्देश्य २)
- हरेक बालविकास कक्षा / केन्द्रमा बालउद्यानको निर्माण र व्यवस्थापन गर्ने, (उद्देश्य २)
- बाल विकास शिक्षकको निरन्तर पेसागत क्षमता विकासमा जोड दिने, (उद्देश्य २)
- सूचना तथा सञ्चार प्रविधिलाई विकास र सिकाइको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने, (उद्देश्य २)
- विपत्थानशील भौतिक पूर्वाधारको विकास र व्यवस्थापनमा जोड दिने, (उद्देश्य ३)
- बालविकास कक्षामा कार्यरत बाल विकास शिक्षक तथा कर्मचारीहरूद्वारा गरिने व्यवहार बालमैत्री बनाउने। (उद्देश्य ३)
- बालविकास केन्द्रमा भर्ना हुन उमेर पुगेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।

२. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८५ | २०९०/९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालविकासको कुल भर्नादर | ६२.६ | ६० | ६५ | ६८ | ७२ | ७५ | ८५ |
| २ | बालविकासको खुद भर्नादर | ५७.० | ६० | ६३ | ६५ | ६८ | ७० | ८५ |
| ३ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ भर्ना हुने बालबालिका प्रतिशत | ८४.४ | ९४.८ | ९५.२ | ९५.९ | ९६.५ | ९७ | १०० |
| ४ | न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त सहजकर्ताको सङ्ख्या | ७ | १२ | १५ | २० | २८ | २८ | २८ |
| ५ | प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था | ० | २८ | २८ | २८ | २८ | २८ | २८ |

### ३.१.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्डको निर्माण | पटक | १ | - | - | - | - | १ | १ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्साङ्कन | वडा सङ्ख्या | | ९ | | | | ९ | ९ | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | | १४ | १६ | १० | १० | ४० | ४० | |
| ५ | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा | वटा | | १० | १० | १० | १० | ४० | ४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सविधाजनक सिकाइ कक्ष व्यवस्था | | | | | | | | | |
| ६ | बालउद्यान निर्माण | बाविके | | ५ | ५ | ५ | ५ | २० | ४० | |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था बाबिके | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | सहजकर्तालाई मन्टेस्वरी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउने | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| १२ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था तथा तलब भत्ता वृद्धि | पटक | | १ | १ | | १ | ३ | ६ | |
| १४ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | निरन्तर | | | | | | | | |
| १५ | क्लष्टर बैठक | सङ्ख्या | १ | २ | २ | २ | २ | ९ | १० | |
| १६ | हरेक क्लस्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १७ | नमुना बालविकास केन्द्र अवलोकन भ्रमण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.२ आधारभूत शिक्षा

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरू अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ । नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखेको छ । हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरिएको छ । शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिबद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरू पनि कार्यान्वयनमा आएको पाइँदैन । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिरहेको विद्यमान अवस्थामा व्यावहारिक परिवर्तन, श्रमको सम्मान, जीवनोपयोगी खोज, अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव नैतिक

आचरण र जिम्मेवारी, विज्ञान र प्रविधिको उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्ने उद्देश्यमा केन्द्रित रही यस खण्डमा आधारभूत शिक्षाको कक्षा १ देखि ८ सम्म आगामी ५ वर्षभित्रका विभिन्न क्रियाकलापहरू यस योजनामा समावेश गरिएको छ ।

### ३.२.१ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा आधारभूत तह (कक्षा १–५) मा २२ विद्यालय र आधारभूत तहकै, कक्षा १–८ सम्म ९ विद्यालयहरू छन् । कक्षा १ मा १५३ छात्रा र १६० छात्र गरी जम्मा ३१३ विद्यार्थी छन् । कक्षा २ मा १४८ छात्रा र १२६ छात्र गरी जम्मा २७४ विद्यार्थी छन् । कक्षा ३ मा १५८ छात्रा र १४३ छात्र गरी जम्मा ३०१ विद्यार्थी छन् । कक्षा ४ मा १४२ छात्रा र १५२ छात्र गरी जम्मा २९४ विद्यार्थी छन् । कक्षा ५ मा १४२ छात्रा र १४० छात्र गरी जम्मा २८२ विद्यार्थी छन् । यसरी, आधारभूत तह (कक्षा १ देखि ५ सम्म) र इसिडीको कुल सङ्ख्या ९११ छात्रा र ८७७ छात्र गरी जम्मा १७८८ विद्यार्थी छन् । कक्षा ६ मा १३४ छात्रा र १४४ छात्र गरी जम्मा २७८ विद्यार्थी छन् । कक्षा ७ मा १२५ छात्रा र १३२ छात्र गरी जम्मा २५७ विद्यार्थी छन् । कक्षा ८ मा १७५ छात्रा र १३३ छात्र गरी जम्मा ३०८ विद्यार्थी छन् । यसरी, आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) को कुल सङ्ख्या ४३४ छात्रा र ४०९ छात्र गरी जम्मा ८४३ विद्यार्थी छन् । यस गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर ९५.७ प्रतिशत, कुल भर्ना दर १०५.२ प्रतिशत, प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको ९५.६ प्रतिशत रहेको छ भने कक्षा ८ को टिकाउ दर ८७.७ प्रतिशत रहेको छ ।

रिड नेपालसँगको लागत साझेदारीमा बहुकक्षा बहुस्तर शिक्षण विधिबाट १४ ओटा विद्यालय सञ्चालनमा रहेका छन् । त्यसैगरी १४ ओटा विद्यालयमा युनाइटेड वर्ड स्कुलसँगको सहकार्यमा विद्यालयको संरचना र गुणस्तरमा काम थालिएकाले विद्यालयमा नियमित रूपमा सञ्चालन हुने सिकाइ क्रियाकलापमा थप प्रोत्साहन गरी सिकाइ उपलब्धि सुधारमा सहयोग पुऱ्याएको छ । आधारभूत शिक्षाको गुणस्तर सुधारका लागि विगतमा भएका धेरै प्रयासका कारण आधारभुत तहमा केही मात्रामा राम्रो उपलब्धि हासिल गर्न सकिएको छ । गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने सबै विद्यार्थीहरूको पोशाकमा क्रमशः एकरूपता कायम गर्न एवम् सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्नादर समेत अभिवृद्धि गर्ने मूल अभिप्रायका साथ कक्षा १ देखि कक्षा ५ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई पोशाक र स्कुल ब्याग निःशुल्क वितरण, विभिन्न विधामार्फत गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोषको स्थापना, विद्यार्थीहरू बिच प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्न प्रत्येक वर्षको एसइई परीक्षा र कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट GPA ल्याउने एक/एक जना छात्र/छात्रालाई उचित पुरस्कारको व्यवस्था जस्ता कार्यक्रमहरू निरन्तर सञ्चालनमा रहेका छन् ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्गा गाउँपालिकामा आधारभूत तहको शिक्षामा विभिन्न समस्याहरू देखिएका छन्। अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु, विद्यालयमा तहगत र विषयगत शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्न नसकिनु, शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी, विद्यालयमा शिक्षण सिकाइ अनुकूल वातावरणको निर्माणको कमी, शिक्षण प्रविधिमैत्री हुन नसक्नु, शैक्षिक संस्थाको नक्साङ्कनका आधारमा विद्यालयहरूको समायोजन र पुनर्वितरण हुन नसक्नु, विद्यार्थीहरूको सिकाइ सहजीकरणका लागि पर्याप्त सन्दर्भ/स्रोत सामग्रीहरूसहितको पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्न नसकिनु, विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु, शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी, विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी, र हरेक तह र कक्षामा विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर कायमै रहनु जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा कक्षागत र विषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न, अपाङ्गतामैत्री, बालमैत्री, विपद/प्रकोप उत्थानशील विद्यालय भौतिक पूर्वाधार विकास गर्न, रोजगारीका लागि मौसमि बसाइँसराइले गर्दा बालबालिकाहरूलाई विद्यालयमा नियमित गराउन, बाह्य बसाइँसराइ र घट्दो दरमा रहेको विद्यार्थी सङ्ख्या, भौगोलिक विकटता र अभिभावकको कमजोर आर्थिक अवस्था, विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने, शैक्षिक योजना कार्यान्वयनमा आर्थिक अभाव, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गराउनु, विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील बनाउनु, विद्यालयमा समतामूलक र समावेशी वातावरण सिर्जना गर्न, र अपाङ्गता भएका र अति सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच बिस्तार गर्नु र निरन्तरता दिनु आवश्यक छ ।

### ३.२.२ उद्देश्य

सिरीजङ्घा गाउँपालिका को १० वर्षे शिक्षा योजनाको आधारभूत तहका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. आधारभूत तहको शिक्षामा यस तहको उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।
३. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई निर्धारित समयावधिमा आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
५. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धि बराबर बनाउनु,
६. विद्यालयको भैतिक शैक्षिक र व्यवस्थापकीय वातावरण सुधार गरी बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउन
७. कक्षाकोठा छापामय निर्माण गरी सिकाइ उपलब्धि सुधार गर्नु,
८. आधारभूत तहका सबै विद्यालयमा सूचना प्रविधि तथा सञ्चारमा पहुँच पुऱ्याउनु,

### ३.२.३ रणनीति

१. सामुदायिक सचेनताका लागि अभियानमूलक कार्यक्रम सञ्चालनमा जोड दिने ।
२. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरू नरहेको घोषणा कार्यक्रम सञ्चालन गर्ने ।
३. विद्यालय नक्साङ्कनको विद्यालय समायोजन / पुनर्वितरण गर्ने ।
४. मातृभाषा / स्थानीय पाठ्यक्रमको कार्यान्वयनको वातावरणको निर्माण गर्ने ।
५. विद्यालय स्वास्थ्य र पोषण, दिवा खाजा, छात्रवृत्ति, सिकाइ सामग्री वितरण जस्ता प्रोत्सहनमूलक कार्यक्रम सञ्चालनमा विशेष जोड दिने ।
६. विपन्न, अपाङ्गता भएका बालबालिकाहरूको अवस्था पहिचान गरी सम्बन्धित वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
७. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षाभित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने ।

८. विद्यालयहरूमा भयरहित, प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी समतामूलक र समावेशी सिकाइ वातावरण निर्माण गर्ने ।

९. कक्षा (१-३) सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने ।

१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पदन मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा विकास गरी शिक्षकलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणालीको विकास गर्ने ।

११. शिक्षकहरूलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न शिक्षकको निरन्तर पेसागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१२. शिक्षकलाई पेसागत निरन्तर सहयोग पुऱ्याउनका लागि विषयगत विज्ञ एवम् अनुभवी पूर्व शिक्षक कर्मचारीहरूको सहभागितामा शिक्षक पेसागत सहयोग समूह (Roster) निर्माण र परिचालन गर्ने ।

१३. विद्यार्थीहरूलाई कम्तीमा हप्तामा एक दिन कक्षामा सिकेका सैद्धान्तिक ज्ञान, सिप तथा अभिवृत्तिलाई व्यवहारमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने ।

१४. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गरिने छ ।

१५. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।

१६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।

१७. परीक्षाबाट प्राप्त अङ्कलाई विद्यालय स्तर तथा पालिका स्तरमा विश्लेषण समीक्षासहित सुधार योजना तयार गरी लागु गरिने छ ।

१८. पालिकामा क्रमश निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमुना आधारभूत विद्यालय स्थापना गरिने छ ।

१९. छापामय कक्षाकोठा व्यवस्थापन नभएका कक्षा १देखि ३ सम्मका बाँकी विद्यालयहरूलाई आगामी ३ वर्षभित्र कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरी पूर्ण गरिने ।

२०. स्थानीय पाठ्यक्रममार्फत प्रकोप व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी ज्ञान दिने ।

२१. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने ।

**प्रमुख नतिजाहरू**

| क्र.स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ को खुद भर्ना दर | ९६.१ | ९६.७ | ९६.९ | ९७.३ | ९७.७ | ९८.३ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा १ को कुल भर्ना दर | १०२.५ | १०२ | १०१.५ | १०१ | १००.५ | १०० | १०० |
| ३ | कक्षा १ को कक्षा दोहोर्‍याउने दर | १८.५ | १५ | १२ | १० | ८ | ६ | १ |
| ४ | कक्षा १ को कक्षा छोड्ने दर | २.० | १.५ | १.२ | १.० | ०.७ | ०.५ | ० |
| ५ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.७५ | ९६ | ९६.५ | ९७ | १०० |
| ६ | कक्षा १-८ मा कुल भर्ना दर | १२९.४ | १२५ | १२२ | ११८ | ११५ | ११२ | १०५ |
| ७ | कक्षा ८ सम्मको टिकाउ दर | ८४.६ | ८५ | ८६ | ८७ | ८८ | ९९ | १०० |
| ८ | न्युनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभूत विद्यालय सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ४० |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | | लक्ष्य (१०वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आधारभूत तहका सबै बाल बालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामूलक कार्यक्रमसँगै भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ३ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ४ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास | सङ्ख्या | ० | २ | ५ | ५ | ५ | १७ | ३४ | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा योजना तयारी महामारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | ३ | ३ | ३ | ३ | १२ | २४ | सङ्घ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | | गाउँपालिका |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ |
| १० | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेसनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | गाउँपालिका |
| ११ | टुहुरा बालबालिकको लागि आवसीय विद्यालय सञ्चालन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | | ५० | गाउँपालिका |
| १२ | कक्षा १–३ मा छापामय कक्षाकोठा व्यवस्थापन | सङ्ख्या | ० | १० | ५ | ५ | ५ | ३५ | ४० | गाउँपालिका |
| १३ | एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १४ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १५ | गाउँपालिकाबाट अनुगमन तथा सुपरीवेक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | गाउँपालिका |
| १६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १७ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १८ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १९ | शैक्षिक प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | विभिन्न सङ्घ संस्थाहरूसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | गाउँपालिका र विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

नेपालको विद्यालय शिक्षाको संरचनामा कक्षा ९ देखि १२ सम्मको चार वर्षको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरिएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षाका धारहरू साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन । यस तहमा एकलपथीय पाठ्यक्रमको नीति अवलम्बन गर्ने गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७ देखि ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ । मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्द्धनका लागि सचेत नागरिकको जिम्मेवारी बहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवम् सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवम् सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन् । साथै विद्यार्थीहरूको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्त्यमा लिइने परीक्षा सङ्घबाट सञ्चालन हुने व्यवस्था छ ।

### ३.३.१ वर्तमान अवस्था

सिरीजङ्गा गाउँपालिका भित्र हाल ४० वटा विद्यालयहरू सञ्चालनमा रहेका छन । जसमा कक्षा १—१० सञ्चालित सामुदायिक विद्यालयको संख्या ९ वटा रहेको छ भने कक्षा १—१२ सञ्चालित कुल विद्यालय ४ वटा रहेका छन । यस गाउँपालिकाभित्र व्यवसायिक धारका विद्यालय १ वटा र नमुना विद्यालय १ वटा सञ्चालनमा रहेको छ । यस गाउँपालिकामा शैक्षिक सत्रको सुरुवातमा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीको अवस्था कक्षा ९ मा १४४ छात्रा र १७४ छात्र गरी जम्मा ३१८ विद्यार्थी छन् । कक्षा १० मा ८८ छात्रा र ८४ छात्र गरी जम्मा १७२ विद्यार्थी छन् । यसरी, माध्यमिक तह (कक्षा ९ देखि १० सम्म) को कुल सङ्ख्या २३२ छात्रा र २५८ छात्र गरी जम्मा ४९० विद्यार्थी छन् । कक्षा ११ मा ३१ छात्रा र १३ छात्र गरी जम्मा ४४ विद्यार्थी छन् । कक्षा १२ मा ३३ छात्रा र १५ छात्र गरी जम्मा ४८ विद्यार्थी छन् । यसरी, माध्यमिक तह (कक्षा ११ देखि १२ सम्म) को कुल सङ्ख्या ६४ छात्रा र २८ छात्र गरी जम्मा ९२ विद्यार्थी छन् । समग्रमा, सिरीजङ्घा गाउँपालिकामा कुल १६४१ छात्रा र १५७२ छात्र गरी जम्मा ३२१३ विद्यार्थीहरू छन् ।

सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९-१२) मा जम्मा ४६ शिक्षकहरू (दरबन्दी, अनुदान र राहत समेत) रहेका छन् । सिरीजङ्घा गाउँपालिकाको छात्रवृति ऐन (प्रथम संशोधन), २०८० मार्फत गाउँपालिका क्षेत्रभित्रका प्रत्येक सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई निःशुल्क पठनपाठनको व्यवस्था गरिएको छ । गाउँपालिका क्षेत्रभित्र माथिल्लो क्षेत्रका वडाहरू ६, ७ र ८ का माध्यमिक शिक्षा एसइई उत्तीर्ण विद्यार्थीलाई रिड नेपालको सहयोगमा प्राविधिक तथा व्यावसायिक र उच्च शिक्षाका लागि छात्रावृत्ति प्रदान गरिँदै आएको छ । ८ वटै वडाभित्रका सामुदायिक

विद्यालयहरू मध्येबाट प्रत्येक वर्षको एसइई परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एक छात्रा र एक छात्र गरी जम्मा २ जना विद्यार्थीहरूलाई प्राविधिक वा अप्राविधिक विधामा प्रवीणता प्रमाणपत्र वा सो सरहको शिक्षामा निःशुल्क छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिरहेको छ भने १ जना विद्यार्थीलाई एमबिबिएस पढ्नका लागि पनि छात्रावृत्ति प्रदान गरिँदै आएको छ । भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक प्रयास गरिएको छ । शिक्षकको क्षमता विकासका लागि विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन भइरहेको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकाको माध्यमिक शिक्षामा विभिन्न समस्या र चुनौतीहरू छन् । विद्यार्थी सिकाइ उपलब्धि न्यून हुनु, शिक्षण प्रविधिमैत्री हुन नसक्नु, शिक्षक व्यवस्थापनमा कठिनाइ, अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु, विद्यार्थीको सिकाइप्रति अभिभावक र विद्यालयको सचेतना अभाव, शैक्षिक संस्थाको नक्साङ्कनको अभाव, शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी, सिकाइ अनुकूल वातावरणको निर्माणको कमी, आवश्यक जनशक्तिको व्यवस्थापनमा कठिनाइ, विद्यार्थीहरूको स्वास्थ्य, पोषण र दिवा खाजाको व्यवस्थापनमा कमी, विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर शून्यमा झार्न नसक्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्न नसक्नु, र विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउन नसक्नु जस्ता समस्याहरू छन् ।
चुनौतीहरूमा शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्न, विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउन, विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्न, विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्न, भौगोलिक तथा आर्थिक रूपले विद्यालय छोड्ने बालबालिकाका लागि छात्राबासको निर्माण गर्न, माध्यमिक तहसम्मको शिक्षा पूर्ण रूपमा निःशुल्क गर्न, प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको बिस्तार गर्न, कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरूको कक्षा ११ मा भर्नादर बढाउन, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच बिस्तार गर्न, सिकाइको गुणस्तर सुधार गरी सिकारु सिकाइमा सुधार ल्याउन, र शिक्षकको पेसागत वृत्ति विकास गर्न आवश्यक छ।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच बिस्तार गर्नु,
२. माध्यमिक तहमा सबै बालबालिकाको सिकाइ उपलब्धि स्तरमा सुधार गर्नु,
३. माध्यमिक शिक्षामा कक्षोन्नति र टिकाउ दर बढाउनु,
४. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरलाई सहज बनाउनु
६. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
७. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
८. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।

### ३.३.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. माध्यमिक शिक्षा उमेरसमूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने,
२. निर्धारित मापदण्डअनुसार सङ्घ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा विद्यालय नक्साङ्कनमार्फत आवश्यकताअनुसार विद्यालयहरूलाई समायोजन तथा स्थापना गर्ने,
३. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
४. तहगत र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने,
५. माध्यमिक विद्यालयहरूमा गुणस्तर सुधारका लागि विद्यार्थी केन्द्रित रचनात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिने,
६. सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्थागतका साथै विपत् उत्थानशील भवन निर्माण गर्ने,
७. विपन्न, छात्रा, अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी उचित छात्रवृत्ति, आवसीय विद्यालय आदिको माध्यमबाट माध्यमिक तहको शिक्षाको निरन्तरताका लागि प्रोत्साहित गर्ने,
८. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र. अ. लाई उत्तरदायी बनाउने,
९. विद्यालयको कार्यसम्पादन परीक्षण गरी जवाफदेहिता, जिम्मेवारी, उत्तरदायित्व सुनिश्चित गर्ने,
१०. सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा माध्यमिक तहमा प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
११. कक्षा १ देखि कक्षा १० सम्म सञ्चालनमा रहेको गणित, विज्ञान र अंग्रेजीको कोचिङ कार्यक्रमलाई थप व्यवस्थित गर्ने,
१२. माध्यमिक आवासीय विद्यालय बिस्तार गर्ने ,
१३. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रूपमा शिक्षण कार्य अगाडि बढाइने छ ,
१४. लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधिमार्फत शिक्षण सिकाइलाई उच्च प्राथमिकता प्रदान गर्ने,
१५. शिक्षकले कक्षाकोठामा बिताउने समय कार्यविधि कार्यान्वयनमा ल्याउने ,
१६. शिक्षकको पेसागत सहयोगका लागि विज्ञ समूह परिचालन गरी सबै शिक्षकहरूलाई पेसागत सहयोगसम्बन्धी छलफल तथा पुनर्ताजकी तालिमहरू सञ्चालन गर्ने,
१७. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाउने ,
१८. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
१९. एउटा सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि पर्याप्त पूर्वाधारसहितको व्यवस्थापन गर्ने
२०. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्ने ।

### ३.३.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने,
२. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**नतिजा**

| क्र.स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८५ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ९-१० मा कुल भर्ना दर | ८७.१ | ८७.५ | ८८ | ८९ | ९० | ९२ | ९८ |
| २ | कक्षा ९-१० मा खुद भर्ना दर | ७९.२ | ८० | ८२ | ८४ | ८६ | ८८ | १०० |
| ३ | कक्षा ९-१० को कक्षा छोड्ने दर | २.१ | २.० | १.७५ | १.५० | १.२५ | १ | ०.२ |
| ४ | कक्षा ९-१० कक्षा दोहोर्‍याउने दर | ३.९ | ३.५ | ३ | २.५ | २ | १.५ | ०५. |
| ५ | कक्षा ९-१० को नयाँ भर्ना दर | १.८ | २ | २.५ | ३ | ३.२५ | ३.५ | ७ |
| ६ | कक्षा ९-१० मा कुल भर्ना दर | ८७.१ | ८७.५ | ८८ | ८९ | ९० | ९२ | |
| ७ | कक्षा ९-१० मा खुद भर्ना दर | ७९.२ | ८० | ८२ | ८४ | ८६ | ८८ | |
| ८ | कक्षा ११-१२ मा कुल भर्ना दर | ८४.४ | ८५ | ८७ | ८८ | ८९ | ९० | ९९ |
| ९ | कक्षा ११-१२ मा खुद भर्ना दर | ४६.७ | ४८ | ५० | ५३ | ५७ | ६० | ७५ |
| १० | कक्षा ११-१२ को नयाँ भर्ना दर | ५.५ | ६.६ | ६.७ | ६.८ | ६.९ | ७ | |
| ११ | प्रकोप विपत तथा सङ्कट महामारी लगायतका परिस्थितिप्रति उत्थानशील विद्यालय सङ्ख्या | ११ | १५ | १७ | २० | २२ | २५ | ४० |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष ) | | | | | | भौतिक लक्ष्य ( १० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | | | | १ | १ | गाउँपालिका |
| ३ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ४ | प्राविधिक धारको शिक्षाको बिस्तार | सङ्ख्या | | १ | | १ | | २ | ४ | गाउँपालिका |
| ५ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | सङ्ख्या | ० | | १ | | | | १ | सङ्घ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | सङ्ख्या | | | १ | | | | २ | सङ्घ / प्रदेश/ गाउँपालिका |
| ७ | भौतिक संरचना नियमित मर्मत, सम्भार, निर्माण र विषयगत प्रयोगशाला आदिको व्यवस्थापन | पटक | | २ | २ | २ | ३ | ९ | १८ | सङ्घ / प्रदेश/ गाउँपालिका |
| ८ | नमुना माध्यमिक विद्यालय बिस्तार | सङ्ख्या | | १ | | १ | | २ | ४ | सङ्घ / प्रदेश/ गाउँपालिका |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ / प्रदेश/ गाउँपालिका |
| १० | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | पटक | १ | २ | २ | २ | २ | १० | २० | सङ्घ / प्रदेश/ गाउँपालिका |
| ११ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १२ | प्रकोपप्रति सचेत रहन योजना विकास | पटक | | १ | | | | १ | १ | गाउँपालिका |
| १३ | अतिसीमान्तकृत, सीमान्तकृत, दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | | १०० | सङ्घ |
| १४ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेसनरी इत्यादि वितरण | पटध | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १५ | शिक्षकको पेसागत विकासका लागि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १६ | शैक्षिक सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | गाउँपालिका |
| १७ | कोचिङ कक्षा सञ्चालन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | गाउँपालिका |
| १८. | शिक्षकको पेसागत विकासका लागि विज्ञ समूह परिचालन | निरन्तर | | | | | | | | |
| १९ | योग,ध्यान र प्राणायामको लागि क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | बालक्लब, जुरेस, स्काउटको ट्रुप, बालसञ्जाल गठन | सङ्ख्या | १० | १० | १० | १० | | ४० | ४० | |
| २१ | सरोकारवालाहरूसँग समन्वय सहकार्य तथा अन्तरक्रिया छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | उच्च तथा प्राविधिक शिक्षा पढ्न चाहने विद्यार्थीलाई छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २४ | सहभागितामूलक र नतिजामूलक अनुगमन र मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

उच्च दक्षता र सिपयुक्त जनशक्ति उत्पादन गर्नु नै शिक्षाको मूल अभिप्राय रही आएको छ । गरिखाने शिक्षा, आजको आवश्यकता भने उक्तिलाई साकार पार्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एक उच्च प्राथमिकता प्राप्त उपक्षेत्र सावित भएको छ। विकासलाई निकास दिन प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। प्राविधिक शिक्षाबिनाको शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन्। हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रूपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ । सिरीजङ्घा गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत र साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ। श्रमलाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र बिस्तार गरेर सबल सुदृढ तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न स्वदेशमा नै उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै उद्यमशीलता, व्यवसायिकता र रोजगारीको अवसर वृद्धि गर्दै जानु आवश्यक छ।

#### ३.४.१ वर्तमान अवस्था

सिरीजङ्घा गाउँपालिकालाई यसको भौगोलिक बनोट तथा हावापानीअनुसार कृषि तथा पशुपालनका लागि उपयुक्त क्षेत्रमा मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरू बिचबाट यस क्षेत्रको वडा नं. १ अन्तर्गत पर्ने श्री सिनाम माध्यमिक विद्यालयमा बालीविज्ञान अन्तर्गत प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने समुदाय र विद्यालय व्यवस्थापन समितिको निर्णय र सिरीजङ्घा गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय स्थापना भएको छ यस सिनाम माध्यमिक विद्यालयमा प्राविधिक धारको कक्षाहरू सञ्चालन भइरहेको छ । यस विद्यालयमा अन्य प्राविधिक धारतर्फ कृषि, भेटनरी, सिभिल इन्जिनियरिङ र स्वस्थ्य सेवाको कोर्षहरू सञ्चालनमा आएका छन् । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको तथा प्राविधिक सिप विकास तालिम परिषद्को प्राविधिक विद्यालय स्थापनार्थ बनाइएको सहज नीति अनुरूप एक गाउँपालिका थप प्राविधिक विद्यालयको स्थापनाका लागि माध्यमिक तह सञ्चालित विद्यालयहरू प्रक्रिया पुऱ्याउन नियम, नीति, निर्देशिकाको खोजी गरी सबैलाई सहज

हुने विद्यालयमा सञ्चालन गर्नुपर्छ भन्ने मानसिकतामा अगाडि बढेको अवस्था छ । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको अपनत्व विकास हुन जरुरी छ । कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, कार्पेन्ट्री, सङ्गीत, ललितकला जस्ता विषयमा समेत प्राविधिक धारको शिक्षा सञ्चालन गर्ने सम्भाव्यता रहेको छ । गाउँपालिकाको थप प्राविधिक तथा व्ययवसायिक शिक्षालय स्थापनाको लागि लक्ष्य लिएको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षामा विभिन्न समस्याहरू छन् । शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधारको अभाव, दक्ष जनशक्ति शिक्षक/प्रशिक्षकको न्यून उपलब्धता, आवश्यक वित्तीय स्रोतको कमी, प्राविधिक तथा व्यावसायिक विषयहरूको विविधीकरणको अभाव, विद्यार्थी सिकाइ उपलब्धि न्यून, शिक्षण प्रविधिमैत्री हुन नसक्नु, र प्राविधिक शिक्षामा आर्थिक सामाजिक रूपमा पछि परेका वर्ग समुदायको पहुँच सहज हुन नसक्नु जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, बिस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागलाई पूर्ति गर्न सक्ने जनशक्तिको उत्पादन, विपत् उत्थानशील एवम् प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास, र गुणस्तरीयता अभिवृद्धिका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न आवश्यक छ ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच बिस्तार गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुधार गर्नु,
३. स्वरोजगारीको अवसर अभिवृद्धि गर्नु,
४. जीवनोपयोगी प्राविधिक सिपको विकास हुने गरी, संस्थागत विकास तथा सुदृढीकरण गर्ने,
५. माग र जनसङ्ख्याको आधारमा थप प्राविधिक विद्यालयहरू स्थापना गर्नु ।

### ३.४.३ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. गाउँपालिका प्राविधिक धारका विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गर्ने,
२. गाउँ पालिका क्षेत्रभित्र सचालित सामुदायिक विद्यालयहरूमा कम्तीमा ३ ओटा मुख्य प्राथिमकतामा रहेका बजारको मागमा आधारित प्राविधिक विषय (कृषि, कम्प्युटर इन्जिनियरिङ, सिभिल) मा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न उच्च प्राथमिकता दिने,
३. प्राविधिक धारको विषयमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने,
४. प्राविधिक धारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक नियुक्ति गर्ने पद्धतिलाई प्रतिस्पर्धी बनाई योग्य, दक्ष र क्षमतावान् व्यक्ति नियुक्ति हुने अवस्थाको सुनिश्चित गर्ने,

५. प्राविधिक धारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक तथा अन्य प्राविधिक जनशक्तिको निरन्तर पेसागत क्षमता विकासमा विशेष जोड दिने,

६. प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालित विद्यालयमा ICT ल्याब, पुस्तकालय एवम् प्रयोगशालाको उचित प्रबन्ध मिलाउने,

७. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँ पालिकाभित्रै रोजगारीको अवसर प्रदान गर्ने,

८. प्राविधिक तथा व्यावसायिक शिक्षाका उत्पादनलाई स्वरोजगार तथा रोजगारको अवसरका लागि सहजीकरण गरी श्रमबजारसँग आबद्ध गराइदिने ,

९. यस पालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूमध्ये विद्यार्थीको वर्तमान अवस्था विश्लेषण गरी सम्बन्धित निकायमा थप प्राविधिक विद्यालय स्थापनाका लागि पहल गर्ने,

१०. प्राविधिक शिक्षाको सुदृढीकरणको लागि प्राविधिक सिप परीक्षण केन्द्रबाट अनुदान माग गरी सो अनुकूल कार्य गर्न सहजीकरण गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपन्न, अतिसीमान्तकृत, अपाङ्गता भएका युवाहरूको प्राविधिक धारको शिक्षामा पहुँच बिस्तार भएको हुने छ ।

२. गाउँपालिकामा रहेका प्राविधिक धारका विद्यालयहरूमा प्रशासनिक र व्यवस्थापकीय रूपले व्यवस्थित भएका हुने छन् ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

| क्र. स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धार तर्फको विद्यालय सङ्ख्या | १ | १ | १ | २ | २ | २ | ४ |
| २ | प्राविधिक धारको अध्ययन हुने विषयहरू तथा क्षेत्र सङ्ख्या | ५ | ५ | ७ | ७ | १० | १० | १५ |
| ३ | प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको प्रतिशत | २ | ४ | ७ | ८ | १० | १२ | २० |
| ४ | उत्पादित जनशक्तिले गाउँ पालिकामा नै रोजगारी पाउने वा स्वरोजगारी सङ्ख्या | १५ | २० | ३० | ३५ | ४० | ५० | १०० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य (१० वर्ष) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धारतर्फको विद्यालय थप गर्ने | सङ्ख्या | | १ | | | | | २ | |
| ३ | गरिब तथा जेहेन्दार, दलित विद्यार्थीलाई छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्राबाससहितको भवनको व्यवस्था गर्ने | सङ्ख्या | | १ | १ | १ | १ | ४ | ८ | |
| ५ | प्राविधिक शिक्षक तथा कर्मचारीको व्यवस्था गर्ने | पटक | | ४ | ४ | ४ | ४ | ८ | १६ | |
| ६ | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | प्रयोगशालाका लागि सामाग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | रोजगार परामर्श सेवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | उत्पादित जनशक्तिलाई गाउँ पालिकामा नै रोजगारीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | नमुना कक्षाकोठा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

### ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक तथा आजीवन सिकाइ हो। औपचारिक पद्धतिभन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम, आजीवन सिकाइ स्वरूपमा र साक्षर नेपाल वर्ष कार्यक्रम सञ्चालन, आनौपचारिक तथा खुला सिकाइ कार्यक्रमका साथै अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारुप २०७७, सामुदायिक सिकाइ के न्द्र सञ्चालन एवम् व्यवस्थापन मापदण्ड २०७८, परम्परागत शैक्षिक संस्था सञ्चालन एवम् व्यवस्थापन मापदण्ड, २०७९ आदिलाई आधार बनाई अनौपचारिक तथा आजीवन शिक्षा व्यवस्थित गर्दै आइरहेको छ। संविधानमा शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्य नं ४, आवधिक योजनामा समेत नागरिकले शिक्षा

पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको बिस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । वि. सं . २०८५ वैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भएसँगै निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्त्वपूर्ण रहेको देखिन्छ ।

### ३.५.१ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, २०७६ अनुसार हालसम्म राष्ट्रियस्तरमा युवा साक्षरता १५-२४ वर्षको ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५+ वर्षको ५८ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको ५ वर्षमाथिको साक्षरता दर ७६.३ रहेको छ । हालै सार्वजनिक गरिएको चौथो राष्ट्रिय जीवनस्तर सर्वेक्षण प्रतिवेदन (२०२२/२३) ले ५ वर्षभन्दा माथिको राष्ट्रिय औसत साक्षरता दर ७७.४ प्रतिशत र १५ वर्षभन्दा माथिको साक्षरता दर ७२.५ प्रतिशत पुगेको तथ्य उजागर गरिएको छ । यो दर राष्ट्रिय जनगणना २०२१ मा भन्दा १.१ प्रतिशत बढी हो । यो स्थितिमा साक्षरता दरमा वृद्धि गर्न अनौपचारिक तथा आजीवन सिकाइको महत्त्वपूर्ण भूमिका रहेको छ । अतिसिमान्तकृत समुदायको बसोबास, दलित, विपन्नको शिक्षामा पहुँच, मौसमी बसाइँसराइ आदि कारणले शतप्रतिशत विद्यार्थीलाई भर्ना गराउन नसकिरहेको र सिकाइ निरन्तरताको वातावरण सिर्जना गर्न नसकेको वर्तमान अवस्थामा अनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित गर्नु अति सन्दर्भिक देखिन्छ । गाउँ पालिकामा हाल २ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन् । सिलाइ-कटाइ तालिम, विद्यार्थीका प्रतिभा पहिचानका कार्यक्रम, स्यानिटरी, पुस्तकालयको व्यवस्थापन, साक्षरता कार्यक्रम आदिजस्ता कार्यक्रमहरू गाउँपालिकाभित्रका सिकाइ केन्द्रले सञ्चालन गर्ने गरेका छन् । यस सिरीजङ्घा गाउँपालिकाको २०७८ सालको जनगणनाअनुसार साक्षरता दर ८३.५ प्रतिशत रहेको छ । जसमध्ये पुरुष ९०.१ र महिलाको साक्षरता दर ७६.७ प्रतिशत रहेको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा साक्षरता सिपको दिगोपना, दैनिक व्यावहारिक जीवनसँग आबद्धता, र साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रमहरूको अभाव जस्ता समस्याहरू छन् । अनौपचारिक शिक्षा प्रदायक संस्थाहरूको संस्थागत स्वरूप दिगो नहुनु, सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी सञ्चालन नहुनु, शिक्षण प्रविधिमैत्री कक्षाहरूको अभाव, न्यूनतम बजेटको व्यवस्था नहुनु र परिचालिका तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि नहुनु जस्ता समस्याहरू पनि छन् ।

चुनौतीहरूमा गाउँपालिकालाई साक्षर घोषणा गरिए पनि अझै ठुलो सङ्ख्यामा निरक्षरता विद्यमान रहनु, अनौपचारिक शिक्षाबाट हासिल गरिएको साक्षरता सिप र औपचारिक शिक्षाबीच समकक्षता कायम गर्नु, र अनौपचारिक शिक्षा कार्यक्रममार्फत हासिल भएको साक्षरता सिपलाई दैनिक व्यावहारिक जीवनसँग आबद्धता कायम गर्नु आवश्यक छ ।

### ३.५.२ उद्देश्य

१. शिक्षाको अवसरबाट वञ्चित भएका वर्ग समुदायका नागरिकहरूलाई वैकल्पिक माध्यमबाट निरन्तर एवम् आजीवन शिक्षाको अवसर बिस्तार गर्नु,
२. साक्षरता, निरन्तर एवम् आजीवन शिक्षा दैनिक व्यावहारिक जीवनका लागि आवश्यक सिपसँग आबद्ध गर्नु,

३. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छाड्ने बालबालिकाहरूलाई औपचारिक शिक्षामा पुनः प्रवेशको अवसर सिर्जना गर्नु।

### ३.५.३ रणनीति

१. साक्षरतासम्बन्धी तथ्याङ्कीय आधार (database) अद्यावधिक गर्ने,
२. साक्षरता तथा साक्षरोत्तर शिक्षालाई अभियानको रूपमा सञ्चालन गर्ने,
३. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने,
४. सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्र एवम् आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
५. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने,
७. सामुदायिक सिकाइ केन्द्रका सञ्चालक, व्यवस्थापन एवम् परिचालकहरूको निरन्तर क्षमता विकासमा जोड दिने,
८. दैनिक व्यवहारिक जीवनमा आइपर्ने ज्ञान तथा सिपसँग आबद्ध गराई अनौपचारिक, निरन्तर एवम् जीवनपर्यन्त सिकाइका लागि आवश्यक स्तरीकृत सिकाइ सामग्रीहरूको निर्माण र प्रयोगमा जोड दिने,
९. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन सिप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने,
१०. विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको पहिचान गर्ने,
११. विद्यालय बाहिरका बालबालिकाहरूको सिकाइको स्तरअनुसार समूहमा विभाजन गरी द्रुत सिकाइको माध्यमबाट वैकल्पिक सिकाइ प्रणालीअनुसार तहगत पाठ्यक्रम बमोजिम सिक्ने अवसर उपलब्ध गराउने,
१२. तहगत पाठ्यक्रमद्वारा निर्दिष्ट अवधिभरिको सिकाइपश्चात औपचारिक शिक्षा अन्तर्गत निर्धारित कक्षामा भर्नाको अवसर प्रदान गर्ने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने।

**नतिजा**

| क्र. स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल साक्षरता दर (प्रतिशत) | ८३.५ | ८४ | ८५ | ८६ | ८७ | ८८ | ९५ |
| २ | ५ वर्षभन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ९०.१ | ९०.५ | ९१ | ९१.५ | ९२ | ९२.५ | ९८ |
| ३ | ५ वर्षभन्दा माथिको महिलाको | ७६.७ | ७८ | ८० | ८२ | ८५ | ८८ | ८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साक्षरता प्रतिशत | | | | | | | |
| ४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ८ |

### ३.५.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको विवरण सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | सङ्ख्या | | | १ | | १ | २ | २ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालय स्थापना | पुस्तकालय | | २ | | | २ | ४ | ८ | गाउँपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास | सङ्ख्या | | | १ | | १ | २ | ४ | गाउँपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारित सङ्घ संस्थासँग समन्वय गर्ने | निरन्तर | | | | | | | | सा. सि.के. |
| ७ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | सा. सि.के. |
| ८ | परिचालकको क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल संयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा,व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारुकेन्द्रित र तथ्यपरक हुनुपर्दछ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिवेश अनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो । व्यावसायिक शिक्षा, स्वास्थ्य, शारीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, सङ्गीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ । विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सचार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहार कुशल सिपका रूपमा एकीकृत गर्नुपर्छ ।

#### ४.१.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरेको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रलाई प्रदान गरिए तापनि कक्षा (१-३) सम्म ५ पाठ्यघण्टा, १६० कार्यघण्टा र कक्षा (४-८) सम्म ४ पाठ्यघण्टा, १२८ कार्यघण्टा रहेको मातृभाषा/स्थानीय पाठ्यक्रम स्थानीय तहले निर्माण गर्ने व्यवस्था गरिएको छ । सिरीजङ्घा गाउँपालिकामा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गरिँदै आएको व्यहोरा सर्वविदितै छ । स्थानीय पाठ्यक्रमको विकासको लागि यसै आर्थिक वर्षबाट बजेट विनियोजन गरिएको छ । शैक्षिक सत्र २०८२ सालदेखि आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम विकास गरी लागु गर्ने योजना रहेको छ । स्थानीय पाठ्यक्रमले यस गाउँपालिकाको समग्रता झल्काउन मद्दत पुर्‍याई बालबालिकालाई आफ्नो पालिकासँग परिचित हुन सहयोग पुर्‍याउँदछ । मूल्याङ्कनसम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा (१-३) सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा (४-८) मा ५०% निरन्तर र ५०% आवधिक परीक्षाबाट हुने व्यवस्था रहेको छ ।

**समस्याहरू**

यस गाउँपालिकामा मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोगमा कठिनाइ, राष्ट्रिय र स्थानीय पाठ्यक्रमको मर्म अनुरूप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा कठिनाइ, शिक्षकद्वारा लिइएको पेसागत सिप विकास तालिमको प्रभाव न्यून हुनु, पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइमा मात्र जोड दिइनु, पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाको प्राथमिकता न्यून हुनु, निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, अपाङ्गमैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोगमा कठिनाइ, स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा कठिनाइ, शिक्षक निर्देशिकाको वितरण र प्रयोगमा कमी, र पाठ्यक्रम कार्यान्वयनमा स्रोत र साधनहरूको अपर्याप्तता जस्ता समस्याहरू छन् ।

अवसरहरूमा पाठ्यक्रम कार्यान्वयन अवस्था पत्ता लगाउन सूचकको आधारमा सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्न, पाठ्यक्रमका ज्ञान, सिप र प्रविधिलाई आधुनिक प्रविधि (ICT) सँग सामञ्जस्य गर्न, स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रूपमा विकास तथा परिमार्जन गर्न, निरन्तर

मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्न सकिन्छ ।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा निम्न लिखित उद्देश्यहरू राखेको छ ।

१. पाठ्यक्रमको उद्देश्य अनुरूप सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको निर्माण गरी कार्यान्वयन गर्नु ,
३. सिकाइका लागि उपयुक्त तथा सहयोगी पाठ्य सामग्रीको विकास तथा व्यवस्थापन गर्नु,

### ४.१.३ रणनीति

उद्देश्यहरू हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने ,
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ,
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,
४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वःअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
७. समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरूलाई प्राथमिकता दिई स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास र अभिमुखीकरण गर्ने,
८. मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
१०. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने,
११. पाठ्यक्रम र मूल्याङ्कनको कार्यन्वयनको स्थिति पहिचान र आवश्यक प्राविधिक सहायता उपलब्ध गराउन सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गर्ने ।
१२. स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध सिरीजङ्घा निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धानमूलक तथा आवधिक मूल्याङ्कनमा आधारित बनाउने ।
१३. स्थानीय पाठ्यक्रममार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत्, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षादेखि नै बालबालिकाहरूलाई सक्षम बनाउँदै लैजाने ।

### ४.१.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- स्थानीय भाषा, कला, संस्कृति, इतिहास, परम्परागत सिप तथा ज्ञान, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ।
- पाठ्यक्रमको उद्देश्य अनुरूप सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको निर्माण गरी कार्यान्वयन भएको हुनेछ।
- आवधिक, निरन्तर मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन र सूचकमा आधारित सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजाहरू**

| क्र.स | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २५ | ३० | ४० | ४० | ४० | ४० | ४० |
| ३ | निरन्तर विद्याथी मूल्याङ्कन गर्ने विद्यालय | २० | २५ | ३० | ४० | ४० | ४० | ४० |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | ४० | ४० | ४० | ४० | ४० |
| ५ | स्थानीय पाठ्यक्रम लागु भएको विद्यालय सङ्ख्या | ० | ० | ४० | ४० | ४० | ४० | ४० |

### ४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | | भौतिक लक्ष्य १०) वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम निमार्णका लागि बजेट विनियोजन | पटक | १ | | | | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन | पटक | | नि. | नि. | नि. | नि. | नि. | नि. | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | पटक | | १ | १ | १ | १ | ४ | ९ | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधीकरण | पटक | | १-५ | ६-८ | | | | | गाउँपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | | |
| | मूल्याङ्कन गर्ने नमुना साधन विकास | पटक | | | १ | १ | १ | ३ | ८ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा /विषय | सबै | सबै | सबै | सबै | स बै | सबै | सबै | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | | |
| | मातृभाषा वा स्थानीय भाषामा शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | कक्षा /विषय | | | | | १-५ | | ६-८ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | | ७० | सङ्घ |
| ५ | पाठ्यक्रम र शैक्षणिक योजनासम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ/स्थानीय |
| ६ | पाठ्यक्रम,पाठ्यसामग्रीसम्बन्धी प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ/स्थानीय |
| ७ | अनुगमन र मूल्याङ्कनसम्बन्धी सूचक निर्धारण | पटक | १ | | | | | १ | १ | गाउँपालिका |

### ४.२ शिक्षक व्यवस्थापन तथा विकास

शिक्षकलाई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिल गर्ने तथा शिक्षा योजनालाई कार्य रूपमा बदल्ने अनिवार्य मानवीय स्रोतका लिनु पर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षामा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र दक्षता र नमुना व्यक्तित्व प्रदर्शन र विद्यार्थीहरूको सिकाइमा सकरात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी हुन्छ । शिक्षक व्यवस्थापन र विकासले शिक्षकको प्राप्ति, शिक्षक विकास, शिक्षकको समुचित उपयोग र शिक्षक सम्भार लगायतका विस्तृत पक्षहरू समेटेको हुन्छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समानता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई प्राथमिकता राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ । नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिनेछ ।

### ४.२.१ वर्तमान अवस्था

गाउँ पालिकामा आधारभूत तह कक्षा (१-३) र कक्षा (१-५) सञ्चालित विद्यालयहरूमा शिक्षकको दरबन्दी पर्याप्तता रहेको तर विषयगत शिक्षकको प्रावधान नरहेकाले गणित, अङ्ग्रेजी अध्यापन गराउन केही कठिन देखिएको छ। आधारभूत तह कक्षा (६-८) मा विषयगत शिक्षकको दरबन्दी न्यून रहेकाले गाउँपालिकाले गाउँ अनुदान शिक्षकको व्यवस्था गरेको छ। माध्यमिक तहमा पनि सोही अनुसारको समस्या जीवित रहेको छ। शिक्षकको वृत्ति विकासका लागि गाउँपालिकाले विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश र सङ्घसँग समन्वय सहकार्य गरी तालिम सञ्चालन गरेको छ। तालिममा सिकेका विषयवस्तु व्यावहारिक रूपमा कक्षाकोठामा प्रयोगको स्थिति केही सुधार्नु पर्ने देखिन्छ। पुनर्ताजगी तालिम सचालन गर्न सहज भए पनि शिक्षक पेसागत विकास (TPD) तालिम शिक्षकहरूको माग बढी भए पनि स्थानीय तहले सञ्चालन गर्न सक्ने प्रावधान नरहेकाले शिक्षकहरूलाई तालिम प्रदान गर्न सकिएको छैन। सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपूर्तिलाई हेर्दा ४० वटा सामुदायिक विद्यालयमा जम्मा १९३ जना शिक्षक कार्यरत रहेका छन्। जसमा ११६ जना आधारभूत तह(१-५), ३४ जना आधारभूत तह(६-८), ३३ जना माध्यमिक तह(९-१०) र ४ जना माध्यमिक तह(११-१२) रहेका छन्। तर यो स्थायी दरबन्दी मात्रै हो। यसका अतिरिक्त उपरोक्त सामुदायिक विद्यालयमा ४२ जना विद्यालय कर्मचारीहरू समेत कार्यरत रहेका छन्। तहगत रूपमा हेर्दा EMIS २०८१ अनुसार सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र २८३ जना बालबालिका बालविकास तहमा अध्ययनरत रहेका छन भने ४२ जना बालविकास सहयोगी कार्यकर्ताहरू कार्यरत छन्। जसअनुसार बालविकास तहमा शिक्षक विद्यार्थी अनुपात १: ११ रहेको छ। एवम् प्रकारले आधारभूत तह (कक्षा १-८) मा जम्मा ३२४७ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने सोही तहमा कार्यरत शिक्षकको सङ्ख्या ११४ रहेको छ। जसअनुसार कक्षा १-८ को शिक्षक विद्यार्थी अनुपात १:१९.७१ रहेको छ। माध्यमिक तह (कक्षा ९ र १२) मा जम्मा ८३२ विद्यार्थी अध्ययनरत रहेकोमा सोही तहमा कार्यरत शिक्षकहरूको सङ्ख्या २७ रहेको छ। जसअनुसार माध्यमिक तह (कक्षा ९ र १२) मा शिक्षक विद्यार्थी अनुपात १:३०.८१ रहेको छ।

उपरोक्त तथ्याङ्कमा विद्यालयबाट नियुक्त गरिएका निजी स्रोतका शिक्षकको विवरण समावेश भएको छैन। निजी स्रोतका शिक्षकहरू समेत तथ्याङ्कमा समावेश गर्ने हो भने शिक्षक विद्यार्थी अनुपातमा केही फरक जान्छ। माथि प्रस्तुत गरिएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने हो भने माध्यमिक तह कक्षा ९ -१२ मा विद्यार्थीको अनुपातमा शिक्षकको सङ्ख्या ज्यादै न्यून रहेको देखिन्छ। यसका पछाडिको कारण भनेको विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएका अनुमति प्रदान गरेअनुसारको शिक्षक दरबन्दी वितरण नगर्नु हो। आगामी दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरेपश्चात शिक्षक दरबन्दी पनि प्रदान गर्नु वाञ्छनीय छ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा विभिन्न समस्याहरू पहिचान गरिएका छन्। विद्यालयमा आवश्यक कक्षागत/विषयगत शिक्षक दरबन्दीको कमी, वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान गर्न कठिनाइ, शिक्षकको पेसागत उन्नयनका लागि आवश्यकतामा आधारित तालिमको कमी, शिक्षकको निरन्तर पेसागत विकासका लागि पेसागत सहयोग (जस्तैः कोचिङ, मेन्टोरिङ) उपलब्ध गराउन नसकिनु, र उत्तरदायित्व र जवाफदेहितामा कमी जस्ता समस्याहरू छन्। चुनौतीहरूमा शिक्षण पेसामा उच्च शैक्षिक उपलब्धि भएका जनशक्तिलाई आकर्षण गर्न, पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षणविधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापना गर्न, शिक्षकको पेसागत विकासको अवसर बिस्तार र प्रभावकारितामा सुधार गर्न, शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्न, र विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्न आवश्यक छ।

### ४.२.२ उद्देश्य

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन्

१. विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्नु,
२. शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु
४. शिक्षकको छनोट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
५. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षक प्रबन्ध गर्नु
६. सुपरिवेक्षण, शिक्षक तालिम लगायतक अन्य आवश्यक प्रणालीको व्यवस्था गरी शिक्षकलाई पेसाप्रति थप जवाफदेही बनाउनु

### ४.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू पुरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन्।

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने,
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ,
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
६. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
७. शिक्षकको कार्यसम्पादनमा सुधारमा ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न उत्कृष्ट शिक्षकलाई गाउँपालिका स्तरको पुरस्कारको व्यवस्था गर्ने,
८. शिक्षकलाई क्रियात्मक अनुसन्धान प्रकृयाबाट विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न प्रेरित गर्ने,
९. अस्थायी, करार, राहत अनुदान तथा उच्च माध्यमिक तहमा कार्यरत शिक्षकले समेत अनिवार्य रूपमा गाउँपालिकासमक्ष आफूले सम्पादन गरेका कार्यहरूको मूल्याङ्न गर्न फाराम भरी पेस गर्नुपर्ने व्यवस्था गर्ने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
- शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको | ४ | १० | २० | २८ | २८ | २८ | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | | | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ८० | ८३ | ८६ | ८९ | ९२ | ९५ | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १५ | ३० | ४० | ४० | ४० | ४० |
| ६ | मापदण्ड अनुसार शिक्षक दरबन्दी मिलान भएको विद्यालय सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४० | ४० |

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष )** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २ | पालिका स्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | गाउँपालिका |
| ३ | शिक्षक पेसागत सहयोगको लागि विज्ञहरूको छनौट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | असल अभ्यास गरेका विद्यालयहरूको अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ५ | उपचारात्मक शिक्षण पद्धति | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ६ | एक विद्यालय एक पुस्तकालय | सङ्ख्या | | ३ | ३ | ३ | ३ | १२ | ४० | सङ्घ / प्रदेश/ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | गाउँपालिका |
| ७ | एक विद्यालय एक ICT ल्याब | सङ्ख्या | | १ | १ | २ | २ | ६ | १२ | सङ्घ / प्रदेश/ गाउँपालिका |
| ८ | शिक्षकहरूको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | निरन्तर | | | | | | | | गाउँपालिका |
| ९ | पेसागत शैक्षिक कक्षा अवलोकन र त्रैमासिक बैठक (विज्ञ समूह) बिच | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | गाउँपालिका |
| १० | छोटो अवधिको पुनर्ताजकी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेस्वरी तालिम | सङ्ख्या | | १० | १० | १० | १० | ४० | ८० | गाउँपालिका |
| ११ | शिक्षक लामो बिदामा बस्दा हुने सिकाइका लागि वैकल्पिक व्यवस्था | सबै विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | | गाउँपालिका |
| १२ | उत्कृष्ट विषयगत शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| १३ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ / प्रदेश/ गाउँपालिका |
| १४ | शिक्षकले कक्षाकोठामा बिताउने समयको अनुगमन तथा सुपरिवेक्षण तथा सहयोग | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । प्रत्येक बालबालिकाको शैक्षिक अधिकार प्राप्तका लागि समतामूलक पहुँच भएको शिक्षा प्रणाली नै समावेशी शिक्षा हो । बालबालिकाहरूमा भएका विविधताको आधारमा सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको मूल मर्म हो । सामाजिक आर्थिक स्थिति, लैङ्गिकता, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धिमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अवलम्बन गरिने उपाय वा थप अवसर नै समता हो ।

व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट बिचलित हुनु परेको अवस्था हुन सक्छ। केही विद्यार्थीहरूले बिचैमा पढाइसमेत छोडेको पाइन्छ। सबैको शिक्षामा पहुँच पुऱ्याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ। विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहस्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरूले समेत समावेशी शिक्षालाई समावेश गरेका छन। विभिन्न समयमा यससम्बन्धी नीतिगत एवम् संस्थागत प्रयास भएका छन। यस गाउँपालिकाअन्तर्गत आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वर्गको पहुँच पुऱ्याउनको लागि यो गाउँ शिक्षा योजनाले केही नीतिगत प्रावधानहरू राखेको छ।

### ४.३.१ वर्तमान अवस्था

सिरीजङ्घा गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक गाँउपालिका हो। यहाँ लिङ्गको आधारमा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी छ। ब्राम्हण, क्षेत्री तथा नेवार समुदायको तुलनामा लिम्बू, शेर्पा ,दलित वा अन्य जनजातिको शैक्षिक अवस्था तुलनात्मक रूपमा कमजोर देखिन्छ। विद्यालयहरूमा छात्राहरूको सहभागिता उत्साहजनक रहेको छ। भाषिक रूपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरूमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन्। साथै अपाङ्गता भएका बालबालिकाहरूका निम्ति शैक्षिक पहुँच र गुणस्तरमा झन् जटिल समस्या देखिएको छ। तथ्याङकअनुसार यस पालिकाभित्रका विद्यालयहरूमा ७ जना छात्रा र ३ जना छात्र गरी जम्मा १० जना अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन्। विद्यमान अवस्थामा शिक्षामा समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकाबाट केही प्रयासहरू भएता पनि पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन। विद्यालयबाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ। विविधताको सम्मान गर्दै शिक्षामा सबैको पहुँच पुऱ्याई सहभागितामूलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरूलाई सम्बोधन गर्नको लागि यो योजना केन्द्रित रहेको छ। सामुदायिक विद्यालयमार्फत लिम्बू भाषा र लिपि ऐन २०७८ जारी गरी स्थानीय लिम्बू समुदायको भाषा र लिपि संरक्षणका लागि इच्छुक विद्यार्थीहरूलाई लक्षित गरी स्वीकृत कार्यविधि बमोजिम प्रत्येक वडाभित्रका सामुदायिक विद्यालयमार्फत लिम्बू भाषा र लिपि संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसका लागी गाउँपालिकाको स्थानीय पाठ्यक्रम तर्जुमा गर्दाका बखत उक्त भाषा र लिपिलाई अझ संस्थागत गर्दै जाने नीति लिएको छ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा समावेशी शिक्षाको उद्देश्य परिपूर्ति गर्न विभिन्न समस्याहरू छन्। विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण नहुनु, अपाङ्गता भएका एवम् सीमान्तकृत बालबालिकाका लागि सिकाइ अनुकूल वातावरण निर्माण गर्न कठिनाइ, अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता न्यून हुनु, एउटै सिकाइ वातावरण, मूल्याङ्कन र सहभागिताले विद्यार्थीमा समता कायम गर्न कठिनाइ, समता र समावेशी पक्षमा दक्ष शिक्षकको अभाव, सीमित साधन र स्रोतहरूको अभाव, गरिब तथा विपन्न अभिभावकको क्षमता अभिवृद्धि र आयआर्जन उकास्ने कार्यक्रमको कमी र स्रोतकक्षाको पहुँच नहुनु जस्ता समस्याहरू छन्।

चुनौतीहरूमा विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न, अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन, विश्लेषण र अभिलेखीकरण गर्न, समाजमा विभेद, दुर्व्यवहार, हेपाइ प्रवृत्ति कम गर्न, अपाङ्गमैत्री पाठ्यक्रम, सन्दर्भ स्रोतसामग्री, पाठ्यपुस्तकको व्यवस्थापन गर्न, अपाङ्गता भएका व्यक्तिप्रति सामाजिक मनोवृत्ति

सकारात्मक बनाउन, समावेशी शिक्षालाई समर्थन गर्ने नीति र कानुनको स्थानीय तहमा प्रभावकारी कार्यान्वयन गर्न र अभिभावक/आमाबाबुको चेतनाको स्तर सुधार गर्न आवश्यक छ।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।

### ४.३.३ रणनीति

यस सिरीजङ्घा गाउँपालिकाले तय गरेको समावेशी शिक्षाको उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने,
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका, अतिसीमान्तकृत बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने,
४. परिमार्जित पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,
५. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने,
६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ,
७. बालमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक पूर्वधार तथा शैक्षिक वातावरणको विकास गर्ने
८. बहुभाषिक शिक्षा नीति अवलम्बन गरी कम्तीमा प्राथमिक तहमा मातृभाषाको माध्यमद्वारा सिकाइको अवसर प्रदान गर्ने
९. अपाङ्गता भएका बालबालिकहरूका लागि छात्रावाससहितको विशेष विद्यालय सञ्चालन गर्ने
१०. शिक्षकहरूका लागि समावेशी शिक्षणसम्बन्धी तालिमको व्यवस्था गर्ने
११. मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तक विकास तथा निर्माणलाई थप व्यवस्थित बनाउँदै लैजाने,
१२. दलित,महिला, जातजाति तथा अपाङ्गताको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य तथा समन्वय गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक  र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८० आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५ /८६ | २०९१/ ९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | लैंङ्गिकमैत्री र अपाङ्गमैत्री विद्यालयको सङ्ख्या | १० | १० | १२ | १५ | २० | २५ | ४० |
| २ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबलिकाको सङ्ख्या | ७६ | ६० | ५० | ४० | ३० | २० | ५ |
| ३ | बालमैत्री विद्यालयको रूपमा घोषणा भएका विद्यालयको सङ्ख्या | १० | १० | १२ | १८ | २४ | ३० | ४० |
| ४ | विशेष सुविधासहित स्रोत कक्षा सञ्चालन भएको विद्यालय सङ्ख्या | १ | १ | १ | २ | ४ | ५ | १० |
| ५ | समावेशी शिक्षासम्बन्धी तालिम लिएको शिक्षकको सङ्ख्या | २० | ३० | ५० | ८० | १०० | ११० | सबै |
| ६ | छात्रवृत्ति तथा अन्य सुविधा प्राप्त गर्ने लक्षित समूहका विद्यार्थी प्रतिशत | ५ | ८ | १२ | १४ | १६ | १८ | ४० |

### ४.३.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | | भौतिक लक्ष्य ( ५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| २ | विद्यालयबाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | | गाउँपालिका |
| ४ | आवासीय विद्यालयमार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | | | ५ | | ५ | १० | १० | सङ्घ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदान | निरन्तर | | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ९ | टुहुरा र मा.वि. का बालबालिकाको लागि आवासीय विद्यालय सञ्चालन | सङ्ख्या | | १ | | १ | | २ | २ | गाउँपालिका |
| १० | सबै प्रकारका विभेदको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारिता, मितव्ययिता बनाउन सहयोग पुग्दछ ।नेपालको संविधानको मूलभूत सिद्धान्तमा खाद्यसम्प्रभुतालाई मौलिक हकको रूपमा स्वीकारिएको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ एवम् बालबालिकासम्बन्धी अन्य कानुनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ । स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धित केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा आधाभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणालीमध्ये एक महत्त्वपूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजासहित पोषणसम्बन्धी योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरिएको छ ।

#### ४.४.१ वर्तमान अवस्था

सबैका लागि शिक्षाको डकार सम्मेलन सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्य गरी चारओटा अङ्गहरू समावेश गरेको छ । जसमा १. विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु, २. सुरक्षित पानी तथा सरसफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु, ३. सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु, ४. विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु जसमाः क. अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण (मङ्सिर र जेठमा) ख. किशोरीहरूलाई रक्त अल्पताबाट जोगाउन २६

हप्ता आइरन चक्कि वितरण (श्रावणदेखि १३ हप्ता र माघदेखि १३ हप्ता) ग. जेठको पहिलो हप्तामा स्वास्थ्य तथा पोषण सप्ताह (स्वास्थ्य शिक्षा प्रदान, वातावरणीय सरसफाइ र स्वास्थ्य परीक्षण) । सङ्घीय सरकारबाट प्राप्त १५ रुपैँयाले थोरै विद्यार्थी रहेका विद्यालयहरूमा खाजा व्यवस्थापन गर्न केही जटिल रहने र कम्तीमा ४० जना विद्यार्थी रहेका विद्यालयमा खाजा निर्माण गरी उपलब्ध गराउन तुलनात्मक रूपमा सहज भएको छ । हाल नेपाल सरकारबाट उपलब्ध गराइएको दिवा खाजा बापतको रकम अहिलेको परिवेश, बजार र महँगीका कारण एकदम कम भएको छ । यसका लागि गाउँपालिकाले नै दिवा खाजामा केही रकम थप गर्ने र दिवा खाजालाई कक्षा १० सम्म नै लागु गर्ने योजना गाउँपालिकाको रहेको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा दिवा खाजा, स्वास्थ्य पोषण, र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षा गर्दा विभिन्न समस्याहरू पहिचान गरिएका छन् । विद्यालय दिवा खाजाका लागि उपलब्ध हुने रकम अति न्यून हुनु, विद्यालय स्तरमा दिवा खाजा व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु, स्थानीय अभिभावक एवम् जनसहभागिता र चासोमा कमी, दिवाखाजामा स्थानीय उत्पादित खाजाको प्रयोग कम हुनु, हात धुन साबुन पानी लगायतको सामग्रीको व्यवस्था नहुनु, स्वास्थ्य परीक्षण र शिक्षाको प्रयाप्तता नहुनु, सङ्घीय कानुन तथा गाउँपालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिक व्यवस्थापन नहुनु, निशुल्क स्यानिटरी प्याडको पर्याप्त उपलब्धता नहुनु, छात्रा र छात्रको अलग शौचालयको उचित व्यवस्था र साबुन पानीको उचित व्यवस्था नहुनु जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरूले पाउने गरी कानुनी तथा बजेट व्यवस्थापन गर्नु, दिवा खाजा, स्वास्थ्य पोषण, सरसफाइ स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगोपना, पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नु, विद्यालय खाजा र सफाइ स्वच्छताका लागि पर्याप्त वित्तीय प्रबन्ध सुनिश्चित गर्नु, उपयुक्त स्वरूप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु, विद्यालय खाजा, विद्यालय स्वास्थ्य पोषण तथा सफाइ स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमका बिच समन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु, र सरसफाइ तथा स्वच्छताका आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

### ४.४.२ उद्देश्य

यस योजनाले विद्यालय स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी निम्न लिखित उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. स्थानीय सरकार सिरीजङ्घा गाउँपालिका अभिभावक तथा स्थानीय सरोकारहरूको समन्वयमा तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्न सहभागिता गराई सिकाइलाई बढी केन्द्रित बनाउनु
४. विद्यालयमा दिवा खाजा पोषण सरसफाइ स्वच्छता सम्बन्धित कार्यक्रमहरू कार्यान्वयनका लागि शासकीय प्रबन्ध, बजेट व्यवस्थापन तथा उत्तरदायित्व सुदृढ गर्नु,

### ४.४.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन हुनेछन् :

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः बिस्तार गर्दै माध्यमिक तहसम्मका सम्पूर्ण बालाबालिकालाई दिवा खाजा उपलब्ध गराउने,
२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरू बिस्तार गर्ने ,
३. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिने ,
४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ , स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ,
५. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सुक्ष्म पोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
६. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयत्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने,
८. दिवा खाजा कार्यान्वयन गर्ने विद्यालयहरूमा आवश्यक संयन्त्रसहितको क्षमता विकास तथा एक विद्यालय एक स्वस्थ्यकर्मीको अवधारणा कार्यान्वयन गर्ने,
९. दिवा खाजाको लागि खाद्यसामग्री आपूर्ति गर्न स्थानीय उत्पादन आधारित आपूर्ति गर्न किसान समूह कृषि सहकारीहरूसँग सहकार्य गर्ने व्यवस्था मिलाउने,
१०. दिवा खाजाका लागि हाल नेपाल सरकारबाट उपलब्ध हुने रकम अपर्याप्त भएको अवस्थामा गाउँपालिकाबाट बजेट विनियोजन गरी थप गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार मनोसामाजिक क्षमतामा अभिवृद्धि तथा सिकाइमा गुणस्तरीयता, सुरक्षित तथा अपाङ्गमैत्री एवम् मनोरञ्जनात्मक सिकाइ वातावरणमा सर्वसुलभता, पहुँच टिकाउ तथा स्थायीत्वसहित समान सहभागिता हुनेछ ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१/८२ आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८६ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी, शौचालय, प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालयको सङ्ख्या | ५ | ८ | १२ | १५ | २० | ३० | ४० |
| २ | नर्सिङ सेवा तथा सुविधा पुगेको विद्यालय सङ्ख्या | ० | ० | २ | ४ | ६ | ८ | १५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० |
| ४ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ६ | ७ | ८ | ९ | १२ |
| ५ | वार्षिक रूपमा विद्यार्थीको नियममित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ५ | १० | १५ | २० | ३० | ४० | ४० |
| ६ | छात्रामैत्री शौचालय भएको विद्यालय सङ्ख्या | ९ | १२ | १५ | १६ | १७ | १८ | २० |

### ४.४.५ प्रमुख क्रियाकलाप,तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयनसम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | साप्ताहिक दिवा खाजा कार्यक्रमको अनुगमन तथा निरीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | माध्यमिक तहसम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १२ | १२ | |
| ५ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ६ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ७ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सूक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बक्स व्यवस्थापन | | | | | | | | | |
| १० | सरसफाइसम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ११ | छात्राको लागि सेनिटरी प्याड व्यवस्थापन, वितरण तथा अनुगमन | पटक | १ | २ | २ | २ | २ | १० | २० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षामा कुनै बेला के हुन्छ भने कुरा कसैलाई थाहा हुँदैन। विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन्न आपतकालीन समस्याहरू भोग्दै आइरहेको छ। सिरीजङ्घा गाउँपालिका एक पहाडी र हिमाली भूभाग भएकाले खोलानालाहरू विद्यमान रहेको सन्दर्भमा मौसम अनुरूपमा जोखिमको अवस्थाहरू विद्यमान रहेको हुन्छ। जस्तैः वर्षायाममा अधिक वर्षा, बाढी पहिरोका कारण बाटोघाटो अवरूद्ध भई विद्यार्थीहरू विद्यालयमा सहज रूपमा आवतजावत गर्न सक्दैनन्। फलस्वरूप विद्यार्थीहरू विद्यालय नियमित रूपमा उपस्थित हुन सक्दैनन्। यसको प्रभाव तथा असर प्रत्यक्ष रूपमा शिक्षा क्षेत्रमा परिरहेको छ। विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ। यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै सुरक्षित शिक्षण सिकाइ गर्नका लागि यस गाउँपालिकाले १० वर्षे नयाँ गाउँ शिक्षा योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जोगिन र शिक्षालाई निरन्तरता दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी यो योजना तर्जुमा गरिएको छ।

### ४.५.१ वर्तमान अवस्था

२०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठुलो असर पुऱ्याएको छ। भूकम्पपछि निर्माण भएका भवनहरू भूकम्प उत्थानशील हुने गरी निर्माण भएको भएता पनि पहिला बनिसकेका भवनहरू सुरक्षित बालमैत्री छन् भन्न सकिन्न। कोभिड- १९ ले पारेको सिकाइ आपूरणका लागि पालिकाले कक्षा १-५ सम्म बहुकक्षा बहुस्तर, कक्षा ६-८ र माध्यमिक तहमा दिवा खाजा बिस्तार तथा आवासीय विद्यालय निर्माण गर्ने नीति अनुरूप बजेट विनियोजन गरी कार्य प्रारम्भ गरेको छ। यस गाउँपालिकाको मामाङ्खे, पेदाङ, खेवाङ जस्ता स्थानहरूमा वर्षाको समयमा बाढी पहिरोका कारण वर्षेनी मानवीय र भौतिक रूपमा ठुलो क्षति हुने गरेको छ, यसबाट गाउँबस्ती बगाउने, मानवीय क्षति हुने, विद्यालय भवनहरूमा क्षति हुने, विद्यालय आवतजावतका लागि बाटोहरू बन्द हुने जस्ता प्राकृतिक विपत्तिहरू आइरहेका हुन्छन्। यसका लागि सिकाइ क्षति आपूरणका लागि विभिन्न सङ्घ/संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको छ। स्थानीय तहमा रहेको विपत् व्यवस्थापन समितले विपतको समयमा आवश्यक सहयोग गर्ने कार्य गरिरहेको छ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा भौगोलिक विकटता र कमजोर भू-बनोटका कारण बाढी पहिरोको जोखिम, कमजोर भौतिक पूर्वाधार, विपत् उत्थानशील पद्धतिको विकास र सोको अवलम्बन गर्न योग्य र दक्ष जनशक्तिको अभाव, आपत्कालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक दक्षताको कमी, आवश्यक स्रोत र साधनको कमी, आपतकालीन तथा सङ्कटकालीन अवस्थाको सम्बोधन र प्रतिकार्य गर्ने संयन्त्रको अभाव, अन्तर निकाय आपसी समन्वय र सहकार्यका लागि बलियो संयन्त्रको कमी र शैक्षिक संस्थाहरूमा विपत् जोखिम न्यूनीकरणका लागि पूर्व तयारीको अभाव जस्ता समस्याहरू छन्।

चुनौतीहरूमा प्राकृतिक प्रकोप, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको सावधानी अपनाउन, विपत् जोखिमको अवस्थाको पूर्वानुमान गर्न, विपत् उत्थानशील भौतिक संरचनाको निर्माण गर्न, विपतको समयमा सिकाइ निरन्तरता प्रदान गर्न, खतरा र जोखिम क्षेत्रको पहिचान गर्न, अकल्पनीय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्न, सङ्कटहरूको वर्गीकरण तथा योजना बनाउन, र तत्कालीन तथा दीर्घकालीन योजना बनाउन आवश्यक छ।

### ४.५.२ उद्देश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,
२. शिक्षा क्षेत्रको सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको गर्नु,
३. आपतकालीन र सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी सिकाइ निरन्तरताको सुनिश्चित गर्नु।

### ४.५.३ रणनीति

१. विपतको समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
२. सम्भावित प्रकोप तथा विपतसम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको क्षमता विकास गराउने,
३. शिक्षा क्षेत्रमा प्रभाव पार्न सने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषणसहित विद्यालयस्तरीय विपतप्रति कार्य योजना तयार गर्ने,
४. आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलापको निरन्तरताको लागि सूचना तथा सचार प्रविधिको प्रयोग गर्ने,
५. स्थानीय तह तथा विद्यालयहरूले सङ्कटको मूल्याङ्कन गरी आफ्नो योजना तयार गर्ने,
६. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापन गर्ने,
७. विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारी गैरसरकारी क्षेत्रलाई सङ्कट रोकथाम, प्रतिकार्य र पुनस्थापनका लागि क्षमता विकास गर्ने,
८. प्राकृतिक प्रकोप जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा क्षेत्रको सम्भावित विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकास भएको हुनेछ।
- आपतकालीन र सङ्कटकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी सिकाइ निरन्तरता हुनेछ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन सिप | ० | १ | ४ | ५ | ९ | ९ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालयको सङ्ख्या | | | | | | | |
| २ | जलवायु परिवर्तन तथा दिगो विकास विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २ | ४ | ८ | ९ | ९ | ९ |
| ३ | हरित विद्यालय सङ्ख्या | ० | १ | ४ | ६ | १२ | २० | ४० |
| ४ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन भएका विद्यालय | ० | ३० | ३० | ३० | ४० | ४० | ४० |

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपतसम्वन्धी पालिका स्तरीय तथा विद्यालय स्तरीय विपत् प्रतिकार्य योजना निर्माण | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| २ | पालिका स्तरीय तथा विद्यालय शिक्षा सहयोग विपत् कोष कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | | ४० | ४० | |
| ३ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | वडा | ८ | ८ | ८ | ८ | ८ | | | |
| ४ | सङ्कटका बेलामा शिक्षासम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | जोखिम क्षेत्र पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् बिस्तारको नीति, यस पालिकाको शिक्षासम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ ।

#### ४.६.१ वर्तमान अवस्था

सिरीजङ्घा गाउँपालिकामा हाल कुल विद्यालय ४० सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ १६ ओटा विद्यालयको पक्कि भवन रहेको छ । माध्यमिक विद्यालयहरूमा छात्रा र छात्रको छुट्टै शौचालयको व्यवस्था भए पनि आधारभूत तहको विद्यालयमा त्यस्तो शौचालय छैनन् । साथै अधिकांश विद्यालयहरूमा चेन्जिङ कोठाको अभाव रहेको छ । स्वच्छ खानेपानीको व्यवस्थित सबै विद्यालयमा नभए पनि गाउँपालिकाबाट शुद्ध पिउने पानीका लागि फिल्टर वितरण गरिएको छ । विपत् तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रममार्फत प्रारम्भिक कक्षादेखि नै विषयवस्तु समावेश गर्ने लक्ष्य लिएको छ । यस सिरीजङ्घा गाउँपालिकाभरिमा २१ वटा विद्यालयमा पुस्तकालय, ९ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ३१ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला र २५ वटा विद्यालयमा इन्टरनेट पुगेको छ । विद्यालयको वातावरणतर्फ फर्केर हेर्दा ९० प्रतिशत विद्यालयमा स्टाफ कोठा, ४० प्रतिशत विद्यालयमा स्टोर कोठा साथै ८० प्रतिशत विद्यालयमा पर्याप्त खेलमैदान रहेका छन् । केही विद्यालयमा तारजालीसहितको घेराबारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण भएका छन् केही विद्यालयमा निर्माण सम्पन्न हुने क्रममा छन् । हालको भवनहरू संरक्षण गर्न गाह्रो हुने स्थिति मात्र नभई विद्यार्थीको उपलब्धता चुनौतीपूर्ण छ । यस गाउँपालिकाभित्र सञ्चालित धैरैजसो विद्यालयको आफ्नै स्वामित्वमा जग्गा छैन । समुदायमा आधारित बालविकास केन्द्रहरूको पनि आफ्नै स्वामित्वमा जग्गा उपलब्ध छैन भने अधिकांश केन्द्रहरूको भवनको स्थिति अत्यन्त कमजोर अवस्थामा रहेको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न समस्याहरू छन् । सरकारद्वारा घोषित प्राथमिकता प्राप्त न्यूनतम पूर्वाधारको व्यवस्था सुनिश्चित हुन नसक्नु, भौतिक संरचनाको संरक्षण र मर्मत सम्भारको कमी, विद्यालयका लागि आवश्यक पूर्वाधारहरू (जस्तैः ICT, विषयगत प्रयोगशाला, पुस्तकालय, क्यान्टिन, खानेपानी, शौचालय, घेराबारा, पक्की भवन) का लागि आवश्यक वित्तीय स्रोतको अपर्याप्तता, सबै विद्यालयहरूको भौतिक पूर्वाधारलाई विपत् उत्थानशील बनाउन नसकिनु, र भूकम्प प्रभावित क्षेत्रका विद्यालयहरूको पुनर्निर्माणका लागि बजेटको प्रबन्ध नगर्नु जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउन, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् बिस्तारका लागि मापदण्डअनुसारको गुरुयोजना विकास गर्न, भौतिक पूर्वाधारको विकास र बिस्तारमा स्थानीय तहको भूमिका

बढाउन, आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्न, विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाउनु र सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् बिस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्न आवश्यक छ ।

### ४.६.२ उद्देश्य:

१. शिक्षा क्षेत्रमा मापदण्डअनुसार भौतिक पूर्वाधार विकास गर्नु,
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउनु ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,
२. विद्यालय पूर्वाधार विकास र सबलीकरणको लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुन:निर्माण एवम् मर्मत सम्भार गर्ने,
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
५. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न सङ्घ संस्था एवम् सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,
६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी, शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने,
७. प्रकोपको कारण क्षति भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने,
८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयहरूमा मापदण्डअनुसार भौतिक संरचना निर्माण भएका हुनेछन् ।
- विद्यालयको मर्मत सम्भार तथा सबलीकरण हुनेछ ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ८ | १० | १२ | १४ | १६ | १८ | ४० |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १९० | १८० | १६० | १४० | ११५ | १०० | २० |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठाको सङ्ख्या | ३४५ | ३२० | ३१५ | ३०० | २७५ | २४५ | १०० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालयको सङ्ख्या | २५ | २० | १५ | १० | ७ | ५ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | १७ | १७ | १२ | १० | ८ | ६ | ० |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप व्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | | | | | १ | १ | |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | | | | | १ | १ | |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रबास) | सङ्ख्या | २ | ३ | ५ | ५ | ५ | २० | ४० | |
| ४ | निर्माण भएका संरचनाहरूको मर्मत तथा पहुँचयुक्तता | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ४० | निरन्तर |
| ५ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरूबाट अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | हामी बनाउँछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ७ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैंचा हरियाली, कार्यक्रम | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ८ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेराबारा | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |

## ४.७ विद्यालयमा सूचना र प्रविधि

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौती दिदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । कक्षाकोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई परिस्कृत गरी नयाँ अवधारणाको सुरुआत भएको पाइन्छ। शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्न सके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठुलो परिवर्तन ल्याउन सकिन्छ। आजको मूल कार्यभार युगसापेक्ष

सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिँड्ने बाटो विद्यार्थीले ग्रहण गर्ने प्रविधि फरक नभएर समान , साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नु समयको माग हो । सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयामहरूमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनिसकेको छ । शिक्षा क्षेत्रमा सूचना तथा प्रविधिको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइरहेको छ । शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरूले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ । व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्कन गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधिलाई प्रयोग गरिएको छ ।

### ४.७ .१ वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधिलाई शिक्षामा प्रयोग गर्ने सम्वन्धमा सिरीजङ्घा गाउँपालिकाको आठौँ गाउँ सभाबाट पारित आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कायर्क्रममा सामुदायिक विद्यालयमा शैक्षिक सुधार कार्यक्रममा कोभिड १९ को कारण भएको शैक्षिक क्षति न्यूनीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी भर्चुअल सिकाइ बिस्तार गरिँदै लगिने नीति उल्लेख गरिएको छ । यसै गरी उक्त नीति तथा कार्यक्रममा समावेश भएको सूचना तथा सञ्चारसम्बन्धी नीति अनुसार सामाजिक सञ्जाल र अनलाइन मिडियालाई आम जनताको सिर्जनशीलता अभिवृद्धि र विद्यार्थीहरूका लागि सिकाइ माध्यमको रूपमा सदुपयोग गरिने कुरा उल्लेख गरिएको छ । तथ्याङ्कगत रूपमा हेर्दा सिरीजङ्घा गाउँपालिकामा रहेका ४० वटा सामुदायिक विद्यालयहरूमध्ये ३१ वटा विद्यालयमा कम्प्युटर जडान भएको छ । यसैगरी २५ वटा सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरिएको छ । ९ विद्यालयमा कम्प्युटर ल्याब रहेको छ । विद्यालयमा व्यवस्थापकीय कार्य तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने गरी पालिकाको लागतमा ९ वटा माध्यमिक विद्यालयहरू शैक्षिक सफ्टवेयर जडान गर्ने कार्य आ.व. २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यसका अलवा सामुदायिक माध्यमिक विद्यालयहरूलाई इन्टरनेट जडान बापतको शुल्क समेत पालिकाको तर्फबाट प्रदान गर्ने गरिएको छ ।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिका लागि विभिन्न समस्याहरू छन् । हरेक विद्यालयमा आवश्यक पूर्वाधारको विकास गर्न नसक्नु, पर्याप्त ब्याण्डविथसहितको इन्टरनेट सुविधा उपलब्ध नहुनु, विद्युतीय आपूर्तिको निरन्तरतामा कमी, सूचना तथा सञ्चार प्रविधिमा सिप एवम् दक्षतायुक्त शिक्षक एवम् प्राविधिक जनशक्तिको अभाव, शिक्षकहरूमा जागरुकता, लगनशीलता र आफूलाई अद्यावधिक बनाउन नसक्नु, सफ्टवेयरमा आधारित डिजिटल सिकाइ सामग्रीहरूको कमी, विद्युतीय पुस्तकालय (E-Library) को अभाव, विद्यार्थीहरूले सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइका लागि उपयोग नगर्नु, प्रविधिमैत्री विद्यालयको भौतिक पूर्वाधारको विकासमा कठिनाइ र सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना (जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी) का प्राविधिक पूर्वाधारको पहुँच सबै विद्यालयमा पुऱ्याउन, सूचना तथा सञ्चार प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास र व्यवस्थापन, सूचना प्रविधिको प्रयोग गर्न सक्ने दक्ष जनशक्तिको विकास र परिचालन, सूचना तथा सञ्चार प्रविधिमैत्री डिजिटल सिकाइ सामग्रीको उत्पादन र प्रयोग, आवश्यक वित्तीय स्रोतको प्रबन्ध, सूचना तथा सञ्चार प्रविधिमा आधारित स्वचालित विद्यालय व्यवस्थापन प्रणाली (Automated School Management System) को विकास र उपयोग, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी

उपकरणको व्यवस्थापन, सञ्चालन र प्रयोगका लागि क्षमता विकास, शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु र इन्टरनेट सेवा प्रदायक संस्था र पालिकाबिचमा समन्वय स्थापना गर्नु आवश्यक छ।

### ४.७.२ उद्देश्य

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्वन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन:

१. सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग बिस्तार गर्नु,
२. सबै विद्यालयमा सूचना तथा सचार प्रविधिको पहुँच पुऱ्याउनु,
३. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सचार प्रविधिको प्रयोग गर्नु,
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सचार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
२. सूचना तथा सचार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सचार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच बिस्तार गर्ने,
६. पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको डिजिटलप्रति विद्यार्थीहरूलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाउने,
७. स्थानीय स्तरबाट निर्माण तथा विकसित गरिएका सूचना तथा संचार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरू एकीकरण गरी त्यसको सहज पहुँचका लागि ई-पोर्टलको व्यवस्था गर्ने,
८. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा बिस्तारमार्फत विद्यालय एवम् विद्यार्थीको पहुँच बिस्तार गर्ने,
९. सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्वय गर्ने,
१०. सबै विद्यालयहरूले IEMIS अन्तरगतका कार्यहरूलाई समयमा नै सम्पन्न गर्ने गरी क्षमता विकास गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र बिस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | २५ | २५ | २७ | ३५ | ४० | ४० | ४० |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर | ९ | १२ | १५ | २० | २५ | ३० | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | १० | १२ | १५ | १८ | २२ | २५ | ४० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ३० | ३५ | ४० | ४० | ४० | ४० | ४० |

### ४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५) वर्ष | | | | | | भौतिक लक्ष्य (१०) वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना बिस्तार | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | ४० | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| २ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | प्रदेश/ गाउँपालिका |
| ३ | प्रविधिमैत्री कक्षाकोठामा प्रयोगशालाको व्यवस्थापन | सङ्ख्या | | ४ | ४ | ४ | ४ | १६ | ३२ | विद्यालय |
| ४ | ई-पुस्तकालय अद्यावधिक र बिस्तार | सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | २२ | ४० | गाउँपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोनका साथै पेनड्राइभको पहुँच | प्रतिशत | | १० | १० | १० | १० | ४० | ८० | सङ्घ/ प्रदेश/ गाउँपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | विद्यालय | | | २० | २० | २० | २० | ४० | गाउँपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | सङ्ख्या | २ | २ | ५ | ५ | ५ | १९ | ४० | गाउँपालिका |
| ८ | EMIS व्यवस्थापनसम्बन्धी शिक्षकहरूको | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास | | | | | | | | | |
| ९ | सामुदयिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | | | | गाउँपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | निरन्तर | | | | सबै | | | | सङ्घ/ प्रदेश/ गाउँपालिका |

## परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

शिक्षामा स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी सङ्घ संस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन अपरिहार्य मानिन्छ । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तरगत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश गरिएका हुन्छन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण र उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु पर्दछ । सुशासन र व्यवस्थापनसम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य, मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्ने हुन्छ । योजनाको कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाको प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस दश वर्षे योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन समग्र व्यवस्थाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

वर्तमान शिक्षा क्षेत्रको संरचना हेर्दा सङ्घ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ त्यसै गरी प्रदेश अन्तरगत, सामाजिक विकास मन्त्रालय, विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तरगत शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरेमा मात्र शैक्षिक गुणस्तर सुधार गर्न सकिन्छ । वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको परिवर्तन, सामाजिक चेतना, स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्व समेतलाई ख्याल गरी संस्थागत संरचना र क्षमता विकाससम्बन्धी क्रियाकलापहरू गर्नु आवश्यक छ ।

#### ५.१.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको अधिकार स्थानीय तहलाई दिएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत शिक्षासम्बन्धी २३ वटा अधिकारहरू स्थानीय तहलाई प्रदान गरिएको छ । बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको व्यवस्था गरिएको छ । हाल सङ्घीय शिक्षा ऐन जारी नभएको अवस्थामा स्थानीय तहमा कार्य गर्दा केही द्विविधा उत्पन्न भएको छ । यस परिस्थितिमा स्थानीय तहले सङ्घ र प्रदेशसँग सहकार्य र समन्वय गरी वर्तमान शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्दा यस योजनाको सफल कार्यान्वयनमा सहयोग पुग्नेछ । यस सिरीजङ्घा गाउँपालिकामा शिक्षाको वर्तमान संस्थागत संरचना अन्तर्गत गाउँ शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ । स्थानीय तह ऐन २०७९, छात्रावृत्ति वितरण कार्यविधिको निर्माण भएको छ । यस गाउँपालिकामा शिक्षा शाखामा १ जना अधिकृतस्तर र १ जना प्राविधिक सहायक पाँचौको दरबन्दी रहेको भए पनि तत्काल प्राविधिक दरबन्दीअनुसारको जनशक्ति नरहेको अवस्था रहेको छ । विद्यालय सञ्चालन र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले नै जिम्मेवारी लिएको छ भने आर्थिक पाटोमा नेपाल सरकारको ससर्त अनुदान, गाउँपालिकाबाट विनियोजित बजेट, विभिन्न दातृ निकाय तथा सङ्घसंस्थाको लगानीबाट व्यवस्थापन भएको छ । क्षमता विकासका लागि हाल सरकारले उपलब्ध गराएको तालिमहरू,

गाउँपालिकाले सञ्चालन गरिएको तालिमहरू र रिड नेपाल, ह्युमन प्राक्टिस फाउन्डेसन, युनाइटेड वर्ड स्कुल र युएसएआइडी प्रारम्भिक कक्षा सिकाइबाट तालिमहरू सञ्चालन भएका छन्।

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा जनशक्ति व्यवस्थापन गर्न कठिनाइ, सूचकमा आधारित अनुगमन र मूल्याङ्कन गर्न कठिनाइ, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न कठिनाइ, र वित्तीय व्यवस्थापन गर्न कठिनाइ जस्ता समस्याहरू छन् त्यस्तै सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्न, उत्तरदायित्वका औजारको कार्यान्वयन गर्न, विषयगत शिक्षकको व्यवस्थापन गर्न, विद्यालय छाड्ने र दोहोऱ्याउने दर शून्य बनाउन र कर्तव्यबोध गर्ने जनशक्तिको उत्पादन र परिचालन जस्ता चुनौतीहरू छन्।

### ५.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू_ निम्नानुसार छन् :

१. गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्नु।

### ५.१.३ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र पदाधिकारीहरूलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।
७. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने।

### ५. १.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिकामा आवश्यक भएको जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीपनमा वृद्धि भएको हुनेछ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ।

**नतिजाहरु**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यपकको सङ्ख्या | ५ | ६ | ९ | ९ | ९ | ९ | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यपकको सङ्ख्या | १० | १० | १५ | २० | ३० | ३१ | ३१ |
| ३ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालयको सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० |

### ५. १.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | | | १ | | १ | २ | २ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालयको कार्यसम्पादन तथा स्वमूल्याङ्कन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षा समितिको नियमित बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रअको नियमित मासिक बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यन्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना सिरीजङ्घा गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना तयार भई तीनै तहका सरकार क्रियाशील छन्। कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ। नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चित गरेको छ। त्यसैगरी अपाङ्गता भएका तथा आर्थिक रूपले पिछाडिएका बालबालिकाहरूको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चित गरेको छ। सङ्घीय स्वरूपको राज्य व्यवस्था भए अनुरूप तीनै तहका सरकारहरू स्थापना भई क्रियाशील अवस्थामा छन्। सबै सरकारहरूका आआफ्ना परिवेश भए अनुरूप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाई परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिबिम्बित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता हो।

### ५.२.१ वर्तमान अवस्था

यस सिरिजङ्घा गाउँपालिकाको शिक्षा क्षेत्रको व्यापक सुधारको लागि यस १० वर्षे शिक्षा योजना बन्ने क्रममा रहेको छ। गाउँपालिकाले शिक्षा ऐन, नियमावली निर्माण गरी कार्यान्वयन गरिसकेको छ। योजना निर्माणसँगै निर्दिष्ट उद्देश्य हासिल गर्न पालिकामा रहेका जनशक्ति परिचालन गरिनेछ। आवश्यक प्रयाप्त जनशक्ति व्यवस्थापनमा चुनौती रहेको छ। विगतमा तय गरिएका कार्यक्रम कार्यन्वयनमा प्राप्त सफलताले समन्वय र सहकार्यको आधारमा योजना कार्यन्वयन गरिने छ। सङ्घीय र प्रदेशको ससर्त अनुदान तोकिएकै शीर्षकमा खर्च हुने भएकाले यस योजनामा पालिकाबाट विनियोजन हुने बजेटलाई प्राथमिकता प्रदान गरी कार्यक्रम तय गरिएको छ। योजना कार्यन्वयको क्रममा आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिनेछ। जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिई निर्माण गरेको योजनाको प्रबोधीकरण गरी कार्यन्वयनलाई गति गति दिनु पर्ने अवस्था रहेको छ। विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्था भएका संस्थागत संरचनाहरूको सुदृढीकरण तथा जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र उपयोगमा वृद्धि गर्नु आजको आवश्यकता हो। खास गरी गाउँ कार्यपालिकाको कार्यलय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक समिति, नगर शिक्षा समिति, वडा समितिको कार्यालय, वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक समेतको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि एवम् आफ्नो काम, कर्तव्य र नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन नसकेको अवस्था रहेको छ। योजना निर्माण, कार्यान्वयन एवम् प्रतिफल वितरणसम्म सरोकारवाला पक्षहरूको सहभागिता भएमा स्वामित्व तथा अपनत्व वृद्धि भई दिगोपना सम्भव हुन्छ भन्ने परिकल्पना गरिएको छ। विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा प्रशासन, जनप्रतिनिधिहरूको संयुक्त प्रयासबाट नै अपेक्षित सुधार सम्भव हुन्छ। यही गतिमा यो योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ।

**समस्याहरू**

सिरीजङ्गा गाउँपालिकामा योजनालाई आवधिक योजनासँग आवद्ध गर्न नसक्नु, दक्ष जनशक्ति व्यवस्थापन गर्न नसक्नु, कार्यान्वयनमा आउने प्राविधिक जटिलता, र वित्तीय प्रबन्धको कठिनाइ जस्ता समस्याहरू छन् । चुनौतीहरूमा पर्याप्त आर्थिक व्यवस्थापन, भौगोलिक विकटता, स्रोतको दिगोपन, दक्ष जनशक्तिको व्यवस्थापन, समन्वय, सहकार्य र अपनत्व आवश्यक छ ।

### ५.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
२. शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु,
३. कार्यान्वियनका चरणमा देखा पर्ने समस्याहरूको समयमै पहिचान गरी समाधान गर्ने,

### ५.२.३ रणनीति

१. बजेट तथा कार्यक्रम निर्धारण गर्दा दोहोरोपन नहुने गरी निर्धारण गर्ने,
२. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक विधि प्रक्रिया पूरा गर्ने वातावरण सिर्जना गर्ने,
३. निर्धारित कार्यक्रम कार्यन्वयनको स्थिति पहिचान गरी देखिएका समस्या समाधान गर्ने,
४. EMIS को प्रयोगलाई व्यवस्थित बनाउने,
५. विद्यालयका प्रशासनिक र व्यवस्थापकीय कार्यको उचित व्यवस्थापन गर्ने,
६. उत्तरदायित्वका औजारहरूलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्ने,
७. अनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित बनाउने,
८. सरोकारवालामाझ योजनाको प्रवोधीकरण गर्ने,
९. अनुगमन संयन्त्र र सूचक तयार गर्ने,
१०. स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने,

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजामा आधारित अनुगमन प्रणाली स्थापित विद्यालयको सङ्ख्या | ५ | १० | ३० | ४० | ४० | ४० | ४० |
| २ | नतिजाका आधारमा सिकाइ उपलब्धि सुधार भएको विद्यालय सङ्ख्या | ० | ५ | ४० | ४० | ४० | ४० | ४० |
| ३ | विद्यालय सुधार योजना कार्यन्वयन भएको विद्यालयको सङ्ख्या | २० | ३० | ४० | ४० | ४० | ४० | ४० |
| ४ | विद्यालय व्यवस्थापन समिति र शि.अ.स. भएका | ३५ | ४० | ४० | ४० | ४० | ४० | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | | |
| ५ | त्रैमासिक नतिजा विश्लेषण र समीक्षा गर्ने विद्यालय | ० | २० | ३० | ४० | ४० | ४० | ४० |

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | जम्मा | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम, शैक्षिक क्यालेण्डर निर्माण र सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय, स्थानीय तह |
| २ | त्रैमासिक नतिजा विश्लेषण र समीक्षा गर्न प्राविधिक सहयोग | पटक | | १ | | | १ | २ | ४ | शिक्षा शाखा |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | | १ | | | १ | २ | ४ | शिक्षा शाखा, |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | ४ | शिक्षा शाखा |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाँउपालिका |

## परिच्छेद : ६ लगानी र स्रोत व्यवस्थापन

कुनै पनि योजना सफल रूपमा कार्यान्वयन गर्नको लागि आर्थिक स्रोतको सही पहिचान र परिचालन गर्नुपर्ने आवश्यकता रहन्छ। त्यसैगरी आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गर्न तथा बढ्दो जनआकाङ्क्षा र आवश्यकताहरूलाई कुनै पनि योजनाले सम्बोधन गर्ने पर्दछ र त्यसरी सम्बोधन गर्दा विगतका उपलब्धि र अनुभव एवं वर्तमानको आवश्यकता र भविष्यको दृष्टिकोण र लक्ष्यको आधारमा केही पुरानो कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने तथा कतिपय नवीन कार्यक्रमहरू थप गर्नुपर्ने हुन्छ। यस योजनामा निरन्तर तथा नयाँ कार्यक्रमहरूलाई समावेश गर्ने गरी वित्तीय योजना निर्माण गरिएको छ। विशेष गरी आधारभूत तथा

माध्यमिक शिक्षामा गाउँपालिकाले जोड दिनुपर्ने देखिन्छ। शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन हितको लागि हुन्छ। नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था गरेको छ। त्यसलाई कार्यान्वयन गर्नको लागि समेत यस योजनाले विशेष वित्तीय व्यवस्थापन गर्नुपर्ने देखिन्छ। शिक्षामा पर्याप्त लगानी गर्दा बालबालिकाको शिक्षामा सहज पहुँच स्थापित भई समतामूलक र न्यायमूलक समाज निर्माणमा विशेष सहयोग पुग्ने देखिन्छ। आन्तरिक आम्दानीमा स्थानीय तह सबल हुन नसक्दा सङ्घ तथा प्रदेशसँग समन्वय गरी वर्तमान समयको आवश्यकता बमोजिम शिक्षामा बजेट व्यवस्थापन गर्नु आवश्यक छ। शिक्षामा आवश्यक पर्ने आर्थिक स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा विनियोजन गर्ने, विनियोजन गरेपश्चात कसरी खर्च गर्ने र खर्च गरिएको क्षेत्रको उपलब्धि के कस्तो रहने जस्ता विषयहरूसमेत योजनामा समावेश गर्न खोजिएको छ।

### ६.१ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउने आशयका साथ गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरू निर्माण भएका छन्। नेपालको सङ्घीय तहबाट शिक्षामा जम्मा लगभग कुल बजेटको ११ प्रतिशत लगानी गरिएको अवस्था छ भने गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई आ. व. २०८०/८१ मा कुल बजेटको ३८.४८ प्रतिशत लगानी शिक्षामा गरेको छ। यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रूपमा अङ्गीकार गरेको पाइन्छ। सिरीजङ्गा गाउँपालिकाको आ.ब. २०८१/८२ को कुल बजेट मध्ये रु २१,०३,७३,००० रहेको छ। शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। हाल ह्युमन प्राक्टिस फाउण्डेसन, युनाइटेड वर्ड स्कुल, युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ रिड नेपाल लगायतका निकायबाट पनि शिक्षा क्षेत्रमा सहयोग गरेको देखिन्छ।

आ व २०८१/८२ को गा पा शिक्षातर्फको बजेट रू २१,०३,७३,०००

**(ख) शिक्षातर्फः**

| सि.नं. | आयोजना तथा कार्यक्रमको नाम | स्रोत | रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| | **शिक्षातर्फ** | | | |
| १ | प्रत्येक माध्यमिक र आधारभूत विद्यालयमा खेलकुद सामाग्री वितरण कार्यक्रम | सङ्घीय समानीकरण | ५००,००० | |
| २ | सामुदायिक विद्यालयमार्फत लिम्बू भाषा र लिपि (आनिपान) संरक्षणका लागि अनुदान कार्यक्रम | सङ्घीय समानीकरण | ५,३००,००० | |
| ३ | तेल्लोक माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा लिम्बू भाषा अध्यापन शिक्षक अनुदान कार्यक्रम | सङ्घीय समानीकरण | ६००,००० | |
| ४ | कक्षा ११ र १२ निःशुल्क अध्यापनका लागि अनुदान सहयोग कार्यक्रम | सङ्घीय समानीकरण | १,०००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | बालमैत्री बाल शिक्षा कार्यक्रम | सङ्घीय समानीकरण | ५००,००० | |
| ६ | शिक्षकहरूलाई शिक्षण सिकाइ पुनर्ताजगी तालिम तथा पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम | सङ्घीय समानीकरण | १,०००,००० | |
| ७ | सबै वडाका सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई वार्षिक पोशाक र हरेक २ वर्षमा एकपटक स्कुल व्याग निःशुल्क वितरण कार्यक्रम | सङ्घीय समानीकरण | २,५००,००० | |
| ८ | २०८० सालको SEE परीक्षामा सबै वडाको सामुदायिक विद्यायलबाट सर्वोत्कृष्ट अङ्क ल्याउने ३ जना विधार्थीहरूलाई समावेशीको आधारमा प्राविधिक तथा अप्राविधिक शिक्षामा छात्रवृत्ति वितरण कार्यक्रम | सङ्घीय समानीकरण | ५००,००० | |
| ९ | २०८१ सालको SEE परीक्षामा सबै वडाको सामुदायिक विद्यायलबाट सर्वोत्कृष्ट अङ्क ल्याउने १ जना विधार्थीहरूलाई समावेशीको आधारमा प्राविधिक तथा अप्राविधिक शिक्षामा छात्रवृत्ति वितरण कार्यक्रम | सङ्घीय समानीकरण | २००,००० | |
| १० | २०८२ सालको SEE परीक्षामा सबै वडाको सामुदायिक विद्यायलबाट उत्कृष्ट अङ्क ल्याउने छात्र र छात्रा गरी ३ जनामध्ये १ जना विपन्न वा जेहान्दार वा दलित विधार्थीहरूलाई समावेशीको आधारमा प्राविधिक तथा अप्राविधिक शिक्षामा छात्रवृत्तिमा होस्टलसहितको कार्यक्रम | सङ्घीय समानीकरण | ८००,००० | |
| ११ | एम बी. बी. एस अध्ययन गर्ने विद्यार्थीलाई आवास खर्च | सङ्घीय समानीकरण | १८०,००० | |
| १२ | गाउँपालिका क्षेत्रभित्र कक्षा ८ को परीक्षामा र SEE मा सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एकजना छात्र/छात्रालाई १/१ थान ल्यापटप प्रदान गरी सम्मान गर्ने कार्यक्रम | सङ्घीय समानीकरण | ३००,००० | |
| १३ | अन्तरपालिका/अन्तर मा.वि.स्तरीय वक्तृत्वकला/हाजिरी जवाफ प्रतियोगिता/ अतिरिक्त क्रियाकलाप कार्यक्रम | सङ्घीय समानीकरण | ४००,००० | |
| १४ | आधारभूत तहको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाई | सङ्घीय समानीकरण | १,०००,००० | |
| १५ | विद्यालयलाई सशर्तमार्फत प्राप्त हुने मसलन्द खर्चमा १०० प्रतिशत थप | सङ्घीय समानीकरण | ६००,००० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | गाउँपालिका स्तरीय कक्षा ४ देखि ९ को बार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | सङ्घीय समानीकरण | १,०००,००० | |
| १७ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई साझेदारी | सङ्घीय समानीकरण | ४९५,००० | |
| १८ | खेल प्रशिक्षक खर्च | सङ्घीय समानीकरण | ६००,००० | |
| १९ | अन्तर गाउँपालिका/नगरपालिका खेलकुद कार्यक्रम | सङ्घीय समानीकरण | ५००,००० | |
| २० | अन्तर मा. वि. छात्रा भलिवल प्रतियोगिता राष्ट्रिय मा. वि. | सङ्घीय समानीकरण | २००,००० | |
| २१ | प्रारम्भिक बाल विकास केन्द्रका शिक्षिका/विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मासिक पारिश्रमिकमा नपुग रकम थप | सङ्घीय समानीकरण | ७,१००,००० | |
| | | | | |
| २२ | विद्यालयलाई कम्प्युटर प्रिन्टर खरिद | सङ्घीय समानीकरण | ८००,००० | |
| २३ | लक्ष्मी मा.वि. मा शौचालय निर्माण आयोजना | सङ्घीय समानीकरण | ५००,००० | |
| २४ | रजा मा वि.मा सिलिङ र प्लाष्टर आयोजना | सङ्घीय समानीकरण | ७००,००० | |
| २५ | राष्ट्रिय मा.वि. खेलमैदान र पाथीभरा मन्दिर सार्वजनिक शौचालय निर्माण आयोजना | सङ्घीय राजश्व | ५००००० | |
| २६ | सिनाम मा.वि मा शौचालय निर्माण | सङ्घीय समानीकरण | ४००००० | |
| २७ | श्री डाडाँ आधारभूत विद्यालय घेरावारा | सङ्घीय समानीकरण | ३००००० | |
| २८ | आम्वेगुदिन मा वि मा HPF को साझेदारीमा निर्मित भवनमा रङ पेन्टिङ | सङ्घीय समानीकरण | ३००००० | |
| २९ | राष्ट्रिय मा.वि. प्याराफिट मर्मत तथा ठेसगारो निर्माण आयोजना | सङ्घीय समानीकरण | ४५०००० | |
| ३० | राष्ट्रिय मा.वि. खेलमैदानमा स्टेज निर्माण आयोजना | सङ्घीय समानीकरण | ४५०००० | |
| ३१ | राष्ट्रिय मावि र स्वास्थ्य इकाई भवनमा खानेपानी व्यवस्थापन | सङ्घीय समानीकरण | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | पञ्चकन्या आविमा घडेरी सम्याउने आयोजना | सङ्घीय समानीकरण | ७००००० | |
| ३३ | शितला आ.वि. मा शौचालय निर्माण आयोजना | सङ्घीय समानीकरण | ३००००० | |
| ३४ | फुलवारी बाल विकास केन्द्रमा शौचालय निर्माण बयोजना | सङ्घीय समानीकरण | ३००००० | |
| ३५ | तेल्लोक मा वि भवन निर्माण आयोजना | | ४,५००,००० | |
| ३६ | श्री महेन्द्र आधारभूत विद्यालय ठोस वाल घेरावारा निर्माण सिरीजङ्घा गापा ७ ताप्लेजुङ | | १,०००,००० | |
| ३७ | सरस्वती मा वि सिरीजङ्घा कुन्जारी ३ घेरावारा र मर्मत निर्माण | | ५००,००० | |
| ३८ | सेसेलुङ आमासमूह भवन घेरावारा धारा चर्पी निर्माण सिरीजङ्घा ३ कुन्जारी ताप्लेजुङ | | १,५००,००० | |
| ३९ | लक्ष्मी माध्यमिक विद्यालयमा स्वयंसेवक विज्ञान शिक्षक अनुदान | | ४६८,००० | |
| ४० | सशर्त अनुदान ( एकमुस्ट) | | १७,२६,३०,००० | |

**समस्या तथा चुनौतीहरू**

सिरीजङ्घा गाउँपालिकामा शिक्षाका प्राथमिकताका क्षेत्रमा लगानीको दिगो स्रोत व्यवस्थापन हुन नसक्नु, शिक्षा क्षेत्रमा गरिने लगानीको ठुलो हिस्सा तलब भत्तामा नै खर्च हुनु, शिक्षामा लगानीको लागि सकारात्मक धारणाको विकासमा कठिनाइ, विनियोजनको कुशलता र कार्यान्वयनको दक्षताको अभाव, शिक्षाको क्षेत्रमा गरिएको लगानीको लागत लाभ विश्लेषण (Cost-benefit analysis) हुन नसक्नु, कार्यक्रमको दोहोरोपन हटाउन कठिनाइ, कार्यक्रमको निरन्तरता र दिगोपना जस्ता समस्याहरू छन् ।

चुनौतीहरूमा राजश्वको दायरा बिस्तार र अपेक्षित राजश्व संकलन गर्न, विद्यालय शिक्षामा लगानी वृद्धि र दिगो स्रोतको व्यवस्थापन गर्न, नीजि क्षेत्रबाट शिक्षामा गरिने लगानीलाई सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक बनाउन, विद्यार्थीको सिकाइ तथा कुशलतामा वृद्धि गर्ने गरी आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्न, वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्न, समानीकरण र विशेष अनुदान अनुमान गरे अनुसार प्राप्त हुने सुनिश्चित गर्न आवश्यक छ ।

## ६.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेको छन्:

१. शिक्षा क्षेत्रमा आवश्यक बजेटको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

## ६.३ रणनीति

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने,
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने,
३. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने,
४. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने
५. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याउने,
६. नेपालको वैदेशिक सहायता नीति अनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गर्ने,
७. मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने,
८. निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गर्ने,
९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गर्ने,
१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाउने,

## ६.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

## ६.५ स्रोतको अनुमान र विश्लेषण

आवश्यकता र सामर्थ्य, नागरिकका अपेक्षा, नीति तथा कार्यक्रम आदिको आधारमा स्रोतको अनुमान तथा विश्लेषण गरिन्छ । नेपालको संविधान, २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५, आवधिक योजना आदिलाई समेत ख्याल गरेर बजेट तथा कार्यक्रमहरूको तयारी गरिएको छ । यसबाहेक अनौपचारिक तथा आजीवन शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, दिवा खाजा जस्ता कुराहरूलाई समावेश गरिएको छ।

गाउँपालिकाको आन्तरिक आय र गाउँपालिकालाई सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान जस्ता स्रोतहरूलाई नीति, कार्यक्रम तथा बजेट बनाउँदा ख्याल गर्नुपर्ने कुरालाई यस योजनाले जोड दिएको छ।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

जनसङ्ख्या दिनानुदिन घट्दो क्रममा छ। आनुपातिक रूपमा विद्यार्थीको अवस्था पनि त्यस्तै छ। जनताको अपेक्षा स्थानीय सरकारसँग धेरै छन्। विशेष गरी शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षा, अभिभावक शिक्षा, प्रारम्भिक कक्षाहरूमा पठन क्षमतामा वृद्धि, शिक्षकको पेसागत क्षमताको विकास जस्ता कुराहरूमा बजेट तथा कार्यक्रमहरू सञ्चालनको लागि माग बढी आउने गर्दछ। हाल शिक्षामा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विभिन्न सङ्घ/संस्थाहरू लगायत, विभिन्न सामुदायिक क्षेत्रहरूले ठुलो लगानी गरेका छन्। स्थानीय तहले पनि शिक्षाको लगानीलाई उच्च प्राथमिकतामा राखेको छ। आगामी १० वर्षको लागि सिरीजङ्घा गाउँपालिकाले शिक्षासम्बन्धी प्रमुख क्षेत्रहरूमा सङ्घीय, प्रदेश सरकारबाट प्राप्त बजेट, समानीकरण अनुदान र आन्तरिक आम्दानीअन्तर्गत रहने गरी बजेट तथा कार्यक्रमहरूको आधारमा प्रस्तावित माथिका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरिएको छ। सङ्घ र प्रदेशबाट प्राप्त बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने गरी गाउँपालिकाबाट नीति, कार्यक्रम तथा बजेट निर्धारण गरिने छ। स्थानीय तहबाट विनियोजन हुने गरी तपसिलमा तय गरिएको बजेट सङ्घ र प्रदेशबाट विनियोजन हुने बजेटबाट पनि खर्च गर्ने गरी कार्यक्रम निर्धारण गरिएकाले कार्यक्रम दोहोरो नपर्ने गरी सो बजेटका लागि सङ्घ र प्रदेशबाट विनियोजन हुने बजेट प्रयोग गरिने छ।

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १,००,००,००० | १,००,००,००० | १,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | ६,००,००,००० | १२,००,००,००० |
| २ | आधारभूत शिक्षा | ६,००,००,००० | ६,००,००,००० | ६,५०,००,००० | ७,००,००,००० | ८,००,००,००० | ३३,५०,००,००० | ६७,००,००,००० |
| ३ | माध्यमिक शिक्षा | १०,००,००,००० | १०,५०,००,००० | १०,५०,००,००० | १२,००,००,००० | १२,००,००,००० | ५५,००,००,००० | १,१०,००,००,००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २,००,००,००० | ३,००,००,००० | ४,००,००,००० | ५,००,००,००० | ६,००,००,००० | २०,००,००,००० | ४०,००,००,००० |
| ५ | | | | | | | | |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र. | अनुदान | आर्थिक वर्ष | पाँच वर्षको | १० वर्षको |
|---|---|---|---|---|

| सं. | प्राप्त हुने उपक्षेत्र / विषय | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १,००,००,००० | १,००,००,००० | १,००,००,००० | १,५०,००,००० | १,५०,००,००० | ६,००,००,००० | १२,००,००,००० |
| २ | आधारभूत शिक्षा | ६,००,००,००० | ६,००,००,००० | ६,५०,००,००० | ७,००,००,००० | ८,००,००,००० | ३३,५०,००,००० | ६७,००,००,००० |
| ३ | माध्यमिक शिक्षा | १०,००,००,००० | १०,५०,००,००० | १०,५०,००,००० | १२,००,००,००० | १२,००,००,००० | ५५,००,००,००० | १,१०,००,००,००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २,००,००,००० | ३,००,००,००० | ४,००,००,००० | ५,००,००,००० | ६,००,००,००० | २०,००,००,००० | ४०,००,००,००० |
| | | | | | | | | |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५०,००,००० | ५०,००,००० | ५०,००,००० | १,२५,००,००० | १,२५,००,००० | ३,००,००,००० | ६,००,००,००० |
| २ | आधारभूत शिक्षा | ३,००,००,००० | ३,००,००,००० | ३,२५,००,००० | ३,५०,००,००० | ४,००,००,००० | १६,५०,००,००० | ३३,५०,००,००० |
| ३ | माध्यमिक शिक्षा | ५,००,००,००० | ५,२५,००,००० | ५,२५,००,००० | ६,००,००,००० | ६,००,००,००० | २६,५०,००,००० | ५५,००,००,००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १,००,००,००० | १,५०,००,००० | २,००,००,००० | २,५०,००,००० | ३,००,००,००० | १०,००,००,००० | २०,००,००,००० |

**घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं | अनुदान | आर्थिक वर्ष | ५ वर्षको | १० वर्षको |
|---|---|---|---|---|

| . | प्राप्त हुने उपक्षेत्र / विषय | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २०,००,००० | २०,००,००० | २५,००,००० | ३०,००,००० | ३०,००,००० | १,२५,००,००० | २,५०,००,००० |
| २ | आधारभूत शिक्षा | १,००,००,००० | १,००,००,००० | १,२५,००,००० | १,५०,००,००० | २,००,००,००० | ६,७५,००,००० | १३,५०,००,००० |
| ३ | माध्यमिक शिक्षा | २,००,००,००० | २,२५,००,००० | २,२५,००,००० | ३,००,००,००० | ३,००,००,००० | १२,५०,००,००० | २५,००,००,००० |
| ४ | प्राविधिक शिक्षा | १,००,००,००० | १,५०,००,००० | २,००,००,००० | २,५०,००,००० | ३,००,००,००० | १०,००,००,००० | २०,००,००,००० |

## ६.७ योजनाको वार्षिक योजना तर्जुमा प्रक्रिया

सिरीजङ्घा गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना ( २०८१-९१) को बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निशुल्क शिक्षा तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षाका न्यूनतम सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । गाउँपालिकाअन्तर्गतको विभिन्न विद्यालयहरू कक्षाकोठा, शौचालय, सर्पोट वाल, लगायत अन्य भौतिक पूर्वधारहरूको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिने नीति अनुरूप बजेट विनियोजन गरिएको छ । माध्यमिक शिक्षालाई निशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यवसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ ।

सिरीजङ्घा गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तपसिल बमोजिम रहेको छ ।

| क्र.स | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | १८९०५७० | १९२८३८१ | १९६६९४९ | २००६२८८ | २०४६४१४ | ७४२८१४५ | ९८३८६ | २२६२८७९ | ४९११३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा | ५६७१७१० | ५७८५१४४ | ५९००८४७ | ६०१८८६४ | ६१३९२४१ | २२२८४४३४ | २९५१५८ | ६७८८६३६ | १४७५७९ |
| ३ | माध्यमिक शिक्षा | २८३५८५५ | २८९२५७२ | २९५०४२४ | ३००९४३२ | ३०६९६२११ | ११११४२२१७ | १४७५७९ | ३३९४३१८ | ७३७९० |
| ४ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५६७१७१ | ५७८५१४ | ५९००८५ | ६०१८८६ | ६१३९२४ | २२२८४४३ | २९५१६ | ६७८८६४ | १४७५८ |
| ५ | शिक्षक व्यवस्थापन तथा विकास | ७५६२२८ | ७७१३५३ | ७८६७८० | ८०२५१५ | ८१८५६६ | २९७१२५८ | ३९३५४ | ९०५१५१ | १९६७७ |
| ६ | अनौपचारिक सिकाइ शिक्षा तथा निरन्तर | ३७८११४ | ३८५६७६ | ३९३३९० | ४०१२५८ | ४०९२८३ | १४८५६२९ | १९६७७ | ४५२५७६ | ९८३९ |
| ७ | शिक्षा समावेशी तथा समता | ३७८११४ | ३८५६७६ | ३९३३९० | ४०१२५८ | ४०९२८३ | १४८५६२९ | १९६७७ | ४५२५७६ | ९८३९ |
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | ५६७१७१ | ५७८५१४ | ५९००८५ | ६०१८८६ | ६१३९२४ | २२२८४४३ | २९५१६ | ६७८८६४ | १४७५८ |
| ९ | छात्रवृति | ३७८११४ | ३८५६७६ | ३९३३९० | ४०१२५८ | ४०९२८३ | १४८५६२९ | १९६७७ | ४५२५७६ | ९८३९ |
| १० | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ३७८११४ | ३८५६७६ | ३९३३९० | ४०१२५८ | ४०९२८३ | १४८५६२९ | १९६७७ | ४५२५७६ | ९८३९ |
| ११ | विद्यालयको भौतिक पुर्वधार विकास | २०७९६२७ | २१२१२२० | २१६३६४४ | २२०६९१७ | २२५१०५५ | ८१७०९५९ | १०८२२५ | २४८९१६६ | ५४११२ |
| १२ | सुचना र प्रविधि | ७५६२२८ | ७७१३५३ | ७८६७८० | ८०२५१५ | ८१८५६६ | २९७१२५८ | ३९३५४ | ९०५१५१ | १९६७७ |
| १३ | विद्यालय सुशासन तथा व्यवस्थापन | १८९०५७० | १९२८३८१ | १९६६९४९ | २००६२८८ | २०४६४१४ | ७४२८१४५ | ९८३८६ | २२६२८७९ | ४९११३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन समन्वय तथा सहजीकरण | ३७८११४ | ३८५६७६ | ३९३३९० | ४०१२५८ | ४०१२८३ | १४८५६२१ | ११६७७ | ४५२५७६ | ९८३१ |
| | कुल | १८९०५७०० | १९२८३८१४ | १९६६९४९० | २००६२८८० | २०४६४१३८ | ७४२८१४४७ | ९८३८६० | २२६२८७८५ | ४९११३० |

## परिच्छेद : ७ अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुन:निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् । विद्यालयमा सञ्चालित योजना / कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि मात्र नभई विद्यालयमा विद्यार्थी सत्यापन, शिक्षण सिकाइ क्रियाकलापको अवलोकन, सामाजिक परीक्षण, लेखा परीक्षण, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन, EMIS प्रविष्ट, दिवसीय कार्यक्रम सञ्चालन, क्षमता विकास कार्यक्रम आदिमा प्रशासनिक र व्यवस्थापकीय प्राविधिक सहायता उपलब्ध गराउन समेत अनुगमन तथा मूल्याङ्कन गरिन्छ ।

### ७.१ वर्तमान अवस्था

यस सिरीजङ्घा गाउँपालिकामा शिक्षा क्षेत्रका सुधारका लागि हालसम्म विद्यालय शिक्षा सुधारका लागि स्पष्ट मापदण्ड र कार्यविधि बनाएर अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षणको काम भएको छैन । शिक्षा शाखामा पर्याप्त जनशक्तिको अभाव, प्रभावकारी शिक्षा संयन्त्रको अभाव, शिक्षामा स्थानीय सरकारको कम प्राथमिकताका कारण पनि विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो पछि परेको देखिन्छ । यसको असरले विद्यालयले भनेजस्तो आफ्नो जिम्मेवारी पूरा नगर्ने, सरोकारवालाहरूबाट विद्यालयप्रति सकरात्मक नजर नलगाएका पनि जिल्लाभरिको शिक्षा अवस्था जस्तै यस पालिकाको पनि शिक्षा खस्केको अवस्था रहेको छ । कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य हो । यसको लागि पालिकाबाट सरोकारवालाहरूमार्फत नियमित रूपमा प्रस्तावनाअनुसार बजेट विनियोजन र कार्य भए नभएको अनुगमन गरी सम्बन्धित निकायमा पेश हुने र कार्य सम्पन्न गरी निकासा दिने व्यवस्था गरिएको छ ।

### समस्या तथा चुनौतीहरू

सिरीजङ्घा गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कनमा विभिन्न समस्याहरू छन् । प्राविधिक सहायता उपलब्ध गराउन कठिनाइ, देखिएका समस्या समाधान गर्न वित्तीय प्रबन्धमा कमी, अनुगमन तथा मूल्याङ्कन औपचारिकता मात्रै जस्तो हुनु र समस्या समाधान गर्ने भन्दा पनि समस्या संकलन गर्ने जस्तो हुनु जस्ता समस्याहरू छन् । सूचकमा आधारित नतिजामूलक र सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन गर्न, देखिएका समस्याहरूको दीर्घकालीन समाधान गर्न, प्राविधिक सहायतासहितको अनुगमन तथा मूल्याङ्कन गर्न, विद्यालयको संस्थागत क्षमता स्वःमूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, र सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु आवश्यक छ ।

### ७.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,

### ७.३ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
६. वर्षको कम्तीमा १ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रूपमा अनुगमन गर्ने,
७. विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गर्ने,
८. गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गर्ने,
९. सिरीजङ्घा गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा फोकल पर्सन, गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरू गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गर्ने,

### ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनुगमन र मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणालीको विकास भएको हुनेछ।
- नतिजामा आधारित मुल्याङ्कन प्रणालीको विकास भएको हुनेछ।
- योजना कार्यन्वयनको चरणमा समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजाहरू**

| क्र.स. | सूचक | २०८१ आधार वर्ष | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८५/८६ | २०९१/९२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| २ | सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गरेको विद्यालयको | ० | २० | ४० | ४० | ४० | ४० | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | | |
| ३ | त्रैमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन तयार गर्ने विद्यालयको सङ्ख्या | ० | २० | ३० | ४० | ४० | ४० | ४० |
| ४ | कार्यक्रम कार्यन्वयन पुस्तिका तयार गर्ने विद्यालय सङ्ख्या | ० | ५ | १० | २० | ३० | ४० | ४० |
| ५ | आफैंले EMIS अद्यावधिक विद्यालयको | ३५ | ४० | ४० | ४० | ४० | ४० | |

### ७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस शिअस बाट विद्यालयको पालैपालो नियमति अनुगमन तथा निरीक्षण | पटक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडा स्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | विद्यालयको वार्षिक कार्यसम्पादन परीक्षण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विज्ञ समूहमार्फत कक्षाकोठा र शिक्षण क्रियाकलापको नियमित अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | २४ | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषणसहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## अनुसूचीहरू

### अनुसूची- १ गाउँ शिक्षा समितिको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| ०१ | श्री लाल कृष्ण चौहान | अध्यक्ष | ९८५२६६०३३१ |
| ०२ | श्री बम प्रसाद गौतम | सदस्य | ९८६३६१५७६७ |
| ०३ | श्री सीता भट्टराई | सदस्य | ९८६२६१३३१६ |
| ०४ | श्री रुपदास भट्टराई | सदस्य | ९८६२३०२८५७ |
| ०५ | श्री रुकमान थेबे | सदस्य | ९८६२६६०६१६ |
| ०६ | श्री डम्बर बहादुर आङ्देम्बे | सदस्य | ९८५२६६०३३२ |
| १० | श्री संजिव सिंह | सदस्य-सचिव | ९७६९७२१९५० |

### अनुसूची- २ सामाजिक विकास समितिको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | बमप्रसाद गौतम | संयोजक | ९८६३६१५७६७ |
| २ | राम कुमार घतानी | सदस्य | ९८६२९६३०१३ |
| ३ | धन बहादुर लिम्बू | सदस्य | |

### अनुसूची-३ गाउँपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | विद्यालय रहेको स्थान | तह (सञ्चालित कक्षा) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री फुन्द्रुवा आधारभूत विद्यालय | सिरिजङ्घा -४ | ८ सम्म | |
| २ | श्री  सिंहदेवी आधारभूत विद्यालय | सिरिजङ्घा -३ | ८सम्म | |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री भगवती आधारभूत विद्यालय | सिरीजङ्घा -५ | ४सम्म | |
| ४ | श्री कञ्चनजङ्घा आधारभूत विद्यालय | सिरिजङ्घा – ३ | ५सम्म | |
| ५ | श्री यांफुदिन आधारभूत विद्यालय | सिरीजङ्गा -८ | ५ सम्म | |
| ६ | श्री भगवती आधारभूत विद्यालय | सिरिजङ्घा -२ | ८ सम्म | |
| ७ | श्री पञ्चकन्या आधारभूत विद्यालय | सिरिजङ्घा – ७ | ५ सम्म | |
| ८ | श्री शक्ति सिमेक्ला आधारभूत विद्यालय | सिरीजङ्घा -५ | ५ सम्म | |
| ९ | श्री बालकल्याण आधारभूत विद्यालय | सिरीजङ्घा- ३ | ८ सम्म | |
| १० | श्री कञ्चनजङ्घा मा.वि. | सिरीजङघा -८ | १० सम्म | |
| ११ | श्री भञ्जरे आधारभूत विद्यालय | सिरीजङ्घा -५ | ५ सम्म | |
| १२ | श्री सुदाप आधारभूत विद्यालय | सिरीजङ्घा-६ | ५ सम्म | |
| १३ | श्री आम्बेगुदिन आधारभूत विद्यालय | सिरीजङ्घा- २ | ५ सम्म | |
| १४ | श्री दुर्गा मा. वि. | सिरीजङ्घा -३ | १० सम्म | |
| १५ | श्री तेल्लोक मा.वि। | सिरीजङ्घा -४ | १२ सम्म | |
| १६ | श्री राष्ट्रिय मा.वि | सिरिजङ्घा-५ | १० सम्म | |
| १७ | श्री कृष्ण आधारभूत विद्यालय | सिरीजङ्घा-८ | ५ सम्म | |
| १८ | श्री भवानी आधारभूत विद्यालय | सिरीजङ्घा-४ | ५ सम्म | |
| १९ | श्री गङ्गा आधारभूत विद्यालय | सिरीजङ्घा-६ | ५ सम्म | |
| २० | श्री आदर्श आधारभूत विद्यालय | सिरीजङ्घा-२ | ५ सम्म | |
| २१ | श्री महेन्द्र आधारभूत विद्यालय | सिरीजङ्घा-७ | ६ सम्म | |
| २२ | श्री आम्बेगुदिन मा.वि. | सिरीजङ्घा-२ | १२ सम्म | |
| २३ | श्री डाँडा आधारभूत विद्यालय | सिरीजङ्घा-१ | ५ सम्म | |
| २४ | श्री सिनाम मा.वि. | सिरीजङ्घा-१ | १२ सम्म | |
| २५ | श्री लक्ष्मी मा.वि. | सिरीजङ्घा-६ | १० सम्म | |
| २६ | श्री याम्फुदिन बालविकास | सिरीजङ्घा-८ | इसिडी | |
| २७ | श्री शीतलादेवी आधारभूत विद्यालय | सिरीजङ्घा-७ | ५ सम्म | |

| | | | | |
|---|---|---|---|---|
| २८ | श्री ज्ञानोदय आधारभूत विद्यालय | सिरीजङ्घा-१ | ५ सम्म | |
| २९ | श्री नेत्रज्योति आधारभूत विद्यालय | सिरीजङ्घा-३ | ३ सम्म | |
| ३० | श्री पाथीभरा आधारभूत विद्यालय | सिरीजङ्घा-३ | ८ सम्म | |
| ३१ | श्री हरन्दी आधारभूत विद्यालय | सिरीजङ्घा-१ | ५ सम्म | |
| ३२ | श्री आँपडाँडा बालविकास | सिरीजङ्घा-५ | इसिडी | |
| ३३ | श्री जलकन्या आधारभूत विद्यालय | सिरीजङ्घा-७ | ३ सम्म | |
| ३४ | श्री भगवती आधारभूत विद्यालय | सिरीजङ्घा-१ | ३ सम्म | |
| ३५ | श्री गहुँबारी आधारभूत विद्यालय | सिरीजङ्घा-८ | ३ सम्म | |
| ३६ | श्री पाथीभरा आदर्श आधारभूत विद्यालय | सिरीजङ्घा-४ | ८ सम्म | |
| ३७ | श्री गणेश मा.वि. | सिरीजङ्घा-७ | १२ सम्म | |
| ३८ | श्री सरस्वती मा.वि. | सिरीजङ्घा-३ | १२ सम्म | |
| ३९ | श्री सरस्वती आधारभूत विद्यालय | सिरीजङ्घा-२ | ५ सम्म | |
| ४० | श्री आम्बेगुदिन आधारभूत विद्यालय | सिरीजङ्घा-२ | ५ सम्म | |
| ४१ | श्री  आधारभूत विद्यालय | सिरीजङ्घा-३ | ५ सम्म | |
| ४० | एम्बास्डर आधारभूत विद्यालय | सिरीजङ्घा-४ | ५ सम्म | |

## अनुसूची ४ – शिक्षा योजना निर्माणका चरणहरूका फोटोहरू









## सन्दर्भ सामग्रीहरू


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, )२०६३(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, )२०७१(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, )२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, )२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, )२०६९(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -१कक्षा )३ पाठ्यक्रम (, )२०७६(, पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानुन किताव खाना काठमाडौँ
- शिक्षासम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानुन कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण २०)८०(, अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानुन किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरू
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना ,(२०७७)DRAFT, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।
- शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।
- शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०६८), त्रिवर्षीय योजना २०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना २०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।

- राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं।
- Department of Education (2019), FLASH I Report 2076 (2019-20), Author: Sanothimi, Bhaktapur.
- नेपाल कानुन आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०, लेखक: सिंहदरबार, काठमाण्डौं।
- राष्ट्रिय योजना आयोग पन्ध्रौ योजना (२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काडमाण्डौं।
- गाउँ पाश्व चित्र, २०७३/०७४ (सिरीजङ्घा गाउँपालिका, तेल्लोक, ताप्लेजुङ)
- आवधिक योजना, २०७६/०७७ देखि २०८०/०८१ सम्म  (सिरीजङ्घा गाउँपालिका, तेल्लोक, ताप्लेजुङ)